राष्ट्रिय कृषि गणना २०५८
गणक निर्देशिका

श्री ५ को सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क विभाग

काठमाण्डौ

२०५८

राष्ट्रिय कृषि गणना २०५८
गणक निर्देशिका

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्याङ्क विभाग
काठमाण्डौ
२०५८

भूमिका

बिक्रम सम्बत् २०१८ देखि आजसम्म नेपालमा दस दस वर्षको अन्तरालमा चारवटा कृषि गणनाहरु सम्पन्न भइसकेका छन् । पाँचौं राष्ट्रिय कृषि गणना २०५८ सालको माघ-फाल्गुण महिनामा सञ्चालन हुदैछ । राष्ट्रिय कृषि गणना २०५८ मा नेपाल अधिराज्य भित्रका सम्पूर्ण कृषक परिवारहरु मध्ये तथ्याङ्कीय विधिवाट छनौटमा परेका कृषक परिवारहरुको कृषि सम्बन्धी विवरण जग्गा चलन गरेको (Operational Concept) आधारमा लिइन्छ । यस गणनामा मूल रुपले दुईवटा लगत फारामहरु भरिने छन् । लगत नं. १ मा छनौटमा परेका गणना क्षेत्रका सम्पूर्ण कृषक परिवारको लगत तयार गरिन्छ भने लगत नं. २ मा त्यस मध्येकै केही छानिएका कृषक परिवारको विस्तृत विवरण भरिन्छ ।

यस निर्देशिकामा गणनामा संलग्न हुने गणकहरुको काम एवं कर्तब्य तथा प्रश्नावलीमा भएका शव्द शव्दावलीहरुको विस्तृत रुपमा व्याख्या गरी विभिन्न लगतहरु भर्ने विधिको समेत उल्लेख गरिएको छ । यसै कारण यस निर्देशिकामा लेखिएका कुराहरुको अध्ययन गरी बुझ्नु अनिवार्य छ । गणनाको समयमा समेत यो निर्देशिका साथैमा राख्नु अनिवार्य छ, जसवाट आफूलाई लागेका अस्पष्टताको तत्कालै निराकरण गर्न सकिन्छ । कृषि गणनामा संलग्न हुने अधिकृत, सुपरिवेक्षक तथा अन्य सबैका लागि समेत यो निर्देशिका आवश्यक छ । राष्ट्रिय कृषि गणना २०५८ को छनौट विधि तथा आकार एवं अन्य प्रशासनिक कुराहरु रा. कृ. ग. २०४८ कै परिमार्जित रुपमा भएको हुनाले यो निर्देशिका तयार गर्दा त्यस बखतको निर्देशिकालाई समेत समाविष्ट गरिएकोले यो निर्देशिका अझ बढी उपयोगी हुने विश्वास गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभाग

विषय सूची

	भूमिका		पृष्ठ ii
		अनुच्छेद	
परिच्छेद १	**परिचयात्मक विवरण**	१.१ -	१.७
	उद्देश्य		१.१
	उपयोगिता		१.२
	प्रकृति एवं क्षेत्र	१.३ -	१.४
	गणनाको एकाइ		१.५
	गणनाको महत्व		१.६
	गोपनीयता		१.७
परिच्छेद २	**गणकलाई सामान्य जानकारी**	२.१ -	२.१२
	नियुक्ति पत्र		२.३
	कार्य विवरण		२.४
	कार्य समय		२.५
	पारिश्रमिक		२.६
	जिम्मेवारी	२.७ -	२.८
	कार्यालय		२.९
	सुपरिवेक्षक		२.१०
	सामग्रीहरु	२.११ -	२.१२
परिच्छेद ३	**तथ्याङ्क सङ्कलन**	३.१ -	३.१९
	तरिका		३.२
	सन्दर्भ समय	३.३ -	३.४
	अन्तर्वार्ता		३.५
	गणकमा हुनुपर्ने गुण		३.६
	अन्तर्वार्ताको तयारी	३.७ -	३.८
	अन्तर्वार्ता सञ्चालन	३.९ -	३.१०
	प्रश्नावलीको पुनरावलोकन	३.११ -	३.१२
	सुपरिवेक्षण र नियन्त्रण	३.१३ -	३.१६
	समस्या समाधान	३.१७ -	३.१९
परिच्छेद ४	**प्रश्नावली तथा अन्य फारामहरु**	४.१ -	४.९०
	लगत नं. १	४.२ -	४.२४
	लगत नं. १ (क)	४.२५ -	४.२९
	लगत नं. ३	४.३० -	४.३१
	लगत नं. २	४.३२ -	४.८५
	अन्य फारामहरु		४.८६
	गणकको दैनिक प्रगति विवरण फारामहरु	४.८७ -	४.९०
परिच्छेद ५	**अवधारणा तथा परिभाषा**	५.१ -	५.८३
	कृषि कार्य		५.२
	कृषि चलन	५.३ -	५.७
	कित्ता		५.८
	मुख्य कृषक		५.९
	परिवार	५.१० -	५.१५

	अनुच्छेद
परिवार मूली	५.१६
जवाफदिने व्यक्ति (उत्तरदाता)	५.१७
मेनेजर	५.१८
उत्पादनको उपयोग	५.१९
उमेर	५.२०
कृषि तथा पशुपालन कार्यमा संलग्न कामदार	५.२१ - ५.२३
चलन गरेको जग्गाको जम्मा क्षेत्रफल	५.२४
क्षेत्रफलको नापको एकाइ	५.२५ - ५.३०
जग्गाको किसिम	५.३१ - ५.३३
माटोको किसिम	५.३४
जग्गाको उपभोग	५.३५ - ५.३८
सिँचाइ	५.३९ - ५.४०
जग्गाको उपयोग	५.४१ - ५.५४
विभिन्न बाली लागेको जग्गा	५.५५ - ५.६६
बनबनेलो	५.६७
मलखाद	५.६८ - ५.६९
कीटनाशक औषधि	५.७०
पाल्तु चौपाया तथा चराचुरुङ्गी	५.७१ - ५.७३
कृषि औजार तथा साधनहरु	५.७४ - ५.७५
गैर-आवासीय भवन	५.७६ - ५.७८
बनबनेलो तथा मत्स्य पालन	५.७९ - ५.८०
कृषि ऋण	५.८१
विविध	५.८२ - ५.८३

अनुसूची १	बिजनको रोपनीमा रुपान्तर दर	पृष्ठ ४२
अनुसूची २	बिजनलाई रोपनीमा रुपान्तर गर्ने तरिका	पृष्ठ ४३
अनुसूची ३	जात/जाती	पृष्ठ ४५

परिच्छेद १
परिचयात्मक विवरण

उद्देश्य

१.१ श्री ५ को सरकारले "राष्ट्रिय कृषि गणना २०५८" कार्यक्रम सञ्चालन गर्दैछ। यसका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) कृषि विकासका लागि जिल्ला तथा राष्ट्रिय स्तरका योजना तर्जुमा एवं नीति निर्माण गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पूर्ति गरी योजनाविद् र नीति निर्माताहरुलाई सघाउ पुऱ्याउने,

(ख) देशव्यापी रुपमा कृषि चलनसँग सम्बन्धित मूलतः निम्न लिखित विवरणहरु प्राप्त गर्ने :

(अ) जग्गाको उपभोग (Land Tenure) र उपयोग (Land Use) तथा विभिन्न बालीहरु लागेको जग्गाको क्षेत्रफल,

(आ) उमेर र जात अनुसार विभिन्न पशुपक्षीहरुको सङ्ख्या, र माछा पालन तथा बनबनेलो सम्बन्धी कृषि कार्य,

(इ) कृषि सामग्री तथा औजारहरु, गैर आवासीय भवन तथा कृषि ऋण,

(ग) कृषि तथ्याङ्कको स्तर बढाउनुको साथै कृषि सम्बन्धी अन्य सर्भेक्षणका लागि आधार समेत तयार गर्ने।

उपयोगिता

१.२ कृषि गणनाका उपयोगिता यस प्रकार छन् :

(क) यो गणना कृषि क्षेत्रको बनौट तथा कृषि कृयाकलाप सम्बन्धी विवरण प्राप्त गर्ने प्रमुख श्रोत हो। यसले सरकारी तथा गैर सरकारी क्षेत्रका लागि उपयोगी कृषि तथ्याङ्क उपलब्ध गराउँछ। कृषि गणनाबाट प्राप्त तथ्याङ्कले कृषकहरुको अवस्था र आवश्यकताको पहिचान गराई श्री ५ को सरकारलाई आर्थिक विकासका लागि योजना तर्जुमा तथा नीति निर्माण गर्न आवश्यक सहयोग पुऱ्याउनेछ। यसका अतिरिक्त विगतका कृषि विकास नीति एवं योजनाहरुको प्रभावकारिताको अनुगमन एवं मूल्याङ्कन गर्न समेत यसले सघाउ पुऱ्याउँनेछ।

(ख) कृषि तथ्याङ्क कृषक, व्यापारी, लेखक, अनुसन्धानकर्ता, शिक्षक तथा निजी स्तरका अनुसन्धान गर्ने निकायहरुका लागि पनि उत्तिकै उपयोगी हुनेछ। व्यापारीहरुले आफ्नो बजार विस्तार गर्न, आपूर्ति तथा बिक्री स्तर निर्धारण गर्न कृषि तथ्याङ्कलाई उपयोग गर्न सक्दछन्। लेखक तथा अनुसन्धानकर्ताहरुले पृष्ठभूमिको रुपमा तथ्याङ्कको प्रयोग गर्न सक्दछन्। शिक्षकहरुले अध्यापन कार्य तथा वस्तुस्थिति विश्लेषणमा कृषि तथ्याङ्कको प्रयोग गरेको पाइएको छ। त्यस्तै अनुसन्धान गर्ने तथा नीति निर्माण गर्ने निकायहरुले कृषि उत्पादन तथा पशुपालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्ताव गर्न कृषि तथ्याङ्कको उपयोग गर्ने गरेका छन्। कृषिमा आधारित उद्योगहरुले आफ्नो कच्चा पदार्थ आपूर्तिको साथ साथै बजार व्यवस्थाको मूल्याङ्कनको निमित्त कृषि तथ्याङ्क उपयोग गर्न सक्दछन्।

प्रकृति एवं क्षेत्र

१.३ नेपालले अहिलेसम्म चार वटा कृषि गणनाहरु सम्पन्न गरिसकेको छ। प्रथम कृषि गणना २०१८ सालमा, दोश्रो २०२८ सालमा, तेश्रो २०३८ सालमा र चौथो गणना २०४८ सालमा सम्पन्न भएको थियो। विश्व खाद्य तथा कृषि सङ्गठन (FAO) को आव्हानमा सन् २००० मा विश्वभर हुने कृषि गणना कार्यक्रमको परिप्रेक्ष्यमा श्री ५ को सरकारले पाँचौं राष्ट्रिय कृषि गणना वि.सं. २०५८ सालमा सञ्चालन गर्न लागेको हो।

१.४ विगतका चार गणनाहरु झैं यो पाँचौं कृषि गणना पनि छनौट विधि (Sampling Method) को आधारमा गर्न लागिएको छ। राष्ट्रिय कृषि गणना-२०५८ बाट निम्न लिखित विवरणहरु सङ्कलन गरिने छन् :

(क) कृषि चलन भएको ठाउँ, ठेगाना
(ख) कृषि चलनको वैधानिक स्थिति
(ग) कृषि चलनबाट भएको उत्पादनको उपयोग
(घ) कृषक परिवारको जनसाङ्ख्यिक विवरण
(ङ) उत्पादनका साधनको लगत
  (अ) कृषि चलनमा प्रयोग भएका कामदार
  (आ) चलन गरेको जग्गाको कित्ता सङ्ख्या
  (इ) कित्ता तथा खेत-पाखो अनुसार जग्गाको क्षेत्रफल
  (ई) कित्ता अनुसार जग्गाको माटोको विवरण
  (उ) जग्गाको उपयोग अनुसार क्षेत्रफल
  (ऊ) बाली अनुसार बालीलागेको जग्गाको क्षेत्रफल
  (ए) बाली अनुसार फलफूलको बोट सङ्ख्या
  (ऐ) पाल्तु चौपाया र चराचुरुङ्गी सङ्ख्या
  (ओ) कृषिमा प्रयोग भएका मेसिन र औजारको प्रकार
  (औ) कृषि चलनमा भएका बनबनेलोका रुख सङ्ख्या
  (अं) कृषिमा प्रयोग भएका भवन
(च) उत्पादनका साधनको उपभोग स्थिति
  (अ) जग्गाको उपभोग
  (आ) मेसिन तथा औजारको स्वामित्व
(छ) अन्य विवरण
  (अ) विभिन्न उपयोग :
    सिँचाइ
    मल
    कीट नाशक औषधि
    उन्नत बीउ
  (आ) बाढी पहिरो आदिले क्षति पुऱ्याएको जग्गा
  (इ) कृषि चलन भित्र भएको माछा पालन तथा बनबनेलो सम्बन्धी कार्य
  (उ) कृषि ऋण
  (ए) खाद्यान्नको पर्याप्तता

गणनाको एकाइ

१.५ राष्ट्रिय कृषि गणना २०५८ मा गणनाको एकाइ "कृषि चलन" लाई मानिएको छ। अर्थात् सम्पूर्ण तथ्याङ्कहरु कृषि चलन अनुसार छुट्टा छुट्टै सङ्कलन गरी एकीकृत गरिने छन्।

गणनाको महत्व

१.६ कृषि गणनाबाट प्राप्त तथ्याङ्कले देशको कृषि बनौट सम्बन्धी यथार्थ अवस्थाको चित्रण गर्न सहयोग पुऱ्याउँनेछ।

गोपनीयता

१.७ गणनाबाट प्राप्त विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहने छन् र केवल समष्टिगत रुपमा मात्र प्रकाशित गरिने छन्। सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ। केहि कृषकहरुले आफ्नो विवरणको आधारमा हदबन्दी घट्ने वा कर लाग्ने आशङ्काले पनि सही तथ्याङ्क दिन हिच्किचाउने गरेको पाइएको छ। यसकारण, तथ्याङ्क सङ्कलन स्वामित्वका आधारमा नगरिने, जसको स्वामित्व भएपनि कृषि चलनलाई महत्व दिइने, सङ्कलित विवरणहरु व्यक्तिगत रुपमा प्रकाशित नगरिने आदि कुराहरुमा उत्तरदातालाई विश्वास दिलाउनु पर्दछ।

परिच्छेद २
गणकलाई सामान्य जानकारी

२.१ कृषि गणना सञ्चालनमा संलग्न विभिन्न गणकहरु मध्ये तपाईं पनि एक हुनु हुन्छ। तपाईंलाई श्री ५ को सरकारको प्रचलित कानूनको अधिनमा रही लगनशीलता र जवाफदेहीताका साथ निर्दिष्ट कर्तव्य निर्वाह गर्ने जिम्मेवारी सुम्पिएको छ।

२.२ दक्षतापूर्वक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले सञ्चालन गरिने तालिममा तपाईंलाई सरिक गराइने छ। सामान्यतया तपाईंको सेवा तालिम शुरु भएको मिति देखि आरम्भ भई गणना कार्य सम्पन्न नहुन्जेलसम्म कायम रहने छ।

नियुक्ति पत्र

२.३ नियुक्तिको प्रमाणका लागि तपाईंलाई नियुक्ति पत्र दिइने छ र तपाईंको परिचयको लागि आवश्यक परेको खण्डमा देखाउन परिचय पत्र समेत उपलब्ध गराइने छ। तपाईंले नियुक्ति पत्र र परिचय पत्र दुवै साथ साथै राख्नु पर्नेछ।

कार्य विवरण

२.४ गणकको रुपमा तपाईंले निम्न लिखित कार्यहरु गर्नु पर्नेछ :

(क) गणक तालिममा सरिक हुने,

(ख) तोकिएको क्षेत्रको भ्रमण गरी तोकिएका सबै परिवारसँग अन्तर्वार्ता लिई आवश्यक लगतहरु भर्ने,

(ग) प्राप्त उत्तरहरु अन्य उत्तरसँग मिल्दो र सही भए नभएको जाँच गर्ने,

(घ) आफू माथिका सुपरभाइजरहरुले अह्राएको अन्य सम्बन्धित कार्यहरु गर्ने, जस्तै : दैनिक कार्यको अभिलेख राख्ने, प्रगति विवरण तयार गर्ने आदि।

कार्य समय

२.५ तपाईंले आफूलाई तोकिएको क्षेत्रको कार्य नसकिउन्जेल साँझ, बिहान, बिदाको दिन समेत काम गर्नु पर्नेछ।

पारिश्रमिक

२.६ तपाईंको पारिश्रमिक र अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ।

जिम्मेवारी

२.७ तपाईंले गणकको नियुक्ति स्वीकार गरेपछि श्री ५ को सरकारको नियमानुसार जिम्मेवारीको वहन भरपर्दो किसिमले गर्नु पर्दछ। तपाईंले आफ्नो कार्यमा इमान्दारीता, लगनशीलता र समर्पणको भावलाई सदैव हृदयङ्गम गर्नु पर्दछ। तपाईंले गणनाका लागि विभागले निश्चित गरेको नियम, अवधारणा एवं परिभाषालाई (यो गणक निर्देशिकामा लेखिएका कुरा) राम्रोसँग बुझेर पालन गर्नु अनिवार्य छ।

२.८ गणकको नाताले निम्नलिखित बुँदाहरुमा ध्यान दिनु तपाईंको कर्तव्य हुनेछ :

(क) आफ्नो अधीनमा रहेका फारामहरुको हिफाजत गर्नुपर्नेछ र अनधिकृत व्यक्तिहरुलाई भरिएका फारामहरु हेर्न दिनु हुँदैन।

(ख) आफ्नो अधिकृत वा सुपरिवेक्षकले चाहेमा बाहेक अन्य कसैलाई आफ्नो जिम्माको गणना कार्य गर्न दिनु हुँदैन।

(ग) तपाईंले सुम्पिएको कृषि गणनाको कार्यमा मात्र आफूलाई सीमित राख्नु पर्छ।

(घ) तपाईंले सबैको सहयोग प्राप्त गर्ने प्रयत्न गर्नुपर्नेछ जसबाट आफ्नो प्रश्नको जवाफ सही रुपमा राजीखुसी साथ पाउन सक्नु हुनेछ। असुविधाजनक समयमा अन्तर्वार्ता लिएर उत्तरदातालाई चिढ्याउने काम गर्नु हुँदैन। यी कुराहरुलाई ध्यान दिएको खण्डमा तपाईंले तोकिएको क्षेत्रमा समय भित्रै गणना कार्य सुचारुरुपले सिध्याउन सक्नु हुनेछ।

(ङ) तपाईंले आफ्नो कार्यमा उच्च शुद्धता र कार्य कुशलता कायम गर्ने प्रयत्न गर्नु पर्दछ। तपाईंबाट पूर्ण र यथार्थ रुपमा लगत भरिने अपेक्षा गरिएको छ।

(च) समयको सदुपयोग गर्न र दोहोरोपन हटाउन गणना क्षेत्रको भ्रमण सम्बन्धी पूर्व योजना बनाउनु पर्नेछ।

(छ) तपाईंले आफूलाई सुम्पिएको काम निर्दिष्ट समयमै सक्नु पर्नेछ।

(ज) भरिएका फारामहरु आफ्नो सुपरिवेक्षकलाई तोकिएको समयमा हस्तान्तरण गर्नु पर्नेछ।

जिल्ला कृषि गणना कार्यालय

२.९ तपाईंको कार्यको सिलसिलामा आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरु जिल्ला कृषि गणना कार्यालयबाट उपलब्ध गराइने छन्। तपाईंको कार्यसँग सम्बन्धित अन्य विषयहरु समेतको हेर विचार यसै कार्यालयले गर्नेछ। यस कार्यालयका प्रमुख कृषि गणना अधिकृत हुनेछन्।

सुपरिवेक्षक

२.१० तपाईंले आफ्नो सुपरिवेक्षकको अन्तरगत रहेर कार्य गर्नु पर्नेछ। तपाईंको कार्य भार (Work Load), मूल्याङ्कन आदि अधिकृत र सुपरिवेक्षकले निर्धारण गरे बमोजिम हुनेछ। गणना कार्यमा आवश्यक पर्ने सामग्रीहरु जस्तैः प्रश्नावली, निर्देशिका, स्थलगत प्रतिवेदन फाराम आदि जिल्ला कृषि गणना कार्यालयबाट सुपरिवेक्षक मार्फत् प्राप्त गर्नु हुनेछ। सुपरिवेक्षकले तपाईंलाई तोकिएको समयमा कार्य प्रगति विवरण माग गर्ने र आवश्यक देखेमा सम्पर्कको लागि बोलाउन समेत सक्नेछन्।

आवश्यक सामग्रीहरु

२.११ तपाईंलाई गणना कार्य सम्पादन गर्न निम्न लिखित सामग्रीहरु उपलब्ध गराइएका छन् :

(क) कृषि चलन लगत (लगत नं. १) र लगत नं. १(क)

(ख) व्यक्तिगत विवरण लगत (लगत नं. २)

(ग) छानिएका कृषि चलनको लगत (लगत नं. ३)

(घ) गणक निर्देशिका

(ङ) गणक प्रतिवेदन फाराम

(च) प्रशासनिक फारामहरु

(छ) अन्य सामग्रीहरु : डट्पेन, कागज, पेन्सिल, क्लिपवोर्ड, फायल, झोला, नक्सा आदि।

२.१२ उपरोक्त सामग्रीहरु राम्रोसँग लगत मिलाएर बुझिलिनु पर्नेछ। गणना कार्य समाप्त हुनासाथ भरिएका फारामहरुका साथै प्रयोग नभएका र खप्ने सामानहरु समेत आफ्नो सुपरिवेक्षक वा जिल्ला कृषि गणना कार्यालयमा बुझाउनु पर्नेछ।

परिच्छेद ३
तथ्याङ्क सङ्कलन

३.१ लगत सङ्कलनलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो चरणमा, छानिएका गणना क्षेत्रहरुबाट सम्पूर्ण कृषक परिवारहरुको लगत सङ्कलन गरिनेछ। दोश्रो चरणमा, कृषक परिवार लगतको आधारमा छानिएका कृषि चलन (कृषक परिवारहरु) बाट व्यक्तिगत प्रश्नावली भराइने छ।

तथ्याङ्क सङ्कलन गर्ने तरिका

३.२ गणकले परिवारको घर दैलोमा पुगेर कृषकसँग अन्तर्वार्ताको माध्यमबाट प्रश्नावली भर्नु पर्दछ।

सन्दर्भ समय

३.३ राष्ट्रिय कृषि गणना २०५८ का लागि कृषि वर्ष (**पौष १७, २०५७ देखि पौष १६, २०५८ सम्मको १२ महिनाको अवधि**) लाई सन्दर्भ समय मानिएकोछ। लगत नं. १ तथा लगत नं. २ अन्तरगत सङ्कलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भएतापनि केही खास कुरामा भने सन्दर्भ समय गणनाको दिनलाई मान्नु पर्नेछ।

३.४ गणना कार्य गर्दा सन्दर्भ समयको अति नै महत्व हुन्छ। सन्दर्भ समय सम्बन्धी गल्तिहरुले तथ्याङ्कको आधारभूत प्रकृतिमै भिन्नता ल्याइदिन्छन्। उदाहरणका लागि रामले चलन गरेको एक कित्तामा तीन बाली लाग्ने गर्छ। रामले उक्त कित्तामा दुई बाली आफैंले खेती गरे र हिउँदमा सो कित्ता लक्ष्मीलाई हिउँदे बाली लगाउन दिए। यस्तो अवस्थामा कृषि गणना हिउँदमा हुने भएको हुँदा उक्त जग्गा लक्ष्मीको चलन अन्तरगत लिनु पर्ने हुन्छ किनकि चलन गरेको जग्गाको लागि सन्दर्भ समय गणनाको दिन हो। यस्तो अवस्थामा पहिले लगाइएको दुई बालीको विवरण पनि लक्ष्मीबाट नै लिनु पर्ने हुन्छ।

अन्तर्वार्ता

३.५ गणकको रुपमा तपाईंको प्रमुख कार्य तपाईंलाई तोकिएको क्षेत्रका कृषक परिवारका घर दैलोमा पुगेर उनीहरुसँग सही अन्तर्वार्ता लिनु हो। तथ्याङ्कको शुद्धता र गणनाको पूर्ण सफलता तपाईंको उत्तरदाताबाट सहयोग प्राप्त गर्न सक्ने क्षमतामा अत्यधिक निर्भर रहन्छ। त्यसैले उत्तरदाताबाट कसरी सहयोग प्राप्त गर्न सकिन्छ भन्ने जान्नु उपयोगी हुनेछ।

गणकमा हुनु पर्ने गुण

३.६ गणकमा निम्न गुणहरु हुनु पर्दछ :

(क) गणकमा नम्रता, आदरभाव, धैर्यता, लगनशीलता र मिलनसारीता जस्ता गुणहरु हुनु पर्दछ। गणक सक्षम र व्यावहारिक हुनु पनि जरुरी छ।

(ख) उत्तरदाताहरुबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्थामा धैर्यपूर्वक उनीहरुलाई गणनाको उद्देश्य र उपयोगिता बुझाउनु पर्दछ। उत्तरदाताले दिएका विवरणहरु गोप्य रहने कुरा बुझाई उनीहरुलाई विश्वस्त पार्नु पर्दछ।

(ग) त्यति गर्दा पनि उत्तरदाताले सहयोग गरेनन् भने अनावश्यक दवाव दिनु हुँदैन र सुपरिवेक्षकलाई तुरुन्त जानकारी दिनु पर्दछ। सुपरिवेक्षकले उत्तरदाताको सहयोग जुटाउन स्वयं वा कृषि गणना अधिकृत वा अन्य कुनै गण्यमान्य व्यक्तिहरु मार्फत् प्रयत्न गर्नु हुनेछ।

अन्तर्वार्ताको तयारी

३.७ यस निर्देशिकाको तथ्याङ्क सङ्कलन सम्बन्धी भाग तपाईंले राम्रोसँग बुझेको हुनु पर्दछ। तलका मार्ग दर्शनहरु तपाईंलाई अन्तर्वार्ता लिन सहयोग पुऱ्याउने उद्देश्यले दिइएका छन्।

(क) गणना गर्ने क्षेत्र र उत्तरदाता सम्बन्धी पूर्व जानकारी राख्ने यथासम्भव प्रयत्न गर्नुहोस्। यसका लागि स्थानीय प्रतिष्ठित व्यक्तिहरुसँग सम्पर्क राखी आवश्यक जानकारी लिनु होस्।

(ख) अन्तर्वार्ताको लागि दैनिक कार्य तालिका बनाउनु होस्।

(ग) कृषक परिवारको घर दैलोमा उनीहरु भेट हुने समय विचार गरेर पुग्ने गर्नुहोस् । यसका लागि तपाईंले अवस्था हेरी बिहान वा बेलुका पनि जानु पर्ने हुनसक्छ ।

३.८ लगत फाराम तथा प्रश्नावली राम्रोसँग बुझ्नु होस् किनभने तिनमा प्रयोग भएका शब्दावलीहरुको पूर्ण ज्ञान नभएको खण्डमा अन्तर्वार्ता सञ्चालन गर्न गाह्रो पर्छ ।

अन्तर्वार्ताको सञ्चालन

३.९ कृषक परिवारको घरमा पुगेपछि नम्रतापूर्वक आफ्नो परिचय दिनुहोस् । तपाईंले आफ्नो परिचयका साथै अन्य जानकारी यस प्रकारले दिन सक्नु हुनेछ : "नमस्कार, म केन्द्रीय तथ्याङ्क विभागको गणक हुँ । मेरो नाम ..... हो ।" (आवश्यक परेमा कर्मचारी परिचय पत्र पनि देखाउनु होस् ।) "हामी कृषि गणना गर्दैछौं भन्ने कुरा तपाईंलाई थाहा नै होला । कृषि गणनामा परिवारले चलन गरेको जग्गा सम्बन्धी विवरणहरु सङ्कलन गरिन्छन् । यस किसिमको तथ्याङ्कले कृषि विकासका योजना तर्जुमा गर्न ठूलो सहयोग पुऱ्याउँछ । यस वडामा तपाईंको परिवार छनौटमा परेकोले तपाईंबाट सहयोगको आशा गर्दछु । म तपाईंसँग केही विवरणहरु लिन चाहन्छु । तपाईंले दिएका विवरणहरु अत्यन्त गोप्य राखिने छन्" आदि ।

३.१० प्रश्नहरु सोद्धा तलका कुराहरु माथि विचार पुऱ्याउनु होस् :

(क) आफू नम्र रहनुहोस् र उत्तरदातासँग सामान्य व्यवहार गर्नुहोस् ।

(ख) उत्तरदाताले दिएको विवरणहरु शङ्कास्पद लागेमा पनि सो को तत्कालै प्रतिवाद नगरी कुशलतापूर्वक प्रश्न पुनः दोहोऱ्याएर सोध्नुहोस् ।

(ग) सही तथ्याङ्क सङ्कलनका लागि तपाईंले कहिले काहीँ असम्बन्धित विषयमा पनि छलफल गर्नु पर्ने हुन सक्दछ । तर तपाईं गणना कार्यको सिलसिलामा तथ्याङ्क सङ्कलन गर्न खटिनु भएको कुरालाई सधैँ हेक्का राख्नुहोस् ।

(घ) प्रश्नहरु सोध्दा प्रश्नावलीमा जुन क्रममा लेखिएको छ त्यस्तै क्रममा सोध्नु होस् ।

(ङ.) प्रश्नावली जुन शब्दमा लेखिएका छन् तिनै शब्दमा सोध्नु होस् । यदि उत्तरदाताले प्रश्न नबुझेमा थप प्रश्नहरु सोधर वा भाव स्पष्ट हुने गरी प्रश्न बुझाउनु होस् ।

(च) उत्तरदातासँग निर्देशात्मक प्रश्नहरु (Leading Questions) नसोध्नुहोस् । उदाहरणको लागि घरमा तपाईंको परिवार मात्र बस्छन् होइन र ? भनेर सोध्दा यदि उनीहरुका अतिरिक्त अन्य परिवारपनि वसिरहेका रहेछन् भने पनि "हो" भन्ने संभावना हुन्छ ।

(छ) कुनैपनि प्रश्नको उत्तर आफूलाई थाहा छ भन्ने पूर्वाग्रह राखेर प्रश्नावली भर्नु हुँदैन । सबै प्रश्नको उत्तर दिने मौका उत्तरदातालाई नै दिनु पर्दछ ।

(ज) सबै प्रश्नहरु सामान्य किसिम (तटस्थ भाव) ले सोध्नु होस् । उत्तरदाताले दिएको उत्तरमा आश्चर्य, स्वीकृति वा अस्वीकृतिका भाव, शब्द वा अनुहार कुनै पनि माध्यमबाट प्रकट नगर्नुहोस् ।

(झ) उत्तरदाताले दिएको उत्तरलाई ध्यान पूर्वक सुन्नुहोस् । किनभने उत्तरदाताले एकै पटकमा धेरै प्रश्नहरुको उत्तर पनि दिएका हुन सक्दछन् ।

(ञ) कुनै प्रश्नको विशेष कारणवश उत्तरदाता संक्षिप्त उत्तर दिन असमर्थ हुन सक्दछन् । यस्तो अवस्थामा उत्तर पाउन कुरा खोतल्नु आवश्यक हुन्छ । यसरी उत्तरलाई खोतल्दा (अन्वेषण गर्दा) उत्तरदाताले उत्तरको पुष्टि गर्ने र दिएका उत्तर पछाडि रहेका मर्मलाई प्रष्ट पार्ने मौका पनि पाउँछन् । अन्वेषण गर्न सहायक हुने केही उदाहरण :

प्रश्न दोहोऱ्याएर पढ्नु वा निम्न प्रकारका थप प्रश्न गर्नु,

यस बाहेक अन्य केही छुटेको छ कि ?

यसका अन्य कारण छन् कि ?

यस विषयमा अझ प्रष्ट पारिदिनु हुन्छ कि ?

अरु पनि केही छ कि ?

(ट) यदि उत्तरदाताले उत्तर दिन हिचकिचाए भने कृषि तथ्याङ्कको महत्वलाई प्रष्ट पार्नु होस् । उनीहरुलाई सङ्कलित तथ्याङ्क गोप्य रहने र समष्टिगत प्रयोजनका लागि मात्र उपयोग हुने कुरा स्मरण गराउनु होस् ।

(ठ) प्रश्नावलीमा सम्पूर्ण उत्तरहरु अन्तर्वार्ताकै क्रममा भर्नुहोस् । कुनै प्रश्न पछि भर्नका लागि छाड्नु भयो भने तपाईंले विर्सन पनि सक्नु हुनेछ ।

(ङ) अन्तर्वार्ता समाप्त गर्नु अगाडि सबै प्रश्नहरुको जवाफ ठिक भए नभएको जाँच गर्नुहोस् । अक्सर, अन्तर्वार्ता सिध्याएर छिटो हिड्ने हतारमा तपाईंले प्रश्न छुटाएर वा अधुरो उत्तर लिएर गल्ती गर्न सक्नु हुनेछ । यस्ता गल्तीलाई हटाउन तपाईंले उत्तर लिँदा उचित समय दिनु पर्दछ र भरिएका प्रश्नावली अन्तर्वार्ता सक्नु अगाडि एक पल्ट दोहोऱ्याउनु पनि अति जरुरी हुन्छ ।

भरिएका प्रश्नावलीको पुनरावलोकन

३.११ आफ्नो दैनिक काम सिध्याए पछि प्रत्येक दिन तपाइले पुनः एक पल्ट भरिएका सबै प्रश्नावलीहरु जाँच गर्नु पर्दछ । यसो गर्दा मुख्यतया निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछ :

कुनै उत्तर ठिक ठाउँमा भरिएको छैन कि ?

कुनै प्रश्न सोध्न छुटेको छ कि ?

सरसरती हेर्दा टड्कारो गल्ती देखिन्छ कि ?

३.१२ यसरी जाँच गर्दा गल्ती देखिएमा तुरुन्त सुधार गर्नु पर्दछ । आवश्यक देखिएमा कृषक परिवारको घरमा पुनः जानु पर्दछ ।

सुपरिवेक्षण र नियन्त्रण

३.१३ तपाईंले भरेका प्रश्नावलीहरु जाँच गर्दा गल्ती भेटिएमा सो सच्याएर यथाशीघ्र आफूसँग भएका प्रश्नावलीहरु आफ्नो सुपरिवेक्षकलाई बुझाउनु पर्दछ ।

३.१४ निर्देशन अनुसार तपाईंले काम गरेको नगरेको मूल्याङ्कन गर्नका लागि सुपरिवेक्षकले भरिएको प्रश्नावलीहरु जाँच गर्ने छन् ।

३.१५ सुपरिवेक्षकले तपाईंले प्रश्नावली भर्नु भएको केही कृषक परिवारलाई घर दैलोमा गई भेट्ने छन् । यस्तो भेटघाटमा उनले अन्तर्वार्ता ठिकसँग लिए नलिएको जाँच गर्ने छन् । यसका लागि प्रश्नावलीमा भरिएको उत्तरसँग आफूले प्राप्त गरेको उत्तर भिडाउने छन् र केही थप जानकारी पनि उपलब्ध गर्न सक्ने छन् । सुपरिवेक्षकले देखाएका गल्तीहरुलाई तपाईंले सच्याउनु पर्नेछ । यसका अतिरिक्त तपाईंले तोकिएको गणना क्षेत्रको भ्रमण गरेर काम पूरा गर्नु भएको छ कि छैन भन्ने कुराको जाँच पनि सुपरिवेक्षकले गर्नेछन् । स्थानीय निकायका पदाधिकारी, कार्यकर्ता वा जानकार व्यक्तिसँग सम्पर्क राखी कृषक परिवारको गणना भए नभएको कुराको यकिन पनि उनले गर्नेछन् ।

३.१६ स्तरीय तथ्याङ्क सङ्कलनका लागि सुपरिवेक्षकबाट गरिने यस किसिमको जाँच कार्य गणनाको एउटा सशक्त पक्ष हो ।

समस्या समाधान

३.१७ विगतका अनुभवबाट के देखिएको छ भने उत्तरदातासँग आदर सम्मानको व्यवहार गरेमा उनले विवरण दिन अस्वीकार गर्ने छैनन् । तपाईंले कुनै असहयोगी उत्तरदाता भेट्नु भयो भने उनलाई कृषि गणनाको उद्देश्य र उपयोगिता बारे विस्तृत रुपमा बुझाउनु होस् र सङ्कलित तथ्याङ्क गोप्य रहनेछन् भनी विश्वस्त पार्नु होस् । यदि सबै कुरा बुझाई सकेपछि पनि उत्तरदाताले उत्तर दिन मानेनन् भने पनि कहिल्यै आवेशमा नआउनुहोस् । यस्तो अवस्थामा आफ्नो सुपरिवेक्षकलाई तुरुन्त जानकारी दिनुहोस् । उनले कृषि गणना अधिकृत वा अन्य कुनै गण्यमान्य जानकार व्यक्तिको सहयोगबाट उत्तरदातालाई उत्प्रेरित गर्ने छन् ।

३.१८ गणना कार्यको सिलसिलामा अनावश्यक बहस गर्ने प्रवृत्तिका व्यक्तिहरु पनि यदाकदा भेटिन सक्दछन् । उनीहरुले गणनाको केही पक्ष बारे प्रश्न उठाउन सक्नेछन् । उनीहरुलाई आफ्नो कुराहरु भन्ने उचित मौका दिनुहोस् । उनीहरुले आफ्ना मनमा लागेका कुरा भन्न पाएपछि ज्यादै सहयोगी भएका उदाहरणहरु पनि विगतमा पाइएका छन् ।

३.१९ माथिका समस्याहरु बाहेक अन्य कुनै समस्याहरु देखिएमा र सो समस्या तपाईंबाट समाधान नहुने भएमा यसको जानकारी तुरुन्त सुपरिवेक्षकलाई दिनु पर्दछ ।

परिच्छेद ४
प्रश्नावली तथा अन्य फारामहरु

४.१ यस परिच्छेदमा विभिन्न फारामहरु भर्ने तरिकाबारे विस्तृत रुपमा व्याख्या गरिएको छ। पहिले लगत नं. १ (कृषि चलन लगत), १ (क) र ३ भर्ने निर्देशन दिइएको छ र त्यसपछि लगत नं. २ (व्यक्तिगत लगत वा प्रश्नावली) को भाग अनुसार संक्षिप्त चर्चा गरिएको छ। अन्त्यमा नियन्त्रण र मूल्याङ्कन फाराम भर्ने तरिकाको व्याख्या गरिएको छ। प्रश्नावलीमा रहेका महत्वपूर्ण शब्दहरुको व्याख्या "अवधारणा तथा परिभाषा" परिच्छेद ५ मा गरिएकोले यस परिच्छेदमा विस्तृत व्याख्या गरिएको छैन।

लगत नं. १ (कृषि चलन लगत)

४.२ तोकिएका गणना क्षेत्रका सबै कृषि चलनहरुको विवरण प्राप्त गर्नका लागि लगत नं. १ प्रयोग गरिने छ। यो गणना छनौट विधिबाट (Sampling Method) गरिने हुँदा लगत नं. १ कै आधारमा कृषि चलनको छनौट गरिन्छ र यसरी छानिएका कृषि चलनको मात्र लगत नं. २ भरिन्छ।

सामान्य निर्देशन

४.३ लगत नं. १ सङ्कलनको लागि तोकिएका गणना क्षेत्रहरुमा तपाईंले कृषि चलनहरुको लगत (विवरण) लिनु पर्नेछ। लगत तयार पार्दा तपाईंले निम्न लिखित कुराहरुमा ध्यान पुऱ्याउनु आवश्यक छ।

(क) लगत सङ्कलन कार्य आरम्भ गर्न गणना क्षेत्रको कुनै उपयुक्त स्थानको चयन गर्नुहोस्, जस्तैः पूर्वी उत्तर सिमाना।

(ख) गणना क्षेत्रमा भएका सबै कृषक परिवार नछुट्ने र नदोहोरिने गरी विवरण लिनु होस्।

(ग) कृषि गणनामा प्रयोग भएका अवधारणा तथा परिभाषा सम्बन्धी पारिभाषिक शब्दको व्याख्या "अवधारणा तथा परिभाषा" (Concepts & Definitions) परिच्छेद ५ मा गरिएको छ। तपाईंलाई कुनै शब्दको अर्थ प्रष्ट नभएमा सोही परिच्छेद हेर्नुहोस्।

(घ) लगत भर्दा सदैव कालो मसी भएको डटपेनको प्रयोग गरेर ठिक ठाउँमा स्पष्टसँग भर्नुहोस्।

(ङ) यदि लेख्दा तपाईंबाट गल्ती भयो भने गल्ती लेखिएको भागलाई सोझो रेखा तानेर काट्नु होस् र सहि कुरा पुनः लेख्नुहोस्। गल्ती लेखिएको माथि दोहोरो थपेर कहिले पनि नसच्याउनुहोस्।

(च) गणना क्षेत्रको लगत पूरा हुनासाथ सुपरिवेक्षकलाई बुझाउनुहोस्। उनले यसको जाँच गर्नेछन्। तपाईंको दैनिक प्रगति विवरण र अन्य फारामहरु पनि सुपरिवेक्षकलाई बुझाउनुहोस्।

लगतको परिचय

४.४ सर्वप्रथम तपाईंले प्रयोग गर्नु भएको लगतको प्रत्येक पाना कुन स्थानको लगतको कुन पाना हो प्रष्टसँग छुट्टिने हुनु पर्दछ। यस्तो परिचय दिने विवरणहरु फारामको माथिल्लो भागमा सोधिएको छ।

लगतको क्रमसङ्ख्या

४.५ यो क्रमसङ्ख्या लगतको माथिल्लो भागको दाहिने कुनामा "जम्मा पाना सङ्ख्या ..... को पाना नं. ...." भनी लेखिएको छ। यसले हरेक गणना क्षेत्रको लगत फाराम सिलसिलेवार रुपमा राख्न सहयोग पुऱ्याउँछ। उदाहरणः यदि कुनै गणना क्षेत्रमा १० पाना लगत फाराम भरिएका छन् भने पहिलोमा जम्मा पाना सङ्ख्या १० को पाना नं. १, दोश्रोमा जम्मा पाना सङ्ख्या १० को पाना नं. २ गर्दै अन्त्यमा "जम्मा पाना सङ्ख्या १० को पाना नं. १०" लेखिने छ।

परिचयात्मक विवरण

४.६ सबैभन्दा पहिले आफूले भर्न लागेको लगतमा जिल्लाको नाम लेख्नु पर्दछ। उक्त गणना क्षेत्र, गाउँ विकास समिति (गा.वि.स.) वा नगरपालिका के हो सोही अनुसार गाविस भए नगरपालिका काट्ने र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका भए गाविस काटी गणना क्षेत्रको नाम लेख्नु पर्दछ।

वडा नं. लेखिएको ठाउँमा सम्बन्धित वडा नम्बर लेख्नु पर्दछ। वडा नम्बर लेख्दा दुई अङ्कमा लेख्नु पर्दछ, जस्तै : वडा नं. २ लाई ०२ लेख्नु पर्दछ।

४.७ **गणना क्षेत्र नियन्त्रण सङ्ख्या** : यो अधिराज्य भरिका छानिएका गणना क्षेत्रहरुको क्रम सङ्ख्या हो। अधिराज्य भरिका प्रत्येक जिल्लामा कुनै निश्चित वडा वा वडा समूह छानिएका हुन्छन् र तीनै वडाहरुलाई गणना क्षेत्र भनिन्छ। तपाईंले लगत सङ्कलन गर्न लाग्नु भएको गणना क्षेत्रको क्रमसङ्ख्या नै गणना क्षेत्र नियन्त्रण सङ्ख्या हो। यो सङ्ख्या तपाईंलाई सुपरिवेक्षकले दिनेछन्।

४.८ **छानिने कृषि चलन (कृषक परिवार)को जम्मा सङ्ख्या (न)** : सम्बन्धित गणना क्षेत्रमा भएका कुल कृषि चलन मध्येबाट कति कृषि चलन छान्ने भन्ने कुरा निश्चित गर्ने काम कृषि गणना अधिकृत वा सुपरिवेक्षकले गर्नेछन् र सोही सङ्ख्या यहाँ लेख्नु पर्नेछ।

४.९ **छनौट अन्तर सङ्ख्या (इ)** : छनौट अन्तर सङ्ख्या भन्नाले कृषि चलनको छनौट गर्दा कति कतिको अन्तरमा छनौट गर्ने भन्ने जनाउँछ। यो सङ्ख्या गणना क्षेत्रमा रहेका जम्मा कृषि चलन सङ्ख्यालाई सो गणना क्षेत्रमा छनौट गरिने सङ्ख्याले भाग गरेर प्राप्त गर्न सकिन्छ।

छनौट अन्तर (इ) = जम्मा कृषि चलन सङ्ख्या ÷ छानिने चलनको जम्मा सङ्ख्या (न)

४.१० **शुरु छनौट अङ्क (अ)** : शुरु छनौट अङ्क भनेको छनौट अन्तर सँग बराबर वा सो भन्दा सानो तर शून्य भन्दा ठूलो कुनै दैवी सङ्ख्या हो। यो अङ्क दिइएको दैवी सङ्ख्या तालिकाबाट लिइन्छ। पहिलो कृषक परिवारको छनौट गर्ने प्रकृया दिइएको दैवी सङ्ख्या तालिका बाट गरिन्छ। शुरु छनौट अङ्कमा छनौट अन्तर सङ्ख्या जोड्दै जाँदा क्रमशः कृषक परिवारको छनौट हुँदै जान्छ।

कृषि चलनको लगत वर्गीकरण तथा छनौट अभिलेख

४.११ **घर क्रमसङ्ख्या (महल-१)** : यस महलमा घरको क्रमसङ्ख्या सिलसिलेवार रुपमा लेख्नु पर्दछ। गणना क्षेत्रमा पहिलो घरको क्रमसङ्ख्या १, दोश्रो २, हुँदै गणना क्षेत्रको अन्तिम घरको लगत लिँदा घरको क्रमसङ्ख्या अन्तिम हुनेछ। गणना क्षेत्र भित्रको प्रत्येक घरको बेग्लाबेग्लै क्रमसङ्ख्या हुनेछ। गणना क्षेत्रको कुनै घर नछुटोस् भन्नका लागि लगत लिने कार्यको प्रारम्भ गणना क्षेत्रको कुनै एउटा कुनाबाट (पूर्वी उत्तर सिमाना) गरेर सबै घरको लगत नलिए सम्म गणना क्षेत्रको कार्य समाप्त गर्नु हुँदैन। यसरी लगत सङ्कलन गर्दा गणना क्षेत्र भित्र नपर्ने घर समावेश गर्नु हुँदैन। गणनाको प्रयोजनको लागि सम्बन्धित घर सम्बन्धित गणना क्षेत्र भित्र पर्छ वा पर्दैन छुटयाउन घर रहेको ठाउँलाई नै आधार मान्नु पर्दछ र कुनै द्विविधा पर्न गएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका वडा सदस्यहरुसँग सम्पर्क गर्नु पर्दछ।

४.१२ **कृषि चलन (कृषक परिवार) को क्रमसङ्ख्या (महल-२)** : कृषि चलनको परिभाषा परिच्छेद ५ को अनुच्छेद ५.३ मा दिइएको छ। यो महल भर्न शुरु गर्नु अघि लगत भर्न लागेको परिवार कृषि चलन हो वा होइन स्पष्ट गर्नु पर्छ। अर्थात् परिवारले ८ धुर वा ४ आना बाली लागेको जग्गा चलन गरेको छ छैन वा दुई वटा ठूला चौपाया वा ५ वटा साना पाल्तु चौपाया वा २० वटा चराचुरुङ्गी पालेको छ छैन पत्ता लगाउनु पर्छ, यदि छैन भने सो परिवार कृषि चलन हुँदैन र त्यसको लगत भर्नु पर्दैन। साधारणतया एउटा घरमा एउटै परिवार भेटिन्छन् तर कुनै कुनै घरमा एक भन्दा बढी परिवार पनि बसेका हुन सक्छन्। त्यसैले घरमा अन्य कृषक परिवार भए नभएको पनि सोध्नु पर्छ। कृषि चलन क्रम सङ्ख्या महल-२ मा लेख्नु पर्छ। यो क्रमसङ्ख्या पनि सिलसिलेवार नम्बरमा अन्तिम कृषि चलनको लगत लिँदा सम्म जान्छ। महल-१ को अन्तिम क्रमसङ्ख्याले उक्त गणना क्षेत्रमा रहेका कृषि चलन भएको जम्मा घर सङ्ख्यालाई जनाउँछ भने महल-२ को अन्तिम क्रमसङ्ख्याले कृषि चलनको जम्मा सङ्ख्यालाई जनाउँछ। घर सङ्ख्या भन्दा कृषि चलन सङ्ख्या धेरै हुन पनि सक्छ। यदि कुनै घरमा दुई वटा कृषि चलन भएमा तिनीहरुको लगत लिँदा घर सङ्ख्या दुवैको एउटै लेख्नु पर्दछ तर कृषि चलन क्रम सङ्ख्या भने अघिल्लो परिवारको क्रम अनुसारले क्रमशः लेख्दै जानु पर्दछ।

४.१३ **मुख्य कृषकको नाम, थर (महल-३)** : यस महलमा महल-२ मा दिइने सिलसिलेवार सङ्ख्या अनुसार मुख्य कृषकको नाम थर लेख्नु पर्दछ। मुख्य कृषक र परिवार मूली एकै व्यक्ति हुन पनि सक्छ वा नहुन पनि सक्छ। मुख्य कृषकको परिभाषा परिच्छेद ५ मा दिइएको छ। एउटा गणना क्षेत्रमा एकै नाम गरेका एक भन्दा बढी मुख्य कृषकहरु भएमा तिनीहरुको पहिचानको लागि कैफियत (महल-१२) मा खुलाउनु पर्दछ।

४.१४ **जग्गाको क्षेत्रफलको एकाइ (महल-४)** : यस महलमा चलन गरेको जग्गाको क्षेत्रफलको एकाइको कोड नम्बर लेख्नु पर्दछ, जस्तै : बिघा भए कोड नं. १ र रोपनी भए कोड नं. २ लेख्नु पर्दछ।

४.१५ **चलन गरेको जम्मा जग्गाको क्षेत्रफल (महल-५)** : यस महलमा कृषकले चलन गरेको जम्मा जग्गाको क्षेत्रफल राम्ररी सोधी लेख्नु पर्छ। यसमा भरिने जग्गाको कुल क्षेत्रफल भन्नाले कृषक परिवारले चलन गरेको गणनाको दिनमा कायम हुन आएको जग्गाको जम्मा क्षेत्रफललाई जनाउँछ। यसमा कृषक परिवारको चलन अन्तरगत पर्ने सबै जग्गाको क्षेत्रफल जोडेर लेख्नु पर्छ। यसको लागि चलन अन्तरगत पर्ने विभिन्न किसिमका जग्गाहरुको विवरण तल दिइएको छ।

४.१६ जग्गामा जो सुकैको स्वामित्व भएतापनि मुख्य कृषकको चलन अन्तरगतका सबै कित्ताहरुको जम्मा क्षेत्रफल लिनु पर्दछ। चलन गरेको कुल क्षेत्रफल अन्तरगत निम्न लिखित जग्गाहरुको क्षेत्रफल पर्दछन्।

(क) अस्थायी र स्थायी बाली लागेको जग्गाको सबै कित्ताहरुको क्षेत्रफल

(ख) अस्थायी रुपमा बाँझो रहेको जग्गाको सबै कित्ताहरुको क्षेत्रफल

(ग) अस्थायी तथा स्थायी खर्क तथा चौरको रुपमा रहेको जग्गाको क्षेत्रफल

(घ) निजी बन बनेलोले ढाकेको जग्गाको क्षेत्रफल

(ङ) ओतमा रहेको जग्गाको क्षेत्रफल

(च) माथिका कुनै शीर्षक अन्तरगत नपरेको साधारण भन्दा बढी परिश्रम आवश्यक पर्ने खालका खेती नभएका जग्गाको क्षेत्रफल। गाई बस्तुको गोठ, सोत्तर आदि कार्यमा प्रयोग गर्न सकिने वा तरकारीको रुपमा प्रयोग गर्न सकिने वस्तु उत्पादन हुने जग्गा (जस्तै नरकट, निगालो, बेत, काफल, ऐसेलुको बोट आदि भएको जग्गा) को क्षेत्रफल

(छ) घरले चर्चेको जग्गा, आँगन, पार्क, सडक अथवा गल्ली, कृषि सामान तथा औजार भण्डार गर्न प्रयोग गरिएको खुल्ला ठाउँ, खेर गएको जग्गा, पानीले ढाकेको जग्गा तथा माथि अन्यत्र नपरेका जग्गाको क्षेत्रफल

(ज) कृषि चलन भित्रको पूर्ण रुपमा आवासीय उद्देश्यले प्रयोग नभएको तर कृषिमा प्रयोग भएको घरले चर्चेको जग्गाको क्षेत्रफल

४.१७ मुख्य कृषक वा परिवारका सदस्यको स्वामित्वमा रहेको तर अरुलाई कमाउन दिएको जग्गा जम्मा क्षेत्रफल भित्र पार्नु हुँदैन। यसै गरी सार्वजनिक चलनको जग्गा पनि कृषि चलनको जम्मा जग्गाको क्षेत्रफलमा जोड्नु हुँदैन।

४.१८ यदि मुख्य कृषकलाई कृषि चलनको जम्मा क्षेत्रफल भन्न कठिनाइ पऱ्यो भने सबै जग्गामा लागेको बिजन वा जम्मा रुख सङ्ख्या सोधेर भएपनि क्षेत्रफल निकाल्नु पर्दछ। यदि कुनै कृषि चलनमा एक भन्दा बढी कित्ताहरु भएमा सबै कित्ताहरुको जोड गरेर जम्मा क्षेत्रफल निकाल्नु पर्छ। एउटै आर्थिक एकाइ अन्तरगतको आफ्नो र आफ्ना परिवारले खेती गरेको सबै जग्गाहरुलाई जम्मा क्षेत्रफल भित्र जोड्नु पर्ने भएकोले मुख्य कृषकलाई यो कुरा राम्रोसँग बुझाउनु पर्दछ। उदाहरण : मानौं लक्ष्मीका ६ कित्ता जग्गा छन्। यी ६ कित्ता मध्ये १ कित्ता जग्गा अरुलाई कमाउन दिइएको रहेछ र २ कित्ता अरुबाट लिएको रहेछ। कित्ताको क्षेत्रफल र स्वामित्व यस अनुसार रहेछ।

कित्ता नं.	क्षेत्रफलको एकाई	जग्गाको क्षेत्रफल	विवरण
कित्ता नं. १	रोपनी	०-६-२	आफ्नो जग्गा आफैले कमाएको
कित्ता नं. २	रोपनी	२-८-०	आफ्नो जग्गा आफैले कमाएको
कित्ता नं. ३	रोपनी	०-९-०	आफ्नो जग्गा अरुलाई कमाउन दिएको
कित्ता नं. ४	रोपनी	७-०-०	आफ्नो जग्गा आफैले कमाएको
कित्ता नं. ५	रोपनी	१-९-०	अरुबाट जिन्सी तिर्ने गरी लिएको
कित्ता नं. ६	रोपनी	५-१०-०	अरुबाट जिन्सी तिर्ने गरी लिएको
	जम्मा	१७-१०-२	

४.१९ माथि उल्लेखित १७ रोपनी १० आना २ पैसा जग्गामा तेश्रो कित्ता अरुलाई कमाउन दिएकोले लक्ष्मीले चलन गरेको जग्गाको जम्मा क्षेत्रफलमा यो जग्गालाई पार्नु हुँदैन। कित्ता नं. ५ र ६ को जग्गाको कानूनी स्वामित्व अरुको भए तापनि लक्ष्मीले कमाएकोले यो जग्गाको क्षेत्रफल भने जम्मा जग्गाको क्षेत्रफल भित्र पर्दछ। यसैले लगत नं. १ को महल-५ मा लेख्नुपर्ने जग्गाको क्षेत्रफल १७-१-२ हुन आउँछ (अर्थात् १७-१०-२

बाट तेस्रो कित्ता ०-९-० को क्षेत्रफल कटाउँदा प्राप्त हुने जम्मा जग्गा १७-१-२ हुन आउँछ) । यसरी महल-५ मा क्षेत्रफल उल्लेख गरेपछि क्षेत्रफलको एकाइ रोपनीमा भएकोले महल-४ मा कोड नं. २ लेख्नु पर्दछ ।

४.२० **पाल्तु चौपाया तथा चराचुरुङ्गी सङ्ख्या (महल-६ र ७)** : यसमा गणनाको दिन कृषि चलनले मुख्यतया कृषि प्रयोजनका लागि पालेका पाल्तु चौपायाहरुको र चराचुरुङ्गीको सङ्ख्या उल्लेख गर्नु पर्छ । यस्ता पाल्तु चौपाया र चराचुरुङ्गी आफ्ना स्वामित्व वा अरुको स्वामित्वको हाल आफूले पालेको पनि हुन सक्छ । अस्थाइ रुपले बाहिर रहेका वा बाटोमा रहेका पाल्तु चौपाया र पाल्तु चराचुरुङ्गी पनि यसमा समावेश गरिन्छन् । यस्ता पाल्तु चौपायामा गाई/भैंसी, भेडा/बाखा, सुँगुर इत्यादि पर्दछन् र पाल्तु चराचुरुङ्गीमा कुखुरा, हाँस, परेवा इत्यादि पर्दछन् । पाल्तु चौपायाको सङ्ख्या महल-६ मा र पाल्तु चराचुरुङ्गीको सङ्ख्या महल-७ मा उल्लेख गर्नु पर्दछ ।

४.२१ **कृषक परिवारको लगत वर्गीकरण (महल-८, ९, १० र ११)** : महल-५ को जम्मा क्षेत्रफल र महल-६, ७ को पाल्तु चौपाया र चराचुरुङ्गीको आधारमा कृषि चलन (महल-२) लाई चार समूहमा वर्गीकरण गरिएको छ ।

(क) ५ बिघा र १० रोपनी भन्दा कम जग्गा चलन गर्ने कृषि चलन

(ख) ५ बिघा र १० रोपनी वा सो भन्दा बढी र १० बिघा र २० रोपनी भन्दा कम जग्गा चलन गर्ने कृषि चलन

(ग) १० बिघा र २० रोपनी वा सो भन्दा बढी जग्गा चलन गर्ने कृषि चलन

(घ) जग्गा नभएका तर कम्तीमा २ गाई बस्तु वा ५ भेडावाखा वा २० चराचुरुङ्गी भएका कृषि चलन ।

४.२२ महल-५ को आधारमा पहिलो समूहमा परेको कृषि चलनको क्रमसङ्ख्या सिलसिलेवार तरिकाले महल-८ मा लेख्दै जानु पर्छ । यो गणना क्षेत्र भित्रका समूहमा पर्ने सबै कृषि चलनको क्रमसङ्ख्या नलेखिएसम्म जारी राख्नु पर्छ, जस्तै : कुनै गणना क्षेत्रमा ५ बिघा भन्दा कम जग्गा चलन गर्ने कृषि चलन सङ्ख्या ८९ रहेछ भने महल-८ को क्रमसङ्ख्या १ देखि ८९ सम्म हुन्छ ।

४.२३ दोश्रो समूहमा परेका कृषि चलनलाई पहिलो समूहको अन्तिम क्रमसङ्ख्या नटुटाई महल-९ मा क्रमसङ्ख्या दिँदै जानु पर्दछ, जस्तै : दोश्रो समूहमा १४ वटा कृषि चलन रहेछन् भने क्रमसङ्ख्या ९० देखि १०३ सम्म हुन्छ । यसै प्रकृयाबाट तेश्रो समूहमा पर्ने कृषि चलन छुट्याई माथिको क्रमसङ्ख्यालाई नटुटाई बढाउँदै लग्नु पर्दछ, जस्तै : तेश्रो समूहमा ४ वटा कृषि चलन रहेछन् भने महल-१० मा क्रम सङ्ख्या १०४ देखि १०७ सम्म दिनु पर्दछ । अन्तिम समूहमा २ वटा कृषि चलन भएमा महल-११ मा क्रमसङ्ख्या १०८ देखि १०९ सम्म हुनेछ । यसरी कृषि चलनको अन्तिम क्रमसङ्ख्या र महल-२ को कृषि चलनको अन्तिम क्रमसङ्ख्या सँग बराबर हुन आउँछ ।

४.२४ यसरी महल-८ मा कृषि चलन क्रमसङ्ख्या १ देखि ८९ सम्म, महल-९ मा क्रमसङ्ख्या ९० देखि १०३ सम्म, महल-१० मा क्रमसङ्ख्या १०४ देखि १०७ सम्म र महल-११ मा १०८ देखि १०९ सम्म कायम हुन जान्छ । यस उदाहरणमा महल-२ मा कृषि चलनको क्रमसङ्ख्या १ देखि १०९ सम्म हुन्छ । महल-११ को अन्तिम क्रमसङ्ख्या र महल-२ को अन्तिम क्रमसङ्ख्या बराबर हुनु पर्छ । अर्थात् महल-११ को अन्तिम क्रमसङ्ख्या १०९ नै हुनु पर्छ ।

लगत नं. १ (क) : बिजनबाट क्षेत्रफल रुपान्तर गर्ने फाराम

४.२५ कुनै कुनै जिल्लामा जग्गाको क्षेत्रफल बिघा वा रोपनीमा नआउन सक्छ । यस्तो अवस्थामा उक्त जग्गाको क्षेत्रफलको एकाइ बिजनमा लिनु पर्ने हुन्छ । लगत नं. १ मा एकाइ बिघा र रोपनी मात्र दिइएको छ । माटोमुरी एकाइ भएमा त्यसलाई रोपनीमा बदल्नु पर्छ; चार माटोमुरी बराबर एक रोपनी हुन्छ । यस्ता ठाउँहरुको जग्गाको क्षेत्रफल बिजनमा लिई बिजनलाई बिघा वा रोपनीमा रुपान्तर गर्नुपर्ने हुन्छ ।

४.२६ बिजन पनि धान, मकै, गहुँ र अन्य बाली अनुसार फरक फरक हुन सक्छ । तर लगतलिँदा पाखोको हकमा मकैको बिजन र खेतमा धानको बिजन अनुसार लगत लिनु पर्छ । उक्त बिजनलाई विभिन्न ठाउँमा विभिन्न बालीहरुको उत्पादकत्वको आधारमा एक निश्चित एकाइमा (Fixed Unit) परिवर्तन गर्नुपर्ने र सो तत्कालै सम्भव नहुने हुँदा सो को उल्लेख लगत नं. १ मा सम्भव हुँदैन (क्षेत्रफल परिवर्तन तालिका यही निर्देशिकाको अनुसूची १ मा दिइएको छ) । तसर्थ त्यस्ता ठाउँका कृषि चलनको क्षेत्रफलको एकाइ बिजनमा नै लिनु राम्रो हुन्छ । त्यसै कारणले यो लगत नं. १ (क) को प्रयोग गरिएको हो । तर, यसरी बिजनको एकाइ आउने क्षेत्रमा पनि मूलरुपले लगत नं. १ कै प्रयोग गर्नु पर्दछ । लगत नं. १ (क) को विवरण भर्दा सम्बन्धित

मुख्य कृषकको केही जग्गा बिघा वा रोपनी जुन नापको एकाइमा छ बिजनलाई पनि त्यही नापको एकाइमा परिणत गरी चलन गरेको सबै जग्गाको एकमुष्ठ क्षेत्रफल महल-८ मा लेख्नु पर्छ। कुनै मुख्य कृषकले आफ्नो चलनको सम्पूर्ण व्यहोरा बिघा वा रोपनी वा माटोमुरीमा भन्न नसकेमा मात्र यसको प्रयोग गर्नु पर्दछ।

४.२७ यसको प्रयोग गर्दा कृषकको नाम र क्रमसङ्ख्या लगत नं. १ मा लेखी सकेपछि जग्गाको विवरण खाली राखी यस लगत नं. १ (क) को १, २ र ३ महलहरुमा पनि सोही लगत नं. १ बमोजिम विवरण चढाई बाँकी महलहरु भर्नु पर्दछ। गणना क्षेत्रको सबै लगत सङ्कलन कार्य सम्पन्न भैसकेपछि यसमा सङ्कलित विवरण एकाइ बमोजिम परिवर्तन गरेर लगत नं. १ मा सारेर लगत नं. २ भर्नु पर्ने कृषि चलनहरुको छनौट गर्नु पर्छ।

४.२८ लगत नं. १ (क) मा पनि माथिका विवरणहरु लगत नं. १ जस्तै गरेर भर्नु पर्दछ। महल-१ मा लगत नं. १ को घर सङ्ख्या लेख्नु पर्दछ। महल-२ मा सोही बमोजिम लगत नं. १ को महल-२ को कृषि चलनको क्रमसङ्ख्या र महल-३ मा लगत नं. १ को महल-३ कै मुख्य कृषकको नाम र थर लेख्नु पर्दछ। महल-४ र ५ मा कृषकले धान र मकै जुन बिजनमा क्षेत्रफल बताउँछ सोही महलमा भर्नु पर्दछ। निजले केही जग्गा बिघा वा रोपनीमा बताए महल-७ मा भरेर महल-६ मा बिघा वा रोपनीको उपयुक्त कोड नम्बर लेख्नु पर्दछ। महल-३ मा दुई वा सो भन्दा बढी मुख्य कृषकको एउटै नाम हुन गई पहिचान गर्न अप्ठ्यारो हुन गएमा मुख्य कृषकहरुको विशेष पहिचान समेत कैफियतमा उल्लेख गर्नु पर्दछ। उदाहरण : जुम्ला जिल्लाको चन्दननाथ गा.वि.स. वडा नं. ९ (गणना क्षेत्र) मा जम्मा ३५ वटा कृषि चलन रहेछन्। ती कृषि चलन मध्ये कृषि चलन क्रमसङ्ख्या ५, ७, ९, १३, १५ ले आफ्नो चलनको क्षेत्रफल बिजनमा भनेछन् भने त्यस्तो अवस्थामा लगत नं. १ मा निजहरुको घरको क्रमसङ्ख्या, कृषि चलनको क्रमसङ्ख्या तथा मुख्य कृषकको नाम मात्र चढाएर बाँकी विवरण खाली राख्नु पर्छ। लगत नं. १ (क) मा कृषि चलनको क्रमसङ्ख्या ५, ७, ९, १३, १५ लेखि निजहरुले चलन गरेको जग्गाको क्षेत्रफल बिजनमा उल्लेख गर्नु पर्छ। यी विवरणहरुलाई उक्त गणना क्षेत्रको पूरा लगत सङ्कलन कार्य समाप्त भएपछि रोपनीमा परिवर्तन गरी लगत नं. १ मा चढाउनु पर्छ।

४.२९ बिजनमा क्षेत्रफल बताउँदा कहीँ कहीँ काठे पाथीमा भन्ने गरेको पनि पाइन्छ। त्यस्तोमा कस्तो पाथीमा भनेको हो राम्रोसँग प्रष्टयाई स्वीकृत पाथीमा (जस्तैः तामे पाथी) मात्र लिनु पर्छ।

लगत नं. ३ छानिएका कृषि चलनको लगत

४.३० यस फाराममा लगत नं. १ बाट छानिएका कृषि चलनको विवरण भरिन्छ। यसको शीर्षस्थानमा जिल्ला, गा.वि.स./नगरपालिका, वडा नं. र गणना क्षेत्र नियन्त्रण सङ्ख्या लेख्नु पर्दछ। गणना सम्बन्धी विवरणमा गणक र सुपरिवेक्षकको नाम, सही र मिति उल्लेख गर्नु पर्दछ। तोकिएको गणना क्षेत्रमा भएका कुल कृषि चलन सङ्ख्या, छनौट अन्तर, शुरु छनौट अङ्क र छानिएका कृषि चलन सङ्ख्या लगत नं. १ अनुसार नै यस फाराम को छनौटको विवरण अन्तरगत उपयुक्त स्थानमा लेख्नु पर्छ।

४.३१ यस फारामको महल-१ मा कृषि चलन नियन्त्रण सङ्ख्या दिइएको छ, जुन १ देखि ३० सम्म छ। महल-२ मा छानिएका कृषि चलनको क्रम सङ्ख्या (लगत नं. १ को महल-२ अनुसार) र महल-३ मा मुख्य कृषकको नाम थर उल्लेख गर्नु पर्छ। महल-४ मा मुख्य कृषकको चयन गर्दा कुनै समस्या (जस्तै एउटै नाम भएका दुई वा धेरै मुख्य कृषक) भए कैफियत उल्लेख गर्नु पर्छ।

लगत नं. २ व्यक्तिगत विवरण

४.३२ छनौटमा परेको गणना क्षेत्र भित्रका छानिएका कृषि चलन बाट यो विवरण फाराम भर्नु पर्दछ। यो प्रश्नावली प्रत्येक कृषि चलनका लागि बेग्ला बेग्लै प्रयोग गर्नु पर्दछ। प्रश्नावली भर्दा परिवारको सम्बन्धित व्यक्ति (भरसक मुख्य कृषक) सँग सोधी कुनै पनि कुरा नछुटाइकन सबै स्पष्ट रुपले बुझिने गरी लेख्नु पर्दछ। विवरणहरु कालो मसी भएको डट्पेनले भर्नु पर्दछ।

गणना विवरण

४.३३ गणना विवरणमा कृषि गणना गर्न लागिएको गणना क्षेत्र रहेको जिल्ला, गाउँ विकास समिति (गाविस) वा नगरपालिका (महानगरपालिका र उपमहानगरपालिका समेत), गणना क्षेत्र, वडा नम्बर, गणना क्षेत्र नियन्त्रण सङ्ख्या जिल्ला कृषि गणना कार्यालयले उपलब्ध गराएको छानिएको गणना क्षेत्रको लिष्ट बमोजिम लेख्नु पर्दछ। कृषि चलन क्रमसङ्ख्या, कृषि चलन नियन्त्रण सङ्ख्या र मुख्य कृषकको नाम लगत नं. ३ बाट भर्नु पर्दछ। गणना विवरण भर्दा दाँया पट्टि दिइएको कोठामा सम्बन्धित जिल्ला, गा.वि.स./न.पा. को कोड नं.

तथा गणना क्षेत्र, गणना क्षेत्र नियन्त्रण सङ्ख्या, कृषि चलन क्र. सं. र कृषि चलन नियन्त्रण सङ्ख्या लेख्नु पर्दछ। जस्तै : जिल्लाको कोड १ भए सम्बन्धित कोठामा | ० | १ | लेख्नु पर्दछ। यसमा लगत नं. २ भर्न जाने गणकले आफ्नो नाम, गणना मिति र सुपरिवेक्षकले पनि आफ्नो नाम र सुपरिवेक्षण मिति लेखेर हस्ताक्षर समेत गर्नु पर्दछ। थप पानाहरुको सेट थपिएको भए यहाँ दिइएको द्रष्टव्यको कोठामा अनिवार्यरुपले सेट सङ्ख्या उल्लेख गर्नु पर्दछ।

४.३४ प्रश्नावलीमा भएका शब्दावलीहरुको बारेमा परिच्छेद ५ "अवधारणा तथा परिभाषा" मा विस्तृत उल्लेख गरिएकोले यो परिच्छेदमा पुनरावृत्ति नगरी भर्ने तरिकाको बारेमा मात्र उल्लेख गरिएको छ। कुनै खास शब्दको व्याख्या गर्नु नपर्ने तर भर्ने तरिका व्याख्या गर्नुपर्ने भएमा प्रश्नावलीको बारेमा यसै परिच्छेदमा व्याख्या गरिएको छ। प्रश्नावली भर्दा कुनै प्रश्नको उत्तर भर्नु नपर्ने भए उत्तर लेख्ने ठाउँमा तेर्सो धर्को (-) तान्नु पर्दछ, खाली छोड्नु हुदैन। प्रत्येक पानाको माथि जिल्ला, गाविस/नगरपालिका वडा नम्बर र कृषि चलन नियन्त्रण सङ्ख्या उल्लेख गर्नुपर्छ।

भाग १ : परिचयात्मक विवरण

४.३५ **प्रश्न नं. १.१** : यसमा परिवारको चाँजो पाँजो मिलाउने, परिवारमा मूलीको रुपमा रहेको व्यक्तिनै मुख्य कृषक हो वा होइन सोधी उल्लेख गर्नुपर्छ। यदि मुख्य कृषक परिवार मूली होइन भने परिवार मूली को हो सोधी नाम लेख्नु पर्दछ।

४.३६ **प्रश्न नं. १.२** : यहाँ मुख्य कृषकको जात/जाति के हो सोधि लेख्नु पर्दछ। जात/जातिका केही उदाहरण मगर, राई, थारु, ब्राम्हण, क्षेत्री, नेवार, मुसहर, दमाईं, भोटे आदि हुन्। उत्तरदातालाई जात/जाति र थरमा दुबिधा भए जात/जाति र थर छुट्याउन केही उदाहरणहरु अनुसूचि ३ मा दिइएको छ।

४.३७ **प्रश्न नं. १.३** : यहाँ मुख्य कृषकको ठेगाना भन्नाले निज बसोबास गरेको टोल वा बस्तीलाई बुझाउँछ, जस्ले गर्दा सुपरिबेक्षण गर्ने क्रममा मुख्य कृषकलाई भेट्न सजिलो हुन्छ।

४.३८ **प्रश्न नं. १.४** : प्रश्नावली भर्दा सकभर मुख्य कृषकसँग सोधी भर्नु पर्दछ। तर कतिपय कारणले मुख्य कृषकसँग भेट हुन नसक्ने स्थिति भएकोमा जवाफ दिन सक्ने परिवारको अर्को व्यक्तिसँग सोध्न सकिन्छ। यस्तो व्यक्तिलाई चलनको सबै कुराको राम्रो ज्ञान हुनु पर्दछ। यसरी आफूले सोध्न लागेको व्यक्ति मुख्य कृषक हो भने १ मा घेरा (०) लगाउनु पर्छ र निजलाई प्रश्न नं. १.५ र १.६ सोध्नु पर्दैन र मुख्य कृषक होइन भने २ मा घेरा (०) लगाई प्रश्न नं. १.५ देखि सोध्नु पर्छ।

४.३९ **प्रश्न नं. १.५** : यहाँ प्रश्न नं. १.४ को जवाफ "होइन" भन्ने आएमा जवाफ दिने व्यक्तिको नाम लेख्नु पर्छ।

४.४० **प्रश्न नं. १.६** : यहाँ जवाफ दिने व्यक्तिको मुख्य कृषकसँगको नाता लेख्नुपर्छ अर्थात् जवाफ दिने व्यक्तिले मुख्य कृषकलाई के भन्नु पर्छ सोही नाता लेख्नु पर्दछ, जस्तैः मुख्य कृषकको छोराले जवाफ दिएको छ भने यहाँ "बुबा" लेख्नु पर्छ। मेनेजरले जवाफ दिएकोमा "नाता नपर्ने" लेखि कोष्ठ भित्र मेनेजर लेख्नु पर्छ।

भाग २ : सामान्य विवरण

४.४१ **प्रश्न नं. २.१** : यहाँ कृषि चलनको वैधानिक स्थिति भन्नाले कानुनी हक मात्र नभई कृषि चलनको प्रकारलाई समेत जनाउँछ। वैधानिक स्थिति अन्तरगत निम्न वर्ग पर्दछन् :

(क) एक परिवार : एकै परिवारका व्यक्तिहरुले मात्र सञ्चालन गरेको कृषि कार्य,

(ख) बहु परिवार : दुई वा सो भन्दा बढी परिवारका व्यक्तिहरु मिलेर सञ्चालन गरेको कृषि कार्य,

(ग) अन्य : माथि उल्लेखित परिवार बाहेक अन्य कुनै भए खुलाउनु पर्दछ।

४.४२ **प्रश्न नं. २.२** : कृषि चलनको दैनिक कामको रेखदेख मुख्य कृषक स्वयंले गरेको वा मेनेजर द्वारा गराइएको हुन सक्छ। यसमा मुख्य कृषकले नै रेखदेख गर्ने गरेको भए कोड १ मा घेरा (०) लगाउने र मेनेजरले रेखदेख गर्ने भए कोड २ मा घेरा (०) लगाउनु पर्छ।

४.४३ **प्रश्न नं. २.३** : कृषि चलन बाट भएको उत्पादन घरायसी उपभोग वा बिक्री वा दुबै मध्ये कुन रुपमा उपयोग हुन्छ सोधी खुलाउनु पर्दछ। घरायसी उपभोग भन्नाले कृषि चलनवाट भएको उत्पादन आफ्नो परिवारको पालनपोषण गर्न मात्र प्रयोग गरेको बुझ्नु पर्दछ। कृषि चलन बाट भएको उत्पादन परिवारको प्रयोगको लागि नभइ बजारमा बिक्री गर्ने मात्र हो भने सो उत्पादन बिक्रीका लागि भएको भन्ने बुझ्नु पर्दछ, र केही घरायसी प्रयोजनका लागि र केहि बिक्रिका लागि हो भने दुवै अन्तरगत राख्नु पर्दछ।

भाग ३ : जनसङ्ख्या सम्बन्धी विवरण

४.४४ **प्रश्न नं. ३.१ :** यसमा परिवारमा मुख्य कृषक समेत एउटै भान्सामा खाने सबै व्यक्तिहरुको कुल सङ्ख्या लेख्नु पर्छ। यसरी सङ्ख्या लेख्दा दुई अङ्कमा उल्लेख गर्नु पर्दछ। जस्तै, मुख्य कृषक समेत परिवारमा जम्मा ९ जना व्यक्तिहरु रहेछन् भने | ० | ९ | लेख्नुपर्दछ। कस्ता-कस्ता व्यक्तिहरु परिवारमा पर्दछन् र कस्ता पर्दैनन् भन्ने बारेमा परिच्छेद ५ मा व्याख्या गरिएको छ।

४.४५ **प्रश्न नं. ३.२ :** यसमा परिवारका सबै व्यक्तिहरुको विवरण भर्नु पर्दछ। महल-२ मा कृषक परिवारका व्यक्तिहरुको नाम लेख्दा सबैभन्दा पहिलो लहरमा मुख्य कृषकको र त्यसपछि परिवारका अन्य व्यक्तिहरुको नाम क्रमैसँग मिलाएर नछुटाई लेख्नु पर्छ। महल-३ मा परिवारको व्यक्ति पुरुष वा स्त्री के हो सोही अनुसार उपयुक्त नम्बरमा घेरा (०) लगाउनु पर्छ। महल-४ मा उमेर लेख्दा पूरा भएको उमेर लेख्नु पर्छ, अर्थात् कुनै व्यक्तिको उमेर ३५ बर्ष ११ महिना भए पनि ३५ बर्ष नै लेख्नु पर्छ। कुनै बच्चा १ बर्ष नपुगेको रहेछ भने (००) लेख्नु पर्दछ। उमेर लेख्दा दुई अङ्कमा लेख्नु पर्दछ। यदि परिवार सदस्य ३० जना भन्दा बढी भए यहि प्रश्नको थप पाना प्रयोग गर्नु पर्दछ। यसरी थप पाना प्रयोग गरेको सङ्ख्या सोही प्रश्नको तल तिर खुलाई स्टीच समेत गर्नु पर्दछ।

४.४६ **प्रश्न नं.३.३ :** सन्दर्भ बर्ष (**१७ पौष २०५७ देखि १६ पौष २०५८ सम्म**) भित्र मुख्य कृषकले कृषि चलनमा स्थायी रुपमा काम गर्ने कामदारहरु राखेको थियो कि थिएन सोधेर उपयुक्त कोड नम्बरमा घेरा (०) लगाउनु पर्छ। यदि स्थायी काम गर्ने कामदार थिए भने प्रश्न नं. ३.४ देखि सोध्नु पर्छ, थिएन भने प्रश्न नं. ३.५ देखि सोध्नु पर्छ। स्थायी कामदारको परिभाषा परिच्छेद ५ मा दिएको छ।

४.४७ **प्रश्न नं. ३.४ :** यस प्रश्नको उत्तरमा, परिच्छेद ५ मा दिइएको स्थायी कामदारको परिभाषा अनुसार कृषि चलनमा स्थायी रुपले काम गर्ने पुरुष र स्त्री कामदारको सङ्ख्या छुट्टा छुट्टै दिइएको कोठामा लेखी यी दुबैको जोड समेत "जम्मा" को कोठामा लेख्नु पर्छ। यहाँ सङ्ख्या उल्लेख गर्दा दुई अङ्कमा लेख्नु पर्दछ।

४.४८ **प्रश्न नं. ३.५ :** परिच्छेद ५ मा दिइएको परिभाषा अनुसार सन्दर्भ वर्षमा कृषि चलन भित्र अस्थायी रुपमा (पर्म बाहेक) कामदार लगाइएको थियो कि थिएन सोधी उपयुक्त नम्बरमा घेरा (०) लगाउनु पर्छ।

भाग ४ : जग्गा र जल सम्बन्धी विवरण

४.४९ **प्रश्न नं. ४.१ :** गत वर्ष आफ्नो परिवारको हकको जग्गा अरु कसैलाई चलन गर्न दिएको थियो कि थिएन सोधेर उपयुक्त नम्बरमा घेरा (०) लगाउनु पर्छ। यसरी अरुलाई चलन गर्न दिँदा पूरा बर्ष भरिका लागि नभएर एक बाली वा केही महिनाका लागि दिएको भएता पनि १ मा घेरा (०) लगाउनु पर्छ।

४.५० **प्रश्न नं. ४.२ :** वरिपरि अरुको साँध भएको बीचको छुट्टै जमिनको टुक्रालाई कित्ता भनिन्छ (विस्तृत परिभाषा परिच्छेद ५ मा दिएको छ)। यहाँ चलन गरेको जग्गामा कति कित्ताहरु छन्, सो को सङ्ख्या लेख्नु पर्छ। आफ्नो र अर्काको जग्गा चलन गर्दा साँध सीमाना जोडिएको कुनै जग्गा भएमा यसरी जोडिएको दुबै जग्गालाई एकै कित्ता मान्नु पर्छ। कुनै कृषक परिवारले जम्मा दश कित्ताहरु चलन गरेको भएमा यस प्रकारले लेख्नु पर्दछ। | ० | १ | ०

४.५१ **प्रश्न नं. ४.३ :** कृषि चलन अन्तर्गतका जग्गालाई गत बर्षमा बाढी पहिरो आदिले क्षति पुऱ्याएको थियो भने कोड १ मा र थिएन भने कोड २ मा घेरा (०) लगाउनु पर्दछ। बाढी पहिरो आदिले क्षति पुऱ्याएका भन्नाले बाढी, पहिरो, भूक्षय, नदी कटान, डुवान, बालुवाले पुरेर हाल सम्म खेती गर्न नसकी काम नलाग्ने भएको जग्गालाई जनाउछ। यस्तो जग्गा साधरणतया खेती गर्न, आवश्यक पर्ने भन्दा बढी परिश्रम गरेमा खेती योग्य बनाउन सकिन्छ।

४.५२ **प्रश्न नं. ४.४ :** कृषि चलन अन्तर्गतका कित्ताहरुमा गत बर्ष बाढी पहिरो आदिले क्षति पुऱ्याएको भएमा क्षति पुगेको जम्मा जग्गाको क्षेत्रफल उपयुक्त एकाइ समेत खुलाई लेख्नु पर्दछ। एक भन्दा बढी कित्ताहरुमा क्षति पुगेको भएमा क्षति पुगेको जति सबै क्षेत्रफल जम्मा गरेर एकमुष्ट लेख्नु पर्दछ। क्षेत्रफलको एकाइ लेख्दा बिघा भए १ र रोपनी भए २ लेख्नु पर्दछ।

४.५३ **प्रश्न नं. ४.५ :** यसमा सर्बप्रथम जग्गाको क्षेत्रफलको एकाइ बिघा भए कोड १ मा र रोपनी भए कोड २ मा अनिवार्य रुपमा घेरा लगाउनु पर्दछ। यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने **एउटा कृषि चलन अन्तर्गतका सबै कित्ताहरुको क्षेत्रफल एउटै एकाइमा उल्लेख गर्नु पर्दछ।** जग्गाको क्षेत्रफलको एकाइ खुलाउने ठाँउ यस पछि नभएकोले यस प्रश्नलाई विशेष ध्यान दिनु पर्दछ। यहाँ बिघाको कोड १ मा घेरा लगाएको भएमा यस पछि सोधिने सबै प्रश्नहरुमा जग्गाको क्षेत्रफलको एकाइ बिघामा उल्लेख भएको हुनु पर्दछ भने रोपनीको कोड २ मा घेरा लगाएको भएमा सबै जग्गाको क्षेत्रफलको एकाइ रोपनी हुनु पर्दछ।

४.५४ यस प्रश्नको महल-१ मा कृषकले चलन गरेको सबै कित्ताहरुको नाम क्रमैसँग लेख्दै जानु पर्दछ, जसको कोड महल-२ मा दिइएको कोड अनुसार हुनेछ। यहाँ भएको कित्ताको कोड नै यस पछिका प्रश्नहरुमा समेत कायम राख्नु पर्दछ। कित्ताको नाम भन्नाले स्थानीय बोल-चाल वा चलनचल्तीको भाषामा उक्त जग्गालाई के भनिन्छ सोही लेख्नु पर्छ, जस्तै : घरबारी, खोलाबारी, ढिकमुनि आदि। कित्ताको परिभाषा परिच्छेद ५ मा दिइएको छ। महल-३ मा उक्त कित्ता खेत वा पाखो के हो सोधी उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्दछ। महल-४ मा कित्ता अनुसार चलन गरेको जम्मा जग्गाको क्षेत्रफल (बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा के हो) सोधी लेख्नुपर्छ। महल-५ मा कित्ता अनुसार चलन गरेको जग्गाको क्षेत्रफल मध्ये सिँचाइ भएको जग्गाको क्षेत्रफल लेख्नुपर्छ। महल-६ मा सिँचाइको श्रोतहरुको उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्दछ। कोड १ देखि ४ सम्मका श्रोत वाहेक अन्य कुनै (जस्तै : हिउँदे कुलो) बाट सिँचाइ गरिएको भएमा कोड ५ मा घेरा लगाई श्रोत के हो सो समेत खुलाउनु पर्दछ। कुनै कित्तामा एक भन्दा वढी श्रोतबाट सिँचाइ गरिएको रहेछ भने मिश्रितको कोडमा घेरा लगाउनु पर्दछ।

४.५५ कुनै कृषि चलन अन्तर्गत १० भन्दा बढी कित्ताहरु भएमा १० कित्ता सम्मको क्षेत्रफलको जोड अघिल्लो पानामा जोड्ने र पछिल्ला कित्ताहरुको क्षेत्रफलको जोड सोही पानाको "यस पानाको जम्मा" अन्तर्गत लेख्नु पर्छ। त्यसपछि दुवै पानाको जोड चलनको जम्मा जम्मी क्षेत्रफल अन्तर्गत लेख्नु पर्दछ। यदि कुनै कृषकले २० भन्दा बढी कित्ताहरु चलन गरेको भएमा थप पानाहरुको सेट प्रयोग गरी सो को सेट सङ्ख्या प्रश्नावलीको पहिलो पृष्ठमा खुलाउनु पर्दछ। थप पानाहरुको सेटमा २० कित्ता सम्मको क्षेत्रफलको जोड "अघिल्लो पानाको जम्मा क्षेत्रफल" अन्तर्गत र पछिल्ला कित्ताहरुको क्षेत्रफलको जोड सोही पानाको "यस पानाको जम्मा क्षेत्रफल" अन्तर्गत लेख्नु पर्छ, त्यसपछि दुबैको जोड "चलनको जम्मा जम्मी क्षेत्रफल" अन्तर्गत लेख्नु पर्दछ।

४.५६ **प्रश्न नं. ४.६ :** यहाँ कित्ता अनुसार कृषकले चलन गरेको जग्गाको माटोको विवरण लेख्नु पर्दछ। कृषि चलन अन्तरगतका कित्ताहरुको माटो सम्बन्धी विवरण यस प्रश्नको विभिन्न महलहरुमा उपयुक्त कोड अनुसार उल्लेख गर्नु पर्दछ। यस प्रश्नको महल-१ मा दिइएको कित्ताको कोड प्रश्न नं. ४.५ को कित्ताको कोड अनुसार नै हुनु अत्यावश्यक छ। महल-२ मा माटोको किसिम भन्नाले माटोको बनौटलाई बुझाउँछ। कृषकले बताए बमोजिमको माटोको किसिम के हो सोको कोडमा घेरा (०) लगाउनु पर्दछ। यस गणनाको सन्दर्भमा माटोलाई बलौटे, दोमट, पाँगो, चिम्ट्याइलो र चिम्ट्याइलो दोमट गरी पाँच किसिममा विभाजन गरिएको छ। माटो सम्वन्धि विस्तृत जानकारी परिच्छेद ५ मा दिइएको छ। महल-३ मा कित्ता अनुसार माटोको रंग कालो, खैरो, पहोलो, रातो र अन्य (जस्तै : कमेरो रंग) के हो सोधी उपयुक्त कोडमा घेरा लगाउनु पर्दछ।

४.५७ **प्रश्न नं. ४.७ :** यस तालिकामा विवरण भर्दा तालिका ४.५ को महल-२ मा लेखिए बमोजिमका कित्ताहरुको क्रमशः उपभोग (Tenure) खुलाउनु पर्छ। यस प्रश्नको महल-१ मा दिइएको कित्ताको कोड तालिका ४.५ को कित्ताको कोड अनुसार नै हुनु अत्यावश्यक छ। यस तालिकाका बिभिन्न महलहरुमा जग्गाको क्षेत्रफल उल्लेख गर्दा प्रश्न नं. ४.५ मा उल्लेख भएको क्षेत्रफलको एकाइ अनुसार नै बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा हुनु पर्दछ। **एउटा कृषि चलन अन्तरगतका सवै कित्ताहरुको क्षेत्रफलको एकाइ एउटै हुनु पर्दछ।** जग्गाको उपभोगलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(अ) आफ्नो परिवारको हकको जग्गा आफैले चलन गरेको : महल-२

(आ) अरुको हकको जग्गा हाल परिवारले चलन गरेको : महल-३ देखि महल-८ सम्म

(इ) अन्य प्रकारको उपभोग अन्तरगत (जस्तैः स्वामित्वको विवाद रहेको वा प्रष्ट नभएको वा मुद्दा परेको) चलन गरेको जग्गा : महल-९

४.५८ परिवारले आफ्नो हकको आफैले उपभोग गरेको जग्गाको क्षेत्रफल महल-२ मा लेख्नु पर्दछ। अरुको हकको जग्गा हाल परिवारले चलन गरेको भए सो जग्गाको क्षेत्रफल निम्न अनुसार सम्बन्धित महलमा खुलाउनु पर्दछ।

(क) ठेकिएको नगद तिर्ने गरी चलन गरेको जग्गा : महल-३

(ख) ठेकिएको जिन्सी तिर्ने गरी चलन गरेको जग्गा : महल-४

(ग) बाली बाँड्ने गरी (अधियाँ, बटैया आदि शर्तमा) चलन गरेको जग्गा : महल-५

(घ) सेवा मजदुरी वापत चलन गरेको जग्गा : महल-६

(ड.) भोग बन्धकीमा चलन गरेको जग्गा : महल-७

(च) अन्य शर्तमा चलन गरेको जग्गा : महल-८

उदाहरण : राम वहादुरको कुल १५-४-३ रोपनी जग्गा निम्न बमोजिम रहेछ :

पहिलो कित्ता (घरघडेरी) : कुल १-१०-० रोपनी आफ्नो हकको आफैंले चलन गरेको,
दोश्रो कित्ता (बारीमुनि) : कुल ०-१०-० रोपनी अर्कोसँग बार्षिक २ मुरी धान दिने गरी लिएको,
तेश्रो कित्ता (पल्लो पाटो) : कुल ३-०-० रोपनी मध्ये २-०-० आफ्नो हकको र १-०-० रोपनी अरुको हकको हाल नगद तिर्ने गरी कमाएको,
चौथो कित्ता (बाटोमुनि) : कुल ५-०-० रोपनी अर्काका हकको जग्गा बाली बाँड्ने गरी कमाइरहेको,
पाँचौं कित्ता (रातामाटा) : कुल ५-०-३ रोपनी आफ्नै हकको जग्गा आफैंले कमाइ राखेको,

यो विवरण तालिका ४.७ मा निम्नानुसार भर्नु पर्दछ ।

४.७ चलन गरेको जम्मा जग्गाको कित्ता अनुसार उपभोग

कित्ता को कोड	परिवारको हकको जग्गा आफैंले चलन गरेको	ऋरुको हकको जग्गा हाल परिवारले चलन गरेको						अन्य प्रकारको उपभोग अन्तरगत चलन गरेको
		ठेकिएको		बाली वाड्ने गरी	सेवा मजदुरी वापत	भोग वन्धक	अन्य शर्त अन्तरगत	
		नगद तिर्नेगरी	जिन्सी तिर्नेगरी					
	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल	क्षेत्रफल
(१)	(२)	(३)	(४)	(५)	(६)	(७)	(८)	(९)
०१	१ १० -							
०२			- १० -					
०३	२ - -	१ - -						
०४				५ - -				
०५	५ - ३							

यहाँ प्रत्येक कित्ता अनुसारको क्षेत्रफलको जोड प्रश्न नं. ४.५ मा उल्लेख भएको कित्ताको क्षेत्रफल सँग क्रमशः मिलेको हुनु पर्दछ ।

४.५८ प्रश्न नं. ४.८ : यस प्रश्नको पनि प्रश्न नं. ४.५ बमोजिमका किताहरुको क्षेत्रफल क्रमशः लेख्नुपर्छ । क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा खुलाए बमोजिमको हुनु पर्दछ । कित्ता अनुसार जग्गाको उपयोग (Land use) महल-२ देखि महल-११ सम्मका विभिन्न वर्गीकरणमा खुलाएर लेख्नु पर्छ र अन्तिम हरफमा विभिन्न उपयोग अनुसारको सबै कित्ताको जोड लेख्नु पर्छ । विभिन्न किसिमका जग्गाको उपयोगको परिभाषा परिच्छेद ५ मा दिइएको छ । उदाहरणकालागि रामबहादुरले चलन गरेको जम्मा जग्गाको उपयोगको स्थिति देहाय बमोजिम रहेछ :

पहिलो कित्ता (घर घडेरी) : जम्मा १-१०-० रोपनी मध्ये १-०-० रोपनी जग्गामा बर्षा याममा धानको बीउ राखेको र हिउँदमा आधा जग्गामा तोरी छरेको बाँकीमा आलु आदि तरकारी लगाएको रहेछ र ०-१०-० रोपनी जग्गा घरघडेरी गोठ, आँगनले ढाकेको रहेछ,

दोस्रो कित्ता (बारीमुनि) : जम्मा ०-१०-० रोपनीको पुरै कित्तामा बर्षामा धान रोपेको र हाल तोरी छरिएको रहेछ,

तेस्रो कित्ता (पल्लो पाटो) : जम्मा ३-०-० रोपनी जग्गा मध्ये १-०-० रोपनीमा अम्बा, सुन्तलाका बिरुवाहरु बराबरी मिसाएर लगाइएका रहेछन् । त्यसको खाली ठाउँमा अदुवा लगाइएको रहेछ । बाँकी २-०-० रोपनीमा मकै छरिएको रहेछ ।

चौथो कित्ता (बाटोमुनि) : जम्मा ५-०-० रोपनी जग्गा मध्ये १-०-० रोपनीमा बर्षामा घैया धान छरी हिउँदमा गहुँ र तोरी मिसाएर छरिएको रहेछ र बाँकी ४-०-० रोपनीमा बर्षामा धान रोपेर हाल गहुँ छरिएको रहेछ ।

पाँचौं कित्ता (रातामाटा) : जम्मा ५-०-३ रोपनी जग्गा मध्ये ०-१०-० रोपनीमा गाई बस्तुलाई चराउने घाँस छरिएको रहेछ, ०-६-३ मा हिउँदे र वर्षे तरकारी खेती गरिएको रहेछ। २-१०-० रोपनी जग्गा खोचमा परेको रहेछ र काँढा, काफल, ऐसेलुका बोटले ढाकेको रहेछ र १-६-० रोपनीमा बनबनेलोका रुख रहेछन्।

यो विवरण तालिका ४.८ मा निम्नानुसार भर्नु पर्दछ।

४.८ चलन गरेको जम्मा जग्गाको कित्ता अनुसार उपयोग

कित्ता को कोड	खेती योग्य जग्गा																								अन्य जग्गा					
	अस्थायी बाली लागेको जग्गा			अस्थायी चौर चरन			अस्थायी बांझो			अन्य खेती योग्य जग्गा			स्थायी बाली लागेको जग्गा			स्थायी चौर चरन			पोखरी			निजी वन वनेलो			खेती योग्य तर हाल खेती नगरेको जग्गा			घर घडेरी, गोठ, धन्सार आदि समेत बाकी जग्गा		
	क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल			क्षेत्रफल		
(१)	(२)			(३)			(४)			(५)			(६)			(७)			(८)			(९)			(१०)			(११)		
०१	१	-	-																									-	१०	-
०२	-	१०	-																											
०३	२	-	-										१	-	-															
०४	५	-	-																											
०५	-	६	३	-	१०	-																१	६	-	२	१०	-			

यहाँ प्रत्येक कित्ता अनुसारको क्षेत्रफलको जोड प्रश्न नं. ४.५ मा उल्लेख भएको कित्ताको क्षेत्रफल सँग क्रमशः मिलेको हुनु पर्दछ।

भाग ५ : बालीहरु

४.५९ **प्रश्न नं. ५.१** : यो प्रश्नको तालिकामा पनि प्रत्येक कित्ताको विभिन्न बाली लगाएको किसिम अनुसारको जग्गाको क्षेत्रफल अघिल्लो प्रश्नको तालिकामा जस्तै क्रमशः लेख्दै जानु पर्छ। **यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने यसमा कित्ताको क्षेत्रफल मात्र नलेखि बाली अनुसार क्षेत्रफल जोडेर उपयुक्त महलहरुमा लेख्नु पर्छ।** यहाँ पनि क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा खुलाए बमोजिमको हुनु पर्दछ।

महल-२ : यो महलमा गत बर्ष भित्र कित्ता अनुसार एक प्रकारको (Pure Stand) अस्थायी वा मौसमी बाली जति पटक जति क्षेत्रफलमा लगाइएको छ सबै क्षेत्रफल जोडेर उल्लेख गर्नु पर्छ। जस्तै, कुनै कृषकको १-०-० रोपनी को कित्तामा सन्दर्भ वर्ष भित्रै पूरै क्षेत्रफलमा एक सिजनमा गहुँ र अर्को सिजनमा धान लगाइएको रहेछ भने यस महलमा एक प्रकारको अस्थायी बाली अन्तरगतको क्षेत्रफल २-०-० रोपनी हुन्छ। कस्तो बालीलाई एकै प्रकारको अस्थायी बाली लगाएको भनिन्छ भन्ने परिभाषा परिच्छेद ५ मा दिइएको छ।

महल-३ : यो महलमा एक प्रकारको स्थायी बालीको क्षेत्रफल लेख्नु पर्दछ। स्थायी बाली एक वर्षमा दुई पटक नहुने हुँदा क्षेत्रफल थप्नु हुँदैन।

महल-४ : यो महलमा दुई वा सो भदा बढी अस्थायी बालीहरु मिलाएर लगाइएको (Mixed Stand) जग्गाको जम्मा क्षेत्रफल उल्लेख गर्नु पर्छ। एउटै कित्तामा दुई वा तीन बाली मिश्रित हुन सक्छ वा एक पटक एक प्रकारको अस्थायी बाली लगाइएको र पछि त्यहि कित्तामा मिश्रित अस्थायी बाली लगाएको रहेछ भने एक प्रकारको अस्थायी बाली लागेको क्षेत्रफल महल-२ मा र मिश्रितरुपमा लगाइएको अस्थायी बालीको क्षेत्रफल महल-४ मा लेख्नु पर्ने हुन्छ। जस्तै, कुनै कित्तामा सन्दर्भ वर्षभित्रको एउटा सिजनमा मकै र भटमास मिलाएर लगाइएको रहेछ र सो बाली कटानी गरी अर्को सिजनमा तोरी छरेको रहेछ भने मकै र भटमास लगाइएको क्षेत्रफल महल-४ मा र तोरी लगाइएको क्षेत्रफल महल-२ मा उल्लेख गर्नु पर्दछ।

महल-५ : यो महलमा दुई वा सो भन्दा बढी स्थायी बालीहरु मिसाएर लगाइएको जग्गाको क्षेत्रफल उल्लेख गर्नु पर्छ ।

महल-६ : कतिपय ठाउँमा स्थायी बाली लगाई राखेको जग्गामा खाली ठाउँमा अस्थायी बाली पनि लगाइएको हुन सक्छ । यस्तो अवस्थामा उक्त बगैँचाको कुल क्षेत्रफल संयुक्त बाली (Associated Crops) को क्षेत्रफल अन्तरगत महल-६ मा उल्लेख गर्नु पर्ने हुन्छ । तर अस्थायी बालीको क्षेत्रफल र स्थायी बालीको क्षेत्रफल गणना गर्दा (प्रश्न नं. ५.२ र ५.३ को सन्दर्भमा) बगैँचाको कुल क्षेत्रफलबाट स्थायी बाली लागेको खुद क्षेत्रफल घटाई प्रश्न नं ५.२ मा र बगैचाको बाँकी क्षेत्रफल प्रश्न नं ५.३ मा समाबेश गर्नु पर्छ ।

४.६० **प्रश्न नं. ५.२** : यो प्रश्नको तालिकामा अस्थायी (मौसमी) बाली लागेको क्षेत्रफल र बालीको नाम उल्लेख गरिन्छ । यहाँ पनि क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा खुलाए बमोजिमको हुनु पर्दछ । यो तालिका निम्न बमोजिमले भर्नु पर्दछ ।

महल-१ : यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रम सङ्ख्या हो, कित्ताको कोड होइन ।

महल-२ : यस महलमा प्रश्न नं. ४.५ बमोजिमका प्रत्येक कित्ताहरुको नाम क्रमैसँग लेख्नु पर्दछ । कुनै कित्तामा सन्दर्भ वर्ष भित्र एक भन्दा बढी किसिमका अस्थायी बाली लागेको भएमा कित्ताको नाम दोहोर्‍याएर लेख्नु पर्दछ । यसरी पहिलो कित्तामा लगाइएका सबै बालीको विवरण लेखिसके पछि मात्र अर्को कित्ताको विवरण भर्न शुरु गर्नु पर्छ । यही प्रक्रियाबाट प्रत्येक कित्ताहरुमा लगाइएका बालीको विवरण भर्दै जानु पर्दछ । प्रत्येक कित्तामा अस्थायी बाली लागे नलागेको अनिवार्य रुपमा सोध्नु पर्दछ, यदि कुनै कित्तामा सन्दर्भ वर्ष भित्र अस्थायी बाली लगाइएको छैन भने सो कित्ताको विवरण भर्नु पर्दैन ।

महल-३ : यस महलमा महल-२ मा लेखिएका कित्ताको कोड प्रश्न ४.५ मा के छ सोही बमोजिम लेख्नु पर्दछ ।

महल-४ : यस महलमा महल-२ मा उल्लेख भए बमोजिमका कित्तामा लगाइएको अस्थायी बालीको नाम लेख्नु पर्दछ ।

महल-५ : यस महलमा महल-४ मा उल्लेख भए बमोजिमको अस्थायी बालीको कोड यसै पानाको दायाँ पट्टी दिएको कोड नं. अनुसार लेख्नु पर्दछ ।

महल-६ : यस महलमा महल-४ मा लेखिएका अस्थायी बालीको क्षेत्रफल (बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा मा) उल्लेख गर्नु पर्दछ । बालीहरुको विस्तृत विवरण परिच्छेद ५ मा दिइएको छ ।

४.६१ **प्रश्न नं. ५.३** : यो प्रश्नको तालिकामा कित्ता अनुसार स्थायी बाली लागेको क्षेत्रफल, बालीको नाम र बोट सङ्ख्या उल्लेख गरिन्छ । स्थायी बाली लागेको विवरण भर्दा बगैँचाको रुपमा लगाएको र छरिएर रहेको बोटहरुको सङ्ख्या छुट्टाछुट्टै भर्नु पर्दछ । बगैँचाको रुपमा लगाएको फल लाग्ने उमेरका बोटले ओगटेको र फल नलाग्ने बोटले ओगटेको क्षेत्रफल र सो क्षेत्रफलमा भएका बोट सङ्ख्या छुट्टाछुट्टै खुलाउनु पर्दछ । बगैँचाको रुपमा नलगाई छरिएका केही बोट छन् भने त्यस्ता बोटको सङ्ख्या एकमुष्ट लेख्नु पर्छ । यहाँ पनि क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा खुलाए बमोजिमको हुनु पर्दछ । यो तालिका निम्न बमोजिम भर्नु पर्दछ ।

महल-१ : यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रम सङ्ख्या हो, कित्ताको कोड होइन ।

महल-२ : यस महलमा प्रश्न नं. ४.५ बमोजिमका प्रत्येक कित्ताहरुको नाम लेख्नु पर्दछ । कुनै कित्तामा एक भन्दा वढी किसिमका स्थायी बाली भएमा कित्ताको नाम दोहोर्‍याएर लेख्नु पर्दछ । यसरी पहिलो कित्तामा भएका सबै स्थायी बालीको विवरण लेखिसके पछि मात्र अर्को कित्ताको विवरण भर्न शुरु गर्नु पर्छ । यही प्रक्रियाबाट प्रत्येक कित्ताहरुमा भएका स्थायी बालीको विवरण भर्दै जानु पर्दछ । प्रत्येक कित्तामा स्थायी बाली भए नभएको अनिवार्य रुपमा सोध्नु पर्दछ, यदि कुनै कित्तामा सन्दर्भ वर्ष भित्र स्थायी बाली लगाइएको छैन भने सो कित्ताको विवरण भर्नु पर्दैन ।

महल-३ : यस महलमा महल-२ मा लेखिएका कित्ताको कोड प्रश्न ४.५ मा के छ सोही बमोजिम लेख्नु पर्दछ ।

महल-४ : यस महलमा महल-२ मा उल्लेख भए बमोजिमका कित्तामा लगाइएको स्थायी बालीको नाम लेख्नु पर्दछ ।

महल-५ : यस महलमा महल-४ मा उल्लेख भए बमोजिमको स्थायी बालीको कोड यसै पानाको तल पट्टी दिएको कोड अनुसार लेख्नु पर्दछ ।

महल–६ : यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रुपमा लगाइएको भए सो मध्ये फल लाग्ने उमेरको क्षेत्रफल (विघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा मा) उल्लेख गर्नु पर्दछ ।

महल–७ : यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रुपमा लगाइएको भए सो मध्ये फल लाग्ने उमेरको बोट सङ्ख्या उल्लेख गर्नु पर्दछ ।

महल–८ : यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रुपमा लगाइएको भए सो मध्ये फल नलाग्ने उमेरको क्षेत्रफल (बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा मा) उल्लेख गर्नु पर्दछ ।

महल–९ : यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रुपमा लगाइएको भए सो मध्ये फल नलाग्ने उमेरको बोट सङ्ख्या उल्लेख गर्नु पर्दछ ।

महल–१० : यस महलमा महल-४ मा लेखिएका बगैँचाको रुपमा नलगाइएका स्थायी बालीको छरिएर रहेका बोट सङ्ख्या उल्लेख गर्नु पर्दछ ।

बालीहरुको विस्तृत विवरण परिच्छेद ५ मा दिइएको छ ।

४.६२ कुनै बगैँचामा फल लाग्ने र नलाग्ने उमेरका बोट मिसिएका छन् भने औसत हिसाबले फल लाग्ने वा नलाग्ने बोटले ओगटेको क्षेत्रफल छुट्याउन सकिन्छ भने छुट्याएर लेख्नु पर्छ र नसकिने भएमा फललाग्ने वा नलाग्ने कुन ले बढी क्षेत्रफल ओगटेको छ, त्यस अन्तरगत सो क्षेत्रफल लेख्नु पर्छ ।

४.६३ **चिया वगैँचा** : कृषि चलन भित्र रहेको चिया खेतीको विवरण पनि माथि उल्लेख गरिएको स्थायी बाली बमोजिम भर्नु पर्छ । यसमा पात टिप्ने वेला भएकोलाई फल लाग्ने उमेरको क्षेत्रफल अन्तरगत र पात टिप्ने बेला नभएकोलाई फल नलाग्ने उमेरको क्षेत्रफल अन्तरगत लेख्नु पर्छ । यसमा बोट सङ्ख्या उल्लेख गर्नु पर्दैन ।

४.६४ **घाँस जातिको रुख** : कृषि चलन भित्र बगैँचाको रुपमा लगाइएको घाँस जातिका रुख भए सो को क्षेत्रफल र बोट सङ्ख्या लेख्नु पर्छ, र छरिएर रहेको भए सो को सङ्ख्या मात्र लेख्नु पर्छ । घाँस काट्ने बेला भएकालाई फल लाग्ने उमेरको क्षेत्रफल अन्तरगत लेख्नु पर्छ र घाँस काट्ने बेला नभएकोलाई फल नलाग्ने उमेरको क्षेत्रफल अन्तरगत लेख्नु पर्छ । खरबारीको हकमा यसले ओगटेको क्षेत्रफल मात्र फल नलाग्ने क्षेत्रफल अन्तरगत उल्लेख गर्नु पर्छ ।

४.६५ **बाँसघारी** : यसमा बाँसघारीले ओगटेको क्षेत्रफल र यस अन्तरगत लागेका घारी सङ्ख्या लेख्नु पर्छ । क्षेत्रफल लिन सम्भव नभए घारी सङ्ख्या मात्र लेख्नु पर्छ । निगालोले ओगटेको क्षेत्रफल पनि यसै अन्तरगत लेख्नुपर्छ । यसलाई फल नलाग्ने उमेरको क्षेत्रफल अन्तरगत लेख्नु पर्छ । यहाँ ध्यान दिनु पर्ने के छ भने निजी बनबनेलो अन्तरगत भएका बाँस यहाँ समावेस हुँदैन ।

४.६६ **प्रश्न नं. ५.४** : यहाँ बालीहरुको बिजनको किसिम, कीटनाशक औषधिको प्रयोग, सिँचाइ तथा मलको प्रयोग भएको, सिँचाइ नभएको तर मलको प्रयोग भएको, खनिज (रासायनिक) मलको प्रयोग भएको क्षेत्रफल तथा परिमाण जस्ता विवरण उल्लेख गर्नु पर्छ । जस्तै : धानको सन्दर्भमा-कृषकले गतवर्ष कुन बीउ प्रयोग गऱ्यो स्थानीय वा उन्नत वा दुवै के हो सो खुलाउनु पर्दछ । स्थानीय मात्र प्रयोग गरेको रहेछ भने महल-३ को १ मा गोलो घेरा (०) लगाउने, उन्नत मात्र प्रयोग गरेको रहेछ भने २ मा घेरा लगाउने र दुवै प्रयोग गरेको रहेछ भने ३ मा घेरा लगाउनु पर्छ । उन्नत बीउ भन्नाले कृषकले उन्नत बीउ बाँडने सँघ सस्थाबाट खरिद गरी ल्याएको वा सित्तैमा प्राप्त गरेको बीउलाई जनाउछ । यस्तो बीउ प्रयोग गरी भएको उत्पादनलाई पुनः दुई पटक सम्म बीउको रुपमा प्रयोग गरेको भए त्यसलाई पनि उन्नत बीउ मान्नु पर्छ । त्यस्तै कृषकले धान बालीमा गत वर्ष भित्रमा कीटनाशक औषधि प्रयोग "गऱ्यो कि गरेन" सोध्ने र प्रयोग गरेको रहेछ भने महल-४ को १ मा घेरा (०) लगाउने र प्रयोग गरेको रहेनछ भने २ मा घेरा लगाउनु पर्छ । त्यस्तै कृषकको आफ्नो चलनको धान बालीमा गत वर्ष सिँचाइ तथा मल दुवैको प्रयोग गऱ्यो कि गरेन सोध्ने र दुवैको प्रयोग गरेको रहेछ भने महल-५ मा कुन जातको मल प्रयोग गऱ्यो सो समेत सोधी उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्छ । यदि सिँचाइको प्रयोग नभएको तर मलको मात्र प्रयोग भएको रहेछ भने महल-६ मा कुन प्रकारको मल प्रयोग भएको हो सो समेत सोधी उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्दछ । कुनै कृषकले खनिज/रासायनिक मलको प्रयोग गरेको भए कति क्षेत्रफलमा प्रयोग गरेको हो सो महल-७ मा लेखेपछि महल-८ मा प्रयोग भएको खनिज/रासायनिक मलको जम्मा परिमाण समेत किलोग्राममा खुलाउनु पर्दछ । यसरी खनिज/रासायनिक मलको परिमाण खुलाउदा एउटै बालीमा दुई तीन पटक मल प्रयोग गरेको भए सो बालीमा प्रयोग भएको जम्मा मलको परिमाण लेख्नु पर्दछ । यदि कुनै बालीमा स्थानीय र खनिज दुबै मल प्रयोग गरेको भए खनिज मलले ढाकेको क्षेत्रफल मात्र महल-७ मा उल्लेख गर्नु पर्दछ । बाली अनुसार खनिज मल प्रयोग भएको क्षेत्रफल उल्लेख गर्दा सो बालीको कुल क्षेत्रफल मध्ये जति क्षेत्रफलमा खनिज मल प्रयोग भएको हो सो मात्र खनिज

मलले प्रयोग भएको क्षेत्रफल अन्तरगत राख्नु पर्दछ। क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा उल्लेख भए बमोजिम कै हुनु पर्दछ। यसरी नै मकै, गहुँ, आलु, उखु, तरकारी तथा अन्य बालीको समेत विवरण भर्नु पर्दछ।

भाग ६ : पाल्तु चौपाया र चराचुरुङ्गीको सङ्ख्या

४.६७ **प्रश्न नं ६.१ :** यो प्रश्नमा कृषकले कुनै पाल्तु चौपाया पालेको छ कि छैन सोधी पालेको छ भने १ मा घेरा (०) लगाउनु पर्छ र प्रश्न नं ६.२ देखि सोध्नु पर्छ। चौपाया पालेको छैन भने २ मा घेरा (०) लगाउनु पर्छ र पाल्तु चौपाया नभएका कृषकहरुसँग प्रश्न नं ६.३ देखि सोध्नु पर्छ।

४.६८ **प्रश्न नं ६.२ :** यहाँ विभिन्न किसिमका पाल्तु चौपायाको सङ्ख्या खुलाउनु पर्ने हुन्छ।

(१) **गाई/गोरु सङ्ख्या** : चलनमा रहेका गाई/गोरु, बाच्छा/बाच्छिको जम्मा सङ्ख्या कोड नं. १० अगाडी जम्माको महल-४ मा लेख्नु पर्दछ र सो मध्ये स्थानीय वा उन्नत समेत खुलाएर उपयुक्त महलमा लेख्नु पर्दछ। १ वर्ष मुनिका साना बाच्छाको सङ्ख्या कोड नम्बर ११ मा, १ वर्ष मुनिका साना बाच्छीको सङ्ख्या कोड नं. १२ मा, १ वर्ष देखि ३ वर्ष मुनिका बाच्छाको सङ्ख्या कोड नं. १३ मा, १ वर्ष देखि ३ वर्ष मुनिका बाच्छीहरुको सङ्ख्या कोड नं. १४ मा, ३ वर्ष वा सो भन्दा माथिका गोरुहरुको सङ्ख्या कोड नं. १५ मा, ३ वर्ष वा सो भन्दा माथिका जम्मा गाईको सङ्ख्या कोड नं. १६ मा लेख्नु पर्दछ। गाईको जम्मा अन्तरगत ३ बर्ष वा सो भन्दा माथिका ब्याएका, नब्याएका, थारो, बकेर्नो, कहिल्यै दूध नदिने, बैला, हाल दूध दिइरहेका आदी पर्दछन्। त्यस्तै जम्मा गाई मध्ये दूध दिइरहेका गाईहरुको सङ्ख्या कोड नं. १७ मा लेख्नु पर्दछ। यदि १ वर्ष देखि ३ वर्ष मुनिका दूध दिइरहेका गाई भए सो को सङ्ख्या कोड नं. १४ मा नै उल्लेख गर्नु पर्दछ। **यसमा ख्याल गर्नु पर्ने कुरा के छ भने कोड नं ११ देखि कोड नं. १६ सम्म लेखिएका गाई/गोरुको सङ्ख्याको जोड कोड नम्बर १० मा लेखिए बराबर हुनु पर्दछ।**

(२) **याक/नाक/चौंरी सङ्ख्या** : माथि गाई/गोरु मा बताए जस्तै गरी भर्नु पर्दछ। यस अन्तरगत याक/नाक/चौंरीको हकमा जम्मा सङ्ख्या मात्र लेख्नु पर्दछ, स्थानीय वा उन्नत खुलाइरहनु पर्दैन।

(३) **राँगो/भैंसी सङ्ख्या** : यहाँ पनि माथि गाई/गोरु मा बताए जस्तै गरी भर्नु पर्दछ। राँगो/भैंसी, पाडा/पाडीको जम्मा सङ्ख्या कोड नं. ३० अगाडी जम्माको महल-४ मा लेख्नु पर्दछ र सो मध्ये स्थानीय वा उन्नत समेत खुलाएर उपयुक्त महलमा लेख्नु पर्दछ। यसैगरी, १ वर्ष मुनिका साना पाडाको सङ्ख्या कोड नम्बर ३१ मा, १ वर्ष मुनिका साना पाडीको सङ्ख्या कोड नं. ३२ मा, १ वर्ष देखि ३ वर्ष मुनिका पाडाको सङ्ख्या कोड नं. ३३ मा, १ वर्ष देखि ३ वर्ष मुनिका पाडीको सङ्ख्या कोड नं. ३४ मा, ३ वर्ष वा सो भन्दा माथिका राँगोको सङ्ख्या कोड नं. ३५ मा, ३ वर्ष वा सो भन्दा माथिका जम्मा भैंसीको सङ्ख्या कोड नं. ३६ मा लेख्नु पर्दछ। भैंसीको जम्मा अन्तरगत ३ बर्ष वा सो भन्दा माथिका ब्याएका, नब्याएका, थारो, बकेर्नो, कहिल्यै दूध नदिने, बैला, हाल दूध दिइरहेका आदी पर्दछन्। त्यस्तै जम्मा भैंसी मध्ये दूध दिइरहेका भैंसीको सङ्ख्या कोड नं. ३७ मा लेख्नु पर्दछ। यदि १ वर्ष देखि ३ वर्ष मुनिका दूध दिइरहेका भैंसी भए सो को सङ्ख्या कोड नं. ३४ मा नै उल्लेख गर्नु पर्दछ। **माथी जस्तै, यसमा पनि ख्याल गर्नु पर्ने कुरा के छ भने कोड नं. ३१ देखि कोड नं. ३६ सम्म लेखिएका रांगो/भैंसीको सङ्ख्याको जोड कोड नम्बर ३० मा लेखिए बराबर हुनु पर्दछ।**

(४) **बाखा/च्याङ्ग्रा सङ्ख्या** : चलनमा रहेका सम्पूर्ण बाखा च्याङ्ग्रा, पाठा, पाठीको कुल सङ्ख्या कोड नं ४० मा, ६ महिना मुनिका पाठाको सङ्ख्या कोड नं. ४१ मा, ६ महिना मुनिका पाठीको सङ्ख्या कोड नं. ४२ मा, ६ महिना वा सो भन्दा माथिका खसी, बोकाको सङ्ख्या कोड नं. ४३ मा र ६ महिना वा सो भन्दा माथिका बाखीको सङ्ख्या कोड नं. ४४ मा छुट्याएर लेख्नु पर्दछ। **कोड नं. ४१ देखि ४४ सम्मको कुल सङ्ख्याको जोड कोड नं ४० को सङ्ख्याको जोडसँग बराबर हुनुपर्छ।** यस अन्तरगत स्थानीय र उन्नत खुलाइरहनु पर्दैन।

(५) **भेडाको सङ्ख्या** : यस अन्तरगत पनि बाखा/च्याङ्ग्रा कै तरिका बमोजिम लेख्नु पर्दछ।

(६) **सुँगुर सङ्ख्या** : चलनमा रहेका सम्पूर्ण भाले पोथी सुँगुर/बँगुर, पाठा पाठीको जम्मा सङ्ख्या कोड नं. ६० को जम्मा महलमा लेख्नु पर्छ र सो मध्ये स्थानीय र उन्नत उपयुक्त महलहरुमा खुलाएर लेख्नु पर्दछ। ६ महिना मुनिका पाठापाठीको सङ्ख्या कोड नं. ६१ मा र ६ महिना वा सो भन्दा माथिका पाठापाठीको सङ्ख्या कोड नं. ६२ मा छुट्टाछुट्टै लेख्नु पर्दछ। **कोड नं. ६१ र कोड नं. ६२ मा लेखिएको सङ्ख्याको जोड कोड नं. ६० मा लेखिएको सङ्ख्या संग बराबर हुनु पर्दछ।**

(७) **घोडा/घोडी, खच्चर तथा गधा सङ्ख्या** : घोडा/घोडी, खच्चर तथा गधालाई यदि कृषकले कुनै कृषि कार्यको लागि पालेको रहेछ भने यहाँ तिनीहरुको सङ्ख्या लेखिन्छ। अन्य ढुवानी वा व्यापारको उद्देश्यले पालिएको भए यहाँ लेख्नु पर्दैन। यस बमोजिम कोड नं. ७१ मा घोडाको सङ्ख्या लेख्ने र कोड नं. ७२ मा खच्चर तथा गधाको सङ्ख्या लेख्नु पर्दछ।

(८) **खरायो सङ्ख्या** : यस अन्तरगत खरायोको सङ्ख्या कोड नं. ८० मा लेख्नु पर्दछ। शोखको लागि पालेका खरायो भएमा यहाँ उल्लेख गर्नु हुदैन।

(९) **अन्य पाल्तु चौपाया सङ्ख्या** : माथि उल्लेखित चौपाया बाहेक अन्य चौपायाहरु पनि कृषि चलनमा भए अन्य चौपायाको लहर (कोड नं. ९०) मा सो को नाम लेखी सङ्ख्या उल्लेख गर्नु पर्दछ। कुकुर, बिरालो जस्ता चौपायाको सङ्ख्या कृषि गणनामा समावेश गरिएको छैन।

४.६९ **प्रश्न नं. ६.३** : परिवारको चलनमा कुनै चराचुरुङ्गी छन् कि छैनन् सोधी छन् भने १ मा घेरा (०) लगाई प्रश्न नं ६.४ देखि सोध्नु पर्दछ। यदि छैनन् भने २ मा गोलो घेरा (०) लगाई प्रश्न नं. ७.१ देखि सोध्नु पर्दछ।

४.७० **प्रश्न नं. ६.४** : यहाँ कृषि प्रयोजनको लागि पालिएका कुखुरा, हाँस, परेवा आदि चराचुरुङ्गीको सङ्ख्या लेख्नु पर्छ तर शोखको लागि पालिएका चराचुरुङ्गी जस्तै सुगा, मैना, परेवा आदिको सङ्ख्या यसमा लेख्नु हुदैन। कोड नं. ९१ को लहरमा चलनमा रहेका कुखुराको चल्लाको सङ्ख्या जम्मा-महल ४ मा, स्थानीय-महल ५ मा र उन्नत-महल ६ मा लेख्नु पर्दछ। कोड नं. ९२ को लहरमा भाले कुखुराको सङ्ख्या, ९३ को लहरमा फुल पार्ने पोथी कुखुराको सङ्ख्या र ९४ को लहरमा फुल नपार्ने पोथी कुखुराको सङ्ख्या लेख्नु पर्दछ। त्यस्तै कोड नं. ९५ को लहरमा चलनमा रहेका हाँसको जम्मा सङ्ख्या लेख्नु पर्दछ। कोड नं. ९६ को लहरमा परेवाको जम्मा सङ्ख्या लेख्नु पर्दछ। तर शोखको लागि पालिएका वा आफैं आएर गुँड लगाइ बसेका कृषि प्रयोजन बाहेकका परेवाहरु लिनु पर्दैन। कोड नं. ९७ को लहरमा मासु वा फुल खाने उद्देश्यले पालिएका अन्य चराचुरुङ्गी (जस्तै लौकाट, बट्टाई आदि) भए तिनीहरुको जम्मा सङ्ख्या लेख्नु पर्दछ। हाँस, परेवा तथा अन्य चराचुरुङ्गी को हकमा स्थानीय र उन्नत सङ्ख्या खुलाइरहनु पर्दैन, जम्मा मात्र खुलाए पुग्छ।

भाग ७ :कृषि औजार तथा कृषिका साधनहरु

४.७१ **प्रश्न नं. ७.१** : यो प्रश्नमा कृषि उब्जनी बृद्धि गर्न वा कृषि कार्यमा सुगमता ल्याउन प्रयोग गरिएका वा चलनमा रहेका कृषि औजार तथा साधनहरुको स्वामित्व र प्रयोगको विवरण लेख्नु पर्छ। यी साधनहरुको परिभाषा परिच्छेद ५ मा दिइएको छ। यो प्रश्नको महल-२ मा दिइएको कृषि औजार तथा कृषि साधनहरुको बारेमा २ किसिमका विवरणहरु सङ्कलन गरिन्छन्। महल-३ ले प्रयोगलाई जनाउँछ। अर्थात्, गएको वर्ष भित्र कृषकले ती औजारहरुको प्रयोग कृषि कार्यमा गऱ्यो गरेन सोधी, थियो भने १ मा गोलो घेरा लगाउने र थिएन भने २ मा गोलो घेरा लगाउनु पर्छ र यसको सन्दर्भ समय कृषि वर्ष हुन्छ।

४.७२ महल- ५, ६, ७ र ८ मा स्वामित्वको बारेमा उल्लेख गरिन्छ। अथार्त् महल-२ मा उल्लेखित औजारहरु तथा कृषि साधन गणनाको दिन कृषकसँग छन्, छैनन् सोध्नु पर्छ। रहेछन् भने आफ्नो हो कि साझा, जग्गाधनी (मोहीले खेती गरेकोमा जग्गा धनीको औजार) वा अरुको (भाडामा समेत) हो स्वामित्व खुलाउनु पर्दछ। यसको सन्दर्भ समय गणनाको दिन हुन्छ। अर्थात् गणनाका दिन चलनमा रहेका कृषि औजारहरु मध्ये कृषकको आफ्नै हो भने महल-५ मा सङ्ख्या लेख्ने, साझा (केही परिवारको संयुक्त स्वामित्व) हो भने महल-६ मा लेख्ने, जग्गा धनीको हो भने महल-७ मा लेख्ने र अरुको हो भने महल-८ मा सङ्ख्या लेख्नु पर्दछ। यसमा महल-४ को सङ्ख्या महल-५, ६, ७ र ८ को जोड सँग मिलेको छ छैन चेक गर्नु पर्दछ। गणना समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरु समावेश गर्नु हुँदैन। अस्थायी रुपमा बिग्रेको र किनेर बाटोमा ल्याउँदै गरेको साधनलाई पनि यसमा समावेश गर्नु पर्छ। कुनै कृषक परिवारको कृषि औजार तथा कृषिका साधनहरु छोटो समयको लागि भाडामा दिएको भए सो औजार तथा कृषि साधन सोही परिवार अन्तर्गत गणना गर्नु पर्दछ। त्यस्तै कुनै कृषक परिवारले छोटो समयको लागि औजार तथा कृषि साधनहरु भाडामा लिएको भए सो परिवार अन्तर्गत गणना गर्नु हुँदैन।

भाग ८ : गैर आवासीय भवन

४.७३ **प्रश्न नं. ८.१** : यो प्रश्नमा कृषकले गत वर्ष कृषि कार्यको लागि कुनै गैर आवासीय भवनको प्रयोग गऱ्यो गरेन सोध्नु पर्छ र गरेको थियो भने १ मा घेरा (०) लगाउनु पर्छ र प्रश्न नं. ८.२ देखि सोध्नु पर्छ र

थिएन भने २ मा घेरा (०) लगाई प्रश्न नं. ९.१ देखि सोध्नु पर्दछ। गैर आवासिय भवनको परिभाषा परिच्छेद ५ मा दिइएको छ।

४.७४ **प्रश्न नं ८.२** : यो प्रश्नमा गैर आवासीय भवनको प्रयोग र स्वामित्वको बारेमा उल्लेख गरी सङ्ख्या खुलाउनु पर्छ। अर्थात् गैर आवासीय भवनको प्रयोग अनुसार स्वामित्व खुलाउनु पर्छ। जस्तो, कृषि चलनमा चौपायाको लागि वा चराचुरुङ्गीको लागि वा बाली थन्क्याउनको लागि वा अन्य कृषि कार्य का लागि गैर आवासीय भवनको प्रयोग भएको छ छैन ? भएको छ भने त्यो आफ्नो हो वा बहालमा लिएको हो वा अन्य किसिमबाट लिएको हो ? सोधी उपयुक्त महलमा सङ्ख्या लेख्नु पर्दछ र महल-६ मा जम्मा सङ्ख्या उल्लेख गर्नु पर्दछ।

भाग ९ : बनबनेलो तथा मत्स्यपालन

४.७५ **प्रश्न नं. ९.१** : यो प्रश्नमा चलन भित्र फलफूल तथा घाँसका बाहेक अन्य रुख छन् छैनन् ? सोध्नु पर्छ र उपयुक्त कोडमा घेरा लगाउनु पर्छ। यहाँ २ मा घेरा लागेको भएमा प्रश्न ९.२ सोध्नु पर्दैन, ९.३ देखि सोध्नु पर्दछ।

४.७६ **प्रश्न नं. ९.२** : यहाँ फलफूल र घाँस बाहेकका अन्य रुखहरु बगैंचाको रुपमा लगाइएको भए सोको क्षेत्रफल र रुख सङ्ख्या लेख्नु पर्छ। तर विभिन्न ठाउँमा छरिएर रहेका रुख भए सङ्ख्या मात्र महल-३ मा लेख्नु पर्दछ। छरिएर रहेका रुखहरुको क्षेत्रफल उल्लेख गर्नु पर्दैन। क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा उल्लेख भए बमोजिम कै हुनु पर्दछ।

४.७७ **प्रश्न नं. ९.३** : कृषि चलनमा माछा पालेको छ भने त्यसको विवरण यहाँ उल्लेख गर्नुपर्छ। जस अनुसार यो प्रश्नमा चलनमा माछा पालिएको थियो थिएन ? सोधी, थियो भने उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्छ।

४.७८ **प्रश्न नं. ९.४** : यो प्रश्नमा पोखरी, धान खेती वा अन्य ठाउँ मध्ये, कहाँ माछा पालिएको थियो उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्छ। यदि एक भन्दा बढी ठाँउमा माछा पालिएको भए जुन जुन ठाँउमा पालिएको हो त्यहि त्यहि ठाँउ अन्तर्गतको उपयुक्त कोडमा घेरा (०) लगाउनु पर्छ। कुनै कृषि चलनले पोखरीमा माछा पालेको रहेछ भने मात्र पोखरीको कोड १ मा घेरा लगाइ महल-१ मा पोखरीको सङ्ख्या लेख्ने र महल-२ मा पोखरीले ओगटेको क्षेत्रफल बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसा मा उल्लेख गर्ने। क्षेत्रफलको एकाइ प्रश्न नं. ४.५ मा उल्लेख भए बमोजिम कै हुनु पर्दछ। धानखेती वा अन्यत्र माछा पालेको भएमा क्षेत्रफल सोधीरहनु पर्दैन। यहाँ अन्यत्र भन्नाले जस्तैः ताल वा खोलामा केज राखेर माछा पालिएको ठाँउ, आदि बुझ्नु पर्दछ।

भाग १० : कृषि ऋण

४.७९ **प्रश्न नं. १०.१** : यसमा कुनै कृषकले कृषि कार्यको लागि ऋण लिएको भए १ मा घेरा लगाई प्रश्न नं. १०.२ देखि सोध्ने र ऋण नलिएको भए २ मा घेरा लगाई प्रश्न नं. १०.३ देखि सोध्ने। गणनाको दिनमा मुख्य कृषकले ऋण तिर्न बाँकी भए मात्र यस्तो ऋण गन्ती गरिन्छ। गणनाको दिन अगावै ऋण तिरी सकेको भए ऋण लिएको मानिदैन र त्यस्ता कृषकहरुलाई प्रश्न नं. १०.३ देखि मात्र सोध्नु पर्दछ।

४.८० **प्रश्न नं. १०.२** : कृषकले ऋण कहाँबाट लिएको हो उपयुक्त कोड नं. मा घेरा लगाउनु पर्छ। साझा संस्थाबाट लिएको भए १ मा, कृषि विकास बैंकबाट लिएको भए २ मा, जुनसुकै वाणिज्य बैंकहरु बाट लिएको भए ३ मा, साहू महाजनबाट लिएको भए ४ मा, आफन्तबाट लिएको भए ५ मा घेरा लगाउने र यी वाहेक अन्य कुनै श्रोतबाट लिएको भए ६ मा घेरा लगाउनु पर्दछ। यहाँ वाणिज्य वैंक भन्नाले नेपाल वैंक लिमिटेड, रा.वा.वैंक, ग्रामीण विकास वैंक तथा अन्य वैंक हरु पर्दछन्। अन्यमा विभिन्न फाइनान्स कम्पनीहरु, आदि पर्दछन्।

४.८१ **प्रश्न नं. १०.३** : यसमा कृषि कार्यको लागि ऋणको आवश्यकता छ छैन सोधी उपयुक्त कोडमा घेरा लगाउनु पर्दछ। यो प्रश्नमा कृषि ऋण नलिएकालाई ऋणको आवश्यकता र लिएकालाई थप ऋणको आवश्यकता छ छैन सोध्नु पर्दछ। यदि ऋण/थप ऋणको आवश्यकता छ भन्ने उत्तर आएमा कोड नं. १ मा घेरा लगाई प्रश्न नं. १०.४ देखि सोध्ने र छैन भन्ने उत्तर आएमा कोड नं. २ मा घेरा लगाइ प्रश्न नं. ११.१ देखि सोध्नु पर्दछ।

४.८२ **प्रश्न नं. १०.४** : कृषकलाई ऋणको आवश्यकता भएमा यस प्रश्नमा के का लागि हो सोधी प्राथमिकता अनुसार प्रमुख ३ वटा सम्म छुट्टाछुट्टै लहरमा छोटो र स्पष्ट शब्दमा ऋणको उद्देश्य खुलाउनु पर्दछ।

उदाहरणको लागि ती उद्देश्यहरु रासायनिक मलखाद किन्न वा उन्नत बीउ किन्न वा भैँसी, गाई, वाखा, खरायो, बङ्गुर आदि पाल्न वा कुखुरा पाल्न वा तरकारी खेती गर्न वा फलफूल खेती गर्न वा गोवर ग्याँस स्थापना गर्न वा सिँचाइ गर्न वा कृषि सामग्री खरिद गर्न वा माछा पालन गर्नका लागि आदि जस्ता कुराहरु हुन सक्दछन् । कोड लेखिएको महल विभागीय प्रयोजनका लागि हो ।

भाग ११ : विविध

४.८३ **प्रश्न नं. ११.१ :** यस प्रश्नमा गत वर्ष आफ्नै कृषि चलनबाट मात्र भएको आम्दानीले वर्षैभरी परिवारलाई खान पुग्यो पुगेन सोधी, पुगेको भएमा १ मा घेरा लगाइ अन्तर्वार्ता समाप्त गर्ने र नपुगेको भएमा २ मा घेरा लगाइ प्रश्न नं. ११.२ देखि सोध्नु पर्छ । आफ्नै कृषि चलनबाट भएको आम्दानी भन्नाले अन्न खेती, तरकारी खेती, पशुपक्षी पालन, आदि बाट भएको आम्दानी भन्ने बुझ्नु पर्दछ । परिवारका सदस्यले अन्यत्र बाट कमाइ ल्याएको (जस्तै नोकरी, पसल आदि) आम्दानी लाइ यहाँ समावेश गर्नु हुदैन ।

४.८४ **प्रश्न नं. ११.२ :** प्रश्न नं. ११.१ को २ मा घेरा लागेको भएमा, अर्थात् आफ्नै कृषि चलनबाट मात्र भएको आम्दानीले वर्ष भरी खान पुगेन भन्नेलाई मात्र यो प्रश्न सोध्नु पर्दछ । यसमा परिवारलाइ गत वर्ष कति महिना खान पुगेन सो महिना सङ्ख्या उल्लेख गर्नु पर्दछ ।

४.८५ **प्रश्न नं. ११.३ :** यस प्रश्नमा परिवारले नपुग महिनाको लागि कसरि खाद्यान्न प्राप्त गरयो सो खुलाउनु पर्दछ । ऋण लिएर भएमा १ मा, आफ्नो जिल्ला भित्र काम गरी पाएको तलव/ज्याला बाट भएमा २ मा, आफ्नो जिल्ला बाहिर तर देश भित्र काम गरी पाएको तलब/ज्याला बाट भएमा ३ मा, देश वाहिर काम गरी पाएको तलब/ज्याला बाट भएमा ४ मा र यी बाहेक अन्य स्रोत बाट भएमा ५ मा घेरा लगाउनु पर्दछ । अन्य स्रोत भन्नाले पसल, उद्योग धन्दा आदि बुझ्नु पर्दछ ।

अन्य फारामहरु

४.८६ कृषि गणनामा गणक र सुपरिवेक्षकहरुको कार्यको अनुगमन, मूल्याङ्कन र नियन्त्रण गर्न विभिन्न किसिमका फारामहरुको व्यवस्था गरिएको छ । यी मध्ये केही गणकले र केही सुपरिवेक्षकहरुले भर्नु पर्छ । यी फारामहरुको पृष्ठभूमिमा विश्लेषण गर्दा तथ्याङ्क प्रशोधनको नतिजा बढी व्यावहारिक र यथार्थ हुन्छ । यस बाहेक यी फारामहरुबाट गणना क्षेत्रमा देखा पर्ने समस्याहरुको पहिचान गरेर समाधान गर्न सजिलो हुन्छ । यी फारामहरुले पछि आउने कृषि गणनाहरुलाई समेत मार्ग प्रर्दशन गर्दछन् ।

गणकको दैनिक प्रगति विवरण फारामहरु

सूचीकरण प्रगति फाराम (ग.फा.नं. १) :

४.८७ यो फाराम लगत नं. १ (कृषि चलनको लगत) भर्दा भरिने फाराम हो । यसमा गणकले दैनिक रुपमा सूचीकरण गरेका कृषि चलनहरुको लगतको कार्य प्रगति उल्लेख गरिन्छ । यस फाराममा सर्वप्रथम तपाईंले विवरण सङ्कलन गर्न लागेको जिल्ला, गा.वि.स./नगरपालिका, वडा नं. र गणना क्षेत्र नियन्त्रण सङ्ख्या सम्बन्धित स्थानमा लेख्नु पर्दछ । तपाईंले विवरण सङ्कलन गर्न लागेको गणना क्षेत्रको कृषि चलनको अनुमानित जम्मा सङ्ख्या सम्बन्धित गणना क्षेत्रका पदाधिकारी वा त्यहाँका गण्यमान्य व्यक्तिहरुबाट प्राप्त जानकारीको आधारमा लेख्नु पर्छ । यो सङ्ख्याले तपाईंलाई सङ्कलित पारिवारिक विवरणको सत्यता परीक्षण गर्ने कार्य योजना तय गर्न सघाउ पुऱ्याउँछ । तर तपाईंले उक्त सङ्ख्यालाई आधार मानेर पूर्वाग्रही बन्नु भने हुदैन अर्थात् अनुमानित सङ्ख्या भन्दा वास्ताविक सङ्ख्या फरक पनि हुन सक्छ भन्ने कुरा ख्याल राख्नु पर्दछ ।

४.८८ यस फारामको महल-१ मा दिनको क्रमसङ्ख्या लेख्नु पर्छ । महल-२ मा लगत सङ्कलन गर्दाको मिति लेख्नु पर्छ । महल-३ मा महल-१ र २ को क्रमानुसार तपाईंले लगत सङ्कलन गरेका कृषि चलनको सङ्ख्या लेख्नु पर्छ । महल-४ मा कैफियत लेख्नु पर्छ; यसमा सूचीकरण गर्दा तपाईंले सामना गरेका समस्याहरु केहि भएमा वा अन्य केहि विशेष कुराहरु भएमा सो उल्लेख गर्नुपर्छ ।

गणना प्रगति फाराम (ग.फा.नं. २) :

४.८९ यो फाराम प्रत्येक गणना क्षेत्रका छानिएका कृषि चलनहरुको लगत नं. २ (व्यक्तिगत विवरण) भर्दा भरिने फाराम हो । यसमा गणकले दैनिक रुपमा गणना गरेका कृषि चलनहरुको कार्य प्रगति उल्लेख गरिन्छ ।

यस फाराममा सर्वप्रथम तपाईंले विवरण सङ्कलन गर्न लागेको जिल्ला, गा.वि.स./नगरपालिका, वडा नं. र गणना क्षेत्र नियन्त्रण सङ्ख्या सम्बन्धित स्थानमा लेख्नु पर्दछ। तपाईंले गणना गर्न लागेको गणना क्षेत्रमा छानिएका कृषि चलनको (अर्थात् गणना गर्नु पर्ने) जम्मा सङ्ख्या उपयुक्त कोठामा लेख्नु पर्छ। छानिएका कृषि चलनको (अर्थात् गणना गर्नु पर्ने) जम्मा सङ्ख्या लगत नं. ३ वाट प्राप्त हुन्छ। यो सङ्ख्या २० देखि ३० को बीचको हुन्छ।

४.९० यस फारामको महल-१ मा दिनको क्रमसङ्ख्या लेख्नु पर्छ। महल-२ मा लगत नं. २ भर्दाको मिति लेख्नु पर्छ। महल-३ मा महल-१ र २ को क्रमानुसार तपाईंले लगत नं. २ भरेका कृषि चलनको सङ्ख्या लेख्नु पर्छ। महल-४ मा कैफियत लेख्नु पर्छ; यसमा लगत नं. २ भर्दा तपाईंले सामना गरेका समस्याहरु केहि भएमा वा अन्य केहि विशेष कुराहरु भएमा सो उल्लेख गर्नुपर्छ।

परिच्छेद ५
अवधारणा तथा परिभाषा

५.१ यस परिच्छेदमा कृषि गणना २०५८ मा लगत नं. १, लगत नं. २ तथा अन्य फारामहरुमा प्रयोग भएका विभिन्न महत्वपूर्ण शब्द, शब्दावलीहरुको व्याख्या गरिएको छ। गणकले यो परिच्छेद राम्रोसँग नपढी गणना कार्य गर्न गाह्रो पर्दछ। तसर्थ, यो खण्ड महत्वपूर्ण छ। लगत नं. १ वा लगत नं. २ को विवरण सङ्कलन गर्दा कुनै शब्दको अर्थ प्रष्ट नभएमा यो परिच्छेद हेर्नु पर्दछ।

कृषि कार्य

५.२ कृषि कार्य भन्नाले निम्न लिखित कार्यहरुलाई बुझाउँदछ :

(क) अन्न, तरकारी, फलफूल, नगदे र अन्य कृषि बाली उत्पादन,

(ख) गाई-भैंसी, भोडा-बाखा, सुँगुर आदि पशुपालन,

(ग) अर्थोपार्जन वा मासु, फुल उत्पादनको दृष्टिले गरिने चराचुरुङ्गी पालन, तथा

(घ) मत्स्य एवं मौरी पालन जस्ता कार्यहरु तथा बनबनेलोको रुख लगाउने कार्य।

कृषि चलन

५.३ एउटै व्यक्ति वा निकायले रेखदेख गरेको वा एउटै व्यवस्थापन अन्तरगतको कृषि उत्पादनको एक आर्थिक एकाइलाई कृषि चलन भनिन्छ। यस्तो कृषि चलन भित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै शर्तमा लिई आंशिक वा पूर्ण रुपमा कृषि उत्पादनको हेतुले पालिएका पशुपक्षीहरु वा जुनसुकै आकारको भएपनि कृषि हेतुले उपयोग गरिएको सम्पूर्ण जग्गा पर्दछ। एउटै व्यबस्थापन भन्नाले कुनै व्यक्ति वा परिवारले सञ्चालन गरेको वा गराइएको बुझ्नु पर्दछ। चलन गरिएको जग्गा एकै जिल्लाको एकै वडामा वा विभिन्न वडामा वा एकै स्थानमा वा विभिन्न स्थानमा छरिएको वा एक भन्दा बढी कित्ता मिलेर बनेको हुन सक्छ। यसरी कित्ता छरिएको भए तापनि सामूहिक रुपमा खेताला, औजार वा तान्ने जोत्ने जनावरहरु जस्ता उत्पादनका प्रमुख साधनहरुको प्रयोग गरिएको भए एकै आर्थिक एकाइ द्वारा सञ्चालित कृषि चलन मानिएको छ। विभिन्न कित्ताहरु एकै आर्थिक एकाइ अन्तरगत पर्न उत्पादनका साधनहरुको उचित हदसम्म साझा प्रयोग भएको हुनु पर्छ। सजिलो अर्थमा भन्दा एक व्यक्तिको जिम्मा र रेखदेखमा रहेको एउटा जिल्ला भित्रको सम्पूर्ण कृषि कार्यलाई "कृषि चलन" भनिन्छ।

५.४ राष्ट्रिय कृषि गणना २०५८ मा जग्गाको क्षेत्रफल वा पशुपक्षीको सङ्ख्या तल लेखिए बमोजिम भएमा मात्र कृषि चलन मानिएको छ :

(क) हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना वा १ माटोमुरी (०.०१२७२ हेक्टर) र तराईका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा भएमा (अर्थात् कृषकले सन्दर्भ वर्ष भित्रमा कम्तीमा यति जग्गामा बाली लगाएको हुनै पर्छ), वा

(ख) जुनसुकै उमेरका कम्तीमा २ वटा गाई-भैंसी पालेको भएमा, वा

(ग) कम्तीमा ५ वटा भेडा-बाखा जस्ता चौपाया पालेको भएमा, वा

(घ) चल्ला र माउ गरी कम्तीमा २० वटा सम्म चराचुरुङ्गी (कुखुरा, हाँस, आदि) पालेको भएमा, वा

(ङ) साना ठूला गरी कम्तीमा ५ वटा चौपाया पालेको भएमा, जस्तै : ४ वटा बाखा र १ वटा गाई पालेको भएमा पनि कृषि चलन मानिनेछ।

५.५ तल लेखिएका आर्थिक कृयाकलापहरुमा मात्र संलग्न आर्थिक एकाइलाई कृषि चलन मानिदैन। किनभने यी कृयाकलाप कृषि कार्यको परिधि बाहिर पर्दछन्।

(क) शिकार खेल्न वा मनोरञ्जन गर्न बनाइएका स्थानहरुको सञ्चालन,

(ख) जङ्गल तथा रुख कटानी,

(ग) माछा समात्ने/मार्ने काम,

(घ) कृषि सेवामा मात्र सीमित आर्थिक एकाइ जस्तै, माटो परीक्षण गर्ने प्रयोगशाला।

५.६ कृषि चलन सम्बन्धी धारणालाई स्पष्ट पार्न तल दिइएका बुँदाहरुले सहयोग पुऱ्याउने छन् :

(क) कृषि चलन हुनका लागि जग्गा हुनै पर्छ भन्ने छैन । यदि पशुपक्षी पालन गरेको रहेछ भने पनि कृषि चलन मानिन्छ । यसको लागि कृषि उत्पादनको साधनको रुपमा जग्गा हुनु अनिवार्य छैन ।

(ख) एकै व्यक्तिको स्वामित्वमा अथवा निर्देशनमा रहेको भएतापनि उत्पादनको आर्थिक एकाइहरु अलग व्यक्तिहरुले सञ्चालन गरेका भएमा बेग्ला बेग्लै कृषि चलन मानिन्छ । जस्तै : लक्ष्मी देवीको एकै वडाको तीन ठाउँमा जग्गा छ र निजले ती तीन ठाउँमा आफ्ना तीनवटा छोरालाई अलग अलग जग्गा दिई छुट्टा छुट्टै खेतीपाती गर्ने जिम्मेबारी सुम्पेकी रहीछन् र उनका तीनवटै छोराहरु आ-आफ्नो परिवार सहित अलग अलग बस्दा रहेछन् भने तीनवटा चलन मान्नु पर्दछ । उक्त तीनै ठाउँका जग्गा आमा लक्ष्मी देवी कै नाममा रहेको पनि हुन सक्छ ।

(ग) एकै "कृषि चलन" दुई वा दुई भन्दा बढी व्यक्तिहरुले संयुक्त रुपमा चलाएको पनि हुन सक्छ । त्यसलाई एकै कृषि चलन मानिन्छ ।

(घ) यदि कृषि उत्पादनका लागि साझा, गुठी, सहकारी, सङ्घ, संस्था, निजी गुठीका सदस्यलाई आर्थिक तथा प्राविधिक जिम्मेवारी वहन गर्ने गरी कुनै कृषि कार्यको जिम्मा लगाइएको भएमा त्यसलाई एक कृषि चलन मानिन्छ ।

(ङ.) मुख्य कृषकका अन्य पेसाहरु पनि हुन सक्छन् ।

(च) सार्वजनिक चउर, चरन, सरकारी बन लाई कृषि चलन मानिदैन । तसर्थ, कृषि गणनामा यस्ता जग्गालाई समावेश गरिदैन ।

५.७ उदाहरणको लागि, कुनै एक व्यक्तिको निम्न अनुसार जग्गा रहेछ :

(क) कपिलवस्तु जिल्लाको कृष्ण नगर, गा.वि.स. वडा नं. ४ मा २ बिघा खेती गरेको जग्गा,

(ख) सोही गाविसको वडा नं. ५ मा २ बिघा खेतमा माछा पालन, १० कट्ठामा खेती र २ कट्ठामा घरबास,

(ग) तौलीहवा न.पा. वडा नं. ७ मा ५ बिघा खेती गरेको जग्गा,

(घ) रुपन्देही जिल्लामा १५ बिघा खेती गरेको जग्गा ।

यस स्थितिमा यदि कृषि गणना कपिलबस्तु, कृष्णनगर गा.वि.स. वडा नं. ५ मा सम्पन्न हुँदैछ भने माथि (क) देखि (ग) सम्म लेखिएका जग्गालाई एक कृषि चलन मानिनेछ । तर (घ) को जग्गा अर्कै जिल्लामा परेको हुनाले यसको लगत कपिलबस्तु जिल्लाबाट लिइदैन । लगत सङ्कलन गर्दा परिवारको आधारमा गरिने भएकोले यस उदाहरणमा कपिलबस्तु जिल्लामा रहेका सबै जग्गाहरु लगत सङ्कलनमा पर्ने भएका हुन् ।

कित्ता

५.८ कृषि गणनामा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (नापीमा) प्रयोग गरिएको कित्ता एकै होइनन् । कृषि गणनामा वरिपरि अरुको साँध भएको बीचमा छुट्टै परेको जमिनको भागलाई कित्ता भनिन्छ । तर कहिले काँही एकातिर खोला जंगल, भीर, नदी आदिको साँध हुन सक्छ । जग्गाको कित्ता र गह्रा फरक फरक कुरा हुन् । एकै चलन अन्तरगत दुई वा दुई भन्दा बढी कित्ता हुनका लागि एक कित्ता भित्रका गह्रा अर्को कित्ता भित्रका गह्रासँग कतै तिरबाट जोडिएको हुनु हुँदैन । कृषि गणनाको सन्दर्भमा कित्ता सम्बन्धी अवधारणालाई बुझ्न निम्न कुराहरु ध्यान दिनु पर्दछ :

(क) कित्ता भन्नाले लालपुर्जामा उल्लेख हुने कित्ता नभइ खेत वा बारीको चक्ला अर्थात् एकै ठाउँमा रहेको वरिपरि अर्को व्यक्तिले चलन गरेको जग्गा वा प्राकृतिक सीमाले छुट्याएको जग्गाको टुक्रालाई बुझाउँछ ।

(ख) आफ्नो हकको आफैँले चलन गरेको जग्गासँग अरुसँग कुनै पनि शर्तमा (भोगबन्धक, जिन्सी, नगद तिर्ने गरी, अधियाँ वा अन्य शर्तमा) लिई चलन गरेको जग्गा जोडिएको रहेछ भने एउटै कित्ता मानिन्छ ।

(ग) एउटै चलनमा रहेको जग्गाको चक्लाको बीचमा स्थायी ठूलो बाटो, नदी, नहर, कुलो, खोला, आदि छन् भने त्यसले टुक्रयाएका फरक फरक टुक्रालाई अलग अलग कित्ता मान्नु पर्छ ।

(घ) कुनै एउटा चक्ला वा टुक्रा जग्गा खेत र पाखोमा विभाजित हुन सक्छ त्यस्तो अबस्थामा ती दुबैलाई सिद्धान्ततः एउटै कित्ता मान्नु पर्ने हो । तर, गणनामा खेत र पाखोको क्षेत्रफल छुट्टाछुट्टै लेख्नु पर्ने हुन्छ । साथै, पाखो र खेतका सिँचाइका स्रोत फरक फरक हुन सक्ने भएको हुँदा एउटै कित्ता मानेर विवरण सङ्कलन गर्न गाह्रो पर्न सक्छ । तसर्थ, त्यस्तो अवस्थामा खेत, पाखोलाई दुई कित्ता मानेर विवरण सङ्कलन गर्नुपर्छ ।



माथिको चित्रमा कुनै कृषकले चलन गरेको जग्गाको स्थिति देखाइएको छ :

"क" उनको छिमेकीले चलन गरेको खेत हो ।

"ख" उनको आफ्नै हकको आफैले चलन गरेको खेत हो ।

"ग" उनको अर्कोसँग अधियाँ (बाली बाँड्ने) शर्तमा लिइएको खेत हो ।

"घ" उनको आफ्नै हकको खेत आफैले चलन गरेको खेत हो ।

"ङ." उनको आफ्नै हकको आफैले चलन गरेको बारी (पाखो) हो ।

"च" छिमेकीले चलन गरेको उनको आफ्नो हकको खेत हो ।

"छ" उनको छिमेकीले चलन गरेको खेत हो ।

"ज" उनको आफ्नो हकको आफैले चलन गरेको खेत हो ।

"झ" उनको आफ्नो हकको आफैले चलन गरेको खेत हो ।

गणनाको लागि - "ख", "ग", "घ" एउटै कित्ता हो । त्यस्तै "ङ" कित्ता "ख","ग","घ" कित्ताहरुसँग जोडिएको भएता पनि पाखो भएको हुनाले छुट्टै कित्ता हुन्छ । "ग" टुक्रा आफ्नै हकको खेत नभएता पनि आफूले चलन

गरेको र आफ्ना अरु खेतहरुसँग जोडिन गएकोले एउटै कित्ता हुन्छ। "च" र "ज" सँगै जोडिएको र आफ्नै हकको जग्गा भए पनि "च" छिमेकीले चलन गरेको र "ज" आफैले चलन गरेको हुनाले "ज" लाई मात्र उसको कित्ता मानी लेख्नु पर्दछ। "झ" अर्को एक कित्ता हो। यो उदाहरणमा कित्ता "ख" र "च" लाई स्थायी बाटोले छुट्याएको छ र कित्ता "ज" र "झ" लाई नदीले छुट्याएको छ। यहाँ, कृषकले चलन गरेको जम्मा जग्गामा ४ वटा कित्ताहरु भए र लगत नं. २ को प्रश्न नं. ४.२ मा सोही अनुसार कित्ता सङ्ख्या लेख्नु पर्दछ, जबकि लालपुर्जा अनुसार धेरै कित्ता हुन सक्दछन्।

मुख्य कृषक

५.९ चलन गरेको जग्गाको चाँजो पाँजो मिलाउने, उपलब्ध हुन सक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निणर्य गर्ने, कृषि उत्पादनको वितरण सम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारी समेत वहन गर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ। मुख्य कृषकले आफ्नो वा आफ्नो परिवारको हकको अथवा अरुको जुनसुकै शर्तमा लिएको जग्गाको आफैले वा मेनेजर जस्ता प्रतिनिधि मार्फत् दैनिक कामको रेखदेख गराएको हुन सक्छ। मुख्य कृषक र परिवारको मूली एकै व्यक्ति हुन वा नहुन सक्छ। मुख्य कृषक छुट्याउन निम्न कुरामा ध्यान दिनु पर्ने हुन्छ।

(क) परिवारको मूली भन्नाले घरको दैनिक व्यवहारको चाँजोपाँजो मिलाउने र परिवारका सदस्यले मूलीको रुपमा मानेको व्यक्ति सम्झनु पर्छ। मुख्य कृषक भन्नाले कृषि चलनको आर्थिक तथा प्राविधिक विषयमा निर्णय लिने, खेतीपातीको रेखदेख गर्ने, निर्देशन दिने व्यक्तिलाई जनाउँछ।

(ख) मुख्य कृषकले चलनको रेखदेख आफू स्वयंले वा अरु व्यक्ति (मेनेजर) बाट गराइ राखेको हुनसक्छ। अरुबाट रेखदेख गराइएकोमा आर्थिक तथा प्राविधिक विषयमा उसले निर्देशन दिएको हुन्छ।

(ग) मुख्य कृषक दुई प्रकारका हुन्छन् :

(अ) कृषि चलनमा अरुलाई निर्देशन दिनुको साथै आफू पनि विभिन्न कामहरु गर्ने (जस्तैः रोप्ने, काट्ने, खन्ने, जोत्ने, बाली स्याहार्ने आदि काम पनि गर्ने) व्यक्तिहरु।

(आ) चलनको रेखदेख गर्ने, निर्देशन दिने र कामदार द्वारा काम गराउने व्यक्तिहरु। सामान्यतया यस्ता व्यक्तिहरु जागिर, अध्यापन आदि अन्य पेसा भएका वा सम्पन्न आर्थिक अवस्थाका वा अशक्त पनि हुन सक्दछन्।

(घ) कुनै व्यक्ति कृषि चलनको मुख्य कृषक हुनुको अतिरिक्त अन्य कार्यमा पनि संलग्न भएको हुन सक्छ, जस्तै : जागिर, उद्योग, वाणिज्य, बन्द-व्यापार आदि। मुख्य कार्य अन्य भएता पनि यदि उसले रेखदेख, निर्देशन, तथा आर्थिक एवं प्राविधिक बिषयमा निर्णय दिन्छ भने उसलाई नै मुख्य कृषक मान्नु पर्छ।

(ङ.) हाम्रो समाजमा प्रायः जसको नाममा जग्गा छ उसैलाई मुख्य कृषक भन्ने गरेको पनि पाइन्छ। तर गणनाको लागि मुख्य कृषक भन्नाले जग्गाको कानुनी स्वामित्व वाला नभई जसले खेतको आर्थिक तथा प्राविधिक चाँजो पाँजो मिलाउछ सोही व्यक्तिलाई बुझ्नुँछ। कहीँ कहीँ ४-५ भाइको जग्गा ४-५ भाइकै नाममा रहेको र मुख्य कृषक कुनै एक भाइ रहेकोमा उसलाई मात्रै मुख्य कृषकमा लेखिएमा सबै जग्गा उसैको हुने भ्रमले उसलाई मुख्य कृषक बनाउन चाहँदैनन्। यस्तो भ्रम हुनुको कारण उनीहरुले गणनाको प्रकृति र गोपनीयताको बारेमा नबुझ्नु नै हो। यस बारेमा राम्रोसँग सम्झाइ सकेपछि मात्र गणना कार्य थाल्नु पर्छ।

(च) मुख्य कृषकका केही उदाहरणहरु :

(अ) एउटा परिवारमा राम बिलास घरपरिवारको मूली हुन्, तर घरको खेतीपातीको रेखदेख बन्दोबस्त उनको श्रीमती लक्ष्मी देवीले गर्छिन् भने लक्ष्मीनै मुख्य कुषक हुन्छिन्।

(आ) धनिया देवि भन्ने व्यक्ति स्कूलमा पढाउँछिन् र घरपरिवारको खेती पातीमा के कसरी गर्ने भन्ने बारेमा निर्णय पनि दिन्छिन्। आम्दानी र समयको दृष्टिले शिक्षण नै उनको मुख्य पेसा हो। तर पनि कृषि चलनको मुख्य कृषक उनी नै हुन्छिन्।

(इ) मोती लालको घरमा ४ जना परिवार सबै कृषि चलनमा रोप्ने काट्ने खन्ने, जोत्ने जस्ता काम मिलेर गर्छन्। तर खेतीपातीका बारेमा अन्तिम निर्णय मोतीलालले लिने गर्छन् भने उनी नै मुख्य कृषक हुन्छन्।

(ई) श्याम लाल नोकरी गर्छन् र उनको आफ्नो कृषिमा दैनिक रेखदेख गर्न, खेताला लगाउनको लागि अर्को व्यक्ति नियुक्त गरेका छन् तर, खेतीपातीको बारेमा महत्वपूर्ण निर्णय आफैले दिन्छन् भने उक्त चलनको मुख्य कृषक श्याम लाल नै हुन्छन् ।

परिवार

५.१० परिवार भनेको एउटै भान्सामा खाने र एउटै आम्दानी-खर्चले व्यवहार चलाउने व्यक्तिहरुको समूह हो । परिवार विभिन्न किसिमका हुन सक्छन्, जस्तै : एक व्यक्ति परिवार, बहु व्यक्ति परिवार आदि ।

५.११ एक व्यक्ति परिवार भन्नाले आफ्नो जीवन निर्वाहका लागि आवश्यक खानपान तथा अन्य व्यबस्था आफैले गर्नेलाई बुझाउँछ भने बहु व्यक्तिको परिवार भन्नाले दुई वा सो भन्दा बढी व्यक्तिहरुको समूहलाई जनाउँछ । यस्तो परिवारले आफ्नो समूहको खानपान र जीवन निर्वाह सम्बन्धी आवश्यकतालाई संयुक्त रुपबाट समाधान गर्छन्, त्यस्तो समूहमा रहेका परिवारको सदस्यले आफ्नो आम्दानी-खर्च साझा बजेट बनाएर संयुक्त रुपबाट चलाउन सक्छन् । तिनीहरु नातेदार हुन पनि सक्छन् नहुन पनि सक्छन् । असम्बन्धित (नाता नपर्ने) व्यक्तिहरु मिलेर पनि परिवार बन्न सक्छ । परिवारले पूरा घर, घरको आंशिक भाग वा एक भन्दा बढी घर ओगटेका वा चलन गरेका हुन सक्छन् ।

५.१२ नेपालको कृषि सन्दर्भमा कृषक परिवार र कृषि चलन भन्नु साधारणतया एउटै कुरा हो । प्रायः कृषक परिवारले कृषि चलनलाई प्रतिनिधित्व गरेको हुन्छ । कृषक परिवार एउटा सामाजिक सङ्गठन हो भने कृषि चलन कृषि कार्य भित्रको एउटा आर्थिक एकाइ हो । एउटै परिवारका सदस्यहरुको एक भन्दा बढी कृषि चलन भएको वा एक भन्दा बढी परिवारको एउटै कृषि चलन भएको कम पाइन्छ ।

५.१३ मुख्य कृषकले आफ्नो कुनै कामदारलाई उसको र उसका परिवारको निर्वाहको निमित्त केही जग्गा कमाउन दिई निजलाई काम लगाएको भए सो जग्गालाई छुट्टै चलन मान्नु पर्छ ।

५.१४ कृषि गणनाको सन्दर्भमा कृषक परिवार भित्रका सदस्यहरुलाई गणना गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्दछ :

(क) कुनै कृषक परिवारको व्यक्ति घर, डेरा वा बासस्थानको व्यवस्था मिलाई खेती, व्यापार, उद्योगधन्दा वा यस्तै प्रकृतिको काम गरी अक्सर अन्यत्रै बसोबास गरेको भए त्यस्ता व्यक्तिलाई कृषि चलन भित्रको परिवार सदस्यमा गणना गर्नु हुँदैन ।

(ख) कुनै कृषक परिवारको सदस्य मध्ये कोही सरकारी वा अर्धसरकारी वा गैर सरकारी सङ्घसंस्था आदिमा जागिर, रोजगार भएका र जागिर भएकै ठाउँमा घर, डेरा गरी बसोबास गर्दै आएका छन् भने उनीहरुलाई कृषि चलन भित्रको परिवार भित्र गणना गर्नु हुँदैन ।

(ग) नोकर, भान्से, चौकिदार जस्ता व्यक्तिहरु गणना गर्न लागिएकै कृषि चलनमा बस्ने र एकै भान्सामा खानपान गरी बसेका भए सोही कृषि चलनकै परिवार मानी गणना गर्नुपर्छ ।

(घ) कृषक परिवारको चलनमा ज्यालादारी काम गर्ने र दिन दिनै त्यही काम गरिरहेको ठाउँमा खानपान गर्ने गरेको भए उनीहरुलाई त्यस कृषि चलन भित्रको सदस्यमा गणना गर्नु हुँदैन ।

(ङ.) छ महिना भन्दा कम समयको लागि बाहिर गएका (जस्तै : तीर्थयात्रा, औषधी उपचार, व्यापार, घुमफिर आदि) व्यक्तिहरुलाई कृषि चलन भित्रको परिवार मानी गणना गर्नुपर्छ ।

(च) माइती, मावली वा नाता कुटुम्बको घरमा केही दिन बस्न गएका व्यक्तिहरुलाई कृषि चलन भित्रको परिवार मानी गणना गर्नुपर्छ भने माइती, मावली वा नाता कुटुम्बको घरमा केही दिन बस्न आएका व्यक्तिहरुलाई कृषि चलन भित्रको परिवार मानी गणना गर्नु हुँदैन ।

(छ) कुनै व्यक्ति स्थायी रुपले आफ्नो परिवार छोडी ज्यालादारी, मजदुरी वा यस्तै अस्थायी प्रकारको काम काज गर्न अन्यत्र गएका हुन सक्छन् । कोही कामको खोजि गर्न गएका हुन्छन् । यस्ता व्यक्तिहरुको गणना गर्दा परिवार छाडी गएको छ महिना वितिसकेको भए कृषि चलन भित्रको परिवार मानी गणना गर्नु हुँदैन । तर, परिवार छाडेको छ महिना वा कम भए सोही परिवारबाटै गणना गर्नु पर्छ ।

५.१५ कतिपय अवस्थामा दुई वा सो भन्दा बढी परिवारहरु मिलेर संयुक्त रुपले एउटा कृषि चलनमा काम गर्छन् र त्यहाँबाट प्राप्त आम्दानी बाँडेर खान्छन् । उनीहरुको प्रत्येक परिवारको निम्ति बसोबास अलग अलग छ भने सिद्धान्ततः यी सबै परिवारलाई अलग अलग परिवार मानी अलग अलग प्रश्नावली भर्नु पर्ने हो, तर उनीहरुले चलन गरेको जग्गा अलग अलग गर्न नसकिने भएमा उक्त सबै परिवारलाई एकै परिवार मानी प्रश्नावली भर्नुपर्छ ।

परिवारको मूली

५.१६ परिवारका सबै व्यक्तिले त्यस परिवारको मुख्य व्यक्तिको रुपमा मानेको व्यक्ति (पुरुष वा स्त्री) लाई परिवारको मूली भनिन्छ। घर परिवारमा भैपरि आउने सबै व्यवहार चलाउने अधिकार तथा जिम्मेवारी परिवार मूलीको हुन्छ। परिवारको मूली र मुख्य कृषक एकै वा फरक फरक व्यक्ति हुन सक्दछन् भन्ने कुरा मुख्य कृषकको परिभाषामा नै प्रष्ट पारि सकिएको छ।

जवाफ दिने व्यक्ति (उत्तरदाता)

५.१७ गणनामा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिलाई उत्तरदाता भनिन्छ। विवरण सङ्कलन गर्दा भरसक मुख्य कृषकसँग सोधी सङ्कलन गर्नु पर्दछ र कुनै कारणले मुख्य कृषक भेट नहुनेनै भएमा विवरण राम्रोसँग उपलब्ध गराउन सक्ने अर्थात् सोधेको सबै प्रश्नको सही उत्तर भन्न सक्ने परिवारका अन्य व्यक्तिबाट मात्र प्रश्नाबली भराउनु पर्दछ।

मेनेजर

५.१८ मुख्य कृषकको प्रतिनिधिको रुपमा कृषि चलनको व्यवस्थापन गर्ने प्राविधिक एवं प्रशासकीय जिम्मेवारी बोकेको व्यक्तिलाई नै मेनेजर (प्रवन्धक, गुमेस्ता, प्रतिनिधि,कम्तिया) भनिन्छ। कामदारहरुको व्यवस्थापन तथा निरीक्षण गर्नुका साथै कृषि चलन सञ्चालनका लागि आवश्यक पर्ने दैनिक निर्णयहरु गर्नमा मेनेजरको जिम्मेबारी सीमित हुन्छ। गाउँ घर तिर कुनै कृषि चलनमा मुख्य कृषक शहरमा बस्ने वा अन्य कुनै पेसाको कारणले कृषि कार्यको दैनिक रेखदेख गर्न नभ्याउने भई अवैतनिक वा वैतनिक रुपमा आपसि सम्बन्धको आधारमा कसैलाई कृषि रेखदेख गर्ने जिम्मेवारी सुम्पिएको हुन्छ। त्यस्तो व्यक्तिलाई पनि मेनेजर मान्नु पर्दछ। मेनेजर हुन पारिश्रमिक नै पाउनु पर्ने अनिवार्यता छैन।

उत्पादनको उपयोग

५.१९ कृषि चलनबाट भएको उत्पादन घर खर्चमा मात्र प्रयोग हुन्छ वा बेच-बिखन पनि हुन्छ सो पत्ता लगाउनु पर्दछ। उत्पादनको केही अंश घर खर्चमा जान्छ र बाँकी बिक्री हुन्छ भने "दुबै" मा पर्दछ।

उमेर

५.२० व्यक्तिको उमेर भन्नाले पूरा भएको वर्षलाई बुझाउँछ, लागेको वर्षलाई होइन।

कृषि तथा पशुपालन कार्यमा संलग्न कामदार

५.२१ परिवारका सदस्य बाहेक अन्न तथा अन्य बाली उब्जाउने वा पशुपालन गर्ने वा अन्य कृषि कार्यमा संलग्न व्यक्ति, जस्ले नगद वा जिन्सीमा वा दुबैमा वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर काम गर्ने गर्दछन् भने त्यस्ता व्यक्तिलाई कृषि कामदार भनिन्छ। कृषि कामदार स्थायी वा अस्थायी दुई प्रकारका हुन्छन्।

५.२२ **स्थायी कृषि कामदार** : पारिश्रमिक दिएर, कृषि गणनाको सन्दर्भ वर्ष भरी कृषि चलनको कार्यमा नियमित तथा अविच्छिन्न रुपले काम गर्न लगाएको व्यक्तिलाई स्थायी कृषि कामदार भनिन्छ। कृषि वर्षको अवधि भित्र कुल काम गरेको दिनको (साधारणतया ६ महिना वा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्याउने गरिन्छ तापनि मूल रुपमा काम लगाउने व्यक्तिले उसलाई जुन रुपको कामदार भन्छ सोही मान्नु पर्दछ। स्थायी कृषि कामदारले ६ महिनाको अवधि मध्ये केही महिना कृषिमा र केही महिना अन्य काम गरेको पनि हुन सक्दछ। तर पनि विशेष गरेर एक बाली मात्र भित्र्याउने ठाउँहरुमा ६ महिना भन्दा कम अवधि मै कृषि कार्य सकिने भएमा उक्त अवधि भरी नियमित रुपले कृषि कार्य गरेका कामदारलाई स्थायी कामदारको रुपमा नै गणना गर्नु पर्दछ। कुनै व्यक्ति मुख्य कृषकको भान्सामा नै खाने गरेको रहेछ भने उसलाई परिवारको सदस्यमै राख्नु पर्दछ। यस अवस्थामा उसलाई स्थायी कामदारमा उल्लेख गर्नु हुँदैन।

५.२३ **अस्थायी कृषि कामदार** : अस्थायी कृषि कामदार भनेको कृषि अवधि भित्र पारिश्रमिक दिएर पटक पटक वा एक पटकमात्र कृषि चलनमा काम लगाएको व्यक्ति हो र निजले नियमित र अविच्छिन्न रुपमा कृषि चलनमा काम गर्ने अपेक्षा गरिएको हुँदैन। अस्थायी कामदारको उल्लेख गर्दा पर्मलाई लिनु हुँदैन। यहाँ पर्म भन्नाले अरुको चलनमा काम गरिदिए वापत आफ्नो चलनमा काम गर्न आएका व्यक्तिलाई बुझ्नु पर्दछ। कुनै कामदार स्थायी वा अस्थायी के हो भनी छुट्याउन मुख्यतः उसले कुन सर्तमा काम गरेको छ भन्ने कुरालाई नै ध्यान दिनु पर्दछ।

उदाहरण: (क) राम बहादुर भन्ने एक व्यक्ति हरि बहादुर भन्ने व्यक्तिको चलनमा खेतीको समयमा खन्ने जोत्ने कामको लागि स्थायी कामदारको हैसियतले राखिएको छ। हरि बहादुरको घरमै धान मेशिन पनि छ र राम बहादुरले चलनमा फुर्सद भएको बेला उक्त मेशिन चलाउने काम पनि गर्दछ भने पनि ऊ खन्ने जोत्ने कामकै लागि स्थायी कामदारको हैसियतले राखिएकोले स्थायी कामदार हुन्छ।

(ख) श्याम बहादुर भन्ने एक व्यक्ति दिल बहादुरको चलनमा खेतीको याममा दैनिक ज्याला लिने गरी काम गर्दछ। उसले सधैभरी दिल बहादुरको चलनमा काम गरे पनि उसलाई अस्थायी कामदारको हैसियतले राखिएको छ। यस्तोमा उसले दिल बहादुरको चलनमा स्थायी र अविछिन्न रुपले काम गरेको देखिएता पनि उसलाई अस्थायी कामदार सरह नै गणना गर्नु पर्छ।

चलन गरेको जग्गाको जम्मा क्षेत्रफल

५.२४ कृषि चलन भित्र रहेका सम्पूर्ण कित्ताहरुको क्षेत्रफलको जोड नै जम्मा क्षेत्रफल (चलन गरेको जग्गाको जम्मा क्षेत्रफल) हो। मुख्य कृषक वा निजको परिवारको सदस्यको नाममा भएको तर निज वा निजको परिवारले आफैले चलन नगरेको जग्गालाई जम्मा चलनको क्षेत्रफलमा गाभ्नु हुँदैन। कृषिको लागि प्रयोग हुने भवन वा घर गोठ आँगनले चर्चेको जग्गा पनि जम्मा चलनको क्षेत्रफलमा समावेश हुन्छ। तर कृषि कार्यमा प्रयोग नभएका छुट्टै जग्गाका टुक्राहरु जस्तै औद्योगिक भवन आदि कृषिचलनको क्षेत्रफलमा समावेश गर्नु हुँदैन। चलनको जम्मा क्षेत्रफल जग्गाको उपयोग तथा उपभोग अनुसारको जम्मा क्षेत्रफलसँग बराबर हुनुपर्छ।

क्षेत्रफलको नापको एकाइ

५.२५ नेपालमा क्षेत्रफल नाप्ने एकै किसिमको एकाइ (Similar Unit) छैन। प्रचलित नापका एकाइको संक्षेपमा बर्णन तल दिइएको छ।

५.२६ **रोपनी** : रोपनी क्षेत्रफल नापको एउटा एकाइ हो। यसको विभाजन रोपनी, आना, पैसामा गरिन्छ। यो खास गरी पहाड र हिमाली जिल्लाहरुमा प्रयोग गरिन्छ। रोपनीलाई विभिन्न नाप एकाइमा रुपान्तर गर्न सकिन्छ, जस्तै :

१ रोपनी = ७४ × ७४ वर्गफुट
= ०.०५०८७ हेक्टर
= ४ माटो मुरी
= १६ आना
= ६४ पैसा

५.२७ बिघा : जग्गाको क्षेत्रपल नाप्ने अर्को प्रचलित एकाइ बिघा हो। यसको विभाजन बिघा, कठ्ठा, धुरमा गरिन्छ। यो खास गरी तराई तथा भित्रि मधेसका जिल्लाहरुमा प्रयोग हुन्छ। बिघालाई अन्य एकाइमा निम्नानुसार परिवर्तन गर्न सकिन्छ।

१ बिघा = २७० × २७० वर्गफुट
= ०.६७७३ हेक्टर
= १३.३१२६ रोपनी
= २० कठ्ठा
= ४०० धुर

५.२८ कुनै कुनै तराई जिल्लामा बिघा पनि कच्ची र पक्कीमा भन्ने गरेको पाइन्छ। त्यस्तोमा पक्कीलाई नै लिनु पर्दछ।

५.२९ **बिजन** : यो पहाडी जिल्लामा जग्गाको क्षेत्रफल नाप्ने एउटा स्थानीय एकाइ (Local Unit) हो। लगाएको बालीको बीउ जस्तै धानको बीउ अथवा मकैको बीउको अनुपातमा जग्गाको क्षेत्रफल नाप्ने एकाइ लाई बिजनको एकाइ भनिन्छ।

५.३० **बिजनको एकाइ** (Seed Unit): यो जग्गाको उर्वरता, खेतीपातीको तरिका आदिमा निर्भर हुने हुँदा ठाउँ अनुसार फरक फरक हुन सक्दछ। त्यसकारण प्रमापन वा मानित एकाइ (Standard Unit) मा क्षेत्रफल पत्ता लगाउनु परेकोले क्षेत्रफल नाप्नु आवश्यक छ। यसको लागि बिजन प्रयोग गरिएको चलनको क्षेत्रफल सोध्नु पर्दछ। एकाइहरु गहुँ, कोदो,आलु आदिमा पनि आउन सक्छ तर गणनाको लागि यी सबैलाई धान र

मकैको बिजनमा परिणत गरेर मात्र लिनु पर्ने हुन्छ। **एउटा कृषि चलनको लागि एउटै क्षेत्रफलको एकाइ (बिघा वा रोपनी) मात्र प्रयोग गर्नु पर्दछ।**

जग्गाको किसिम

५.३१ कृषि गणनाको लागि जग्गालाई सामान्यतया खेत र पाखो गरी दुई भागमा विभाजन गरिएको छ। कुनै जग्गा खेत वा पाखो के हो छुट्याउँदा उत्तरदाताको उत्तरलाई नै आधार मान्नु पर्दछ।

५.३२ **खेत** : यस श्रेणीमा साधारणतया धान रोप्न सकिने जग्गा पर्दछ। यस्ता जग्गामा नगदे बाली र गहुँ खेती पनि गर्न सकिन्छ। कुनै जग्गा खेत वा पाखो के मा राख्ने भन्ने कुरा जग्गा दर्ता अनुसार छुट्याउनु हुँदैन। कुनै जग्गामा घर घडेरी, गोठ, खलियान आदि बनाइएको हुन सक्छ। त्यस्तोमा उक्त जग्गा के हो, सो जग्गामा धान रोप्न सकिन्छ, सकिदैन वा रोपिएको थियो वा थिएन सोधेर छुट्याउनु पर्दछ। कुनै जग्गा बाढी पहिरो आदिले अस्थायी रुपमा बिगारेको छ भने सो जग्गा पहिले खेत वा पाखो कुन रुपमा प्रयोग भएको थियो सोही अनुसार बर्गिकरण गर्नु पर्दछ। कुनै जग्गामा धान रोपिने गरिएको छैन तर त्यसमा धान खेती हुन सक्छ भने पनि त्यसलाई खेतमा राख्नु पर्छ।

५.३३ **पाखो** : खेत श्रेणीमा नपरेका जग्गा पाखोमा पर्दछन्। पाखो जग्गा लगभग बर्ष भरिनै सुख्खा रहन्छ र साधारणतया यस्तो जग्गा धान खेतीको लागि उपयुक्त हुँदैन। मकै, फापर, कोदो आदि पाखो जग्गामा उब्जने बालीहरु हुन्। पाखो जग्गामा पनि सिँचाइ गरिएको हुनसक्छ। पाखो जग्गालाई धान रोप्न योग्य बनाइएको छ भने त्यसलाई खेत मान्नु पर्छ।

माटोको किसिम

५.३४ **माटोको किसिम** : पृथ्वीको खुकुलो सतहलाई माटो भनिन्छ। यस्को श्रृजना खनिज पदार्थ, प्राङ्गारिक पदार्थ र जीवाशेषबाट भएको हुन्छ। माटो बालुवा, पाँगो तथा चिम्ट्याइलो पदार्थको सँमिश्रणबाट बनेको हुन्छ। बालुवा भन्नाले खस्रा कण भएको, माटो बनी नसकेको, पानी नअड्ने, आपसमा नटाँसिने, खाद्यतत्व प्रदान गर्न नसक्ने कणहरुलाई बुझाउँछ। पाँगो भन्नाले बालुवा भन्दा साना कण भएको, पानी अडन सक्ने क्षमता बालुवा भन्दा बढी र चिम्ट्याइलो भन्दा कम भएको, बिरुवाको खाद्यतत्व धारण गर्न सक्ने, प्राङ्गारिक पदार्थ कम भएको, मध्यम माटोका कणहरुलाई बुझाउँछ। चिम्ट्याइलो भन्नाले सबभन्दा सानो कण भएको, पानी अड्न सक्ने क्षमता बढता भएको, प्राङ्गारिक पदार्थ तथा खाद्यतत्व बालुवा र पाँगो भन्दा बढता धारण गर्न सक्ने, आपसमा टाँसिने कणहरुलाई बुझाउँछ। माटोमा यिनीहरु विभिन्न अनुपातमा रहेका हुन्छन् र यसै अनुपातको आधारमा चलन गरेको जग्गाको माटोलाई निम्न पाँच वर्गमा विभाजन गरिएको छ।

१. **बलौटे माटो** : बलौटे माटोमा वालुवाको मात्रा अत्यधिक रहेको हुन्छ। साधारणतः बलौटे माटोमा वालुवा ७०-१०० प्रतिशत, पाँगो ०-३० प्रतिशत र चिम्ट्याइलो माटो ०-१५ प्रतिशत रहेको हुन्छ।

२. **दोमट माटो** : अलिअलि बालुवा मिसिएको माटोलाई दोमट भनिन्छ। यस किसिमको माटोमा बालुवा, पाँगो तथा चिम्ट्याइलो माटोको मात्रा समानुपातिक रुपमा रहेको हुन्छ। दोमट माटोमा साधारणतः बालुवा २२-८५ प्रतिशत, पाँगो ०-५० प्रतिशत र चिम्ट्याइलो माटो ०-३५ प्रतिशत रहेको हुन्छ।

३. **पागो माटो** : पाँगो माटो भन्नाले नदी, खोला, भल, बाढी आदिले बगाएर ल्याएको मलिलो लेदो माटो भन्ने बुझाउँछ। यो मिहिन र लस्सादार मलिलो माटो हो। पाँगो माटोमा साधारणतः बालुवा ०-५० प्रतिशत, पाँगो ५०-१०० प्रतिशत र चिम्ट्याइलो माटोको मात्रा ०-२७ प्रतिशत रहेको हुन्छ।

४. **चिम्ट्याइलो माटो** : पानीले चाँडै गलाउन नसक्ने खालको माटोलाई चिम्ट्याइलो भनिन्छ। चिम्ट्याइलो माटोमा साधारणतः बालुवा ०-४५ प्रतिशत, पाँगो ०-६० प्रतिशत र चिम्ट्याइलो माटो ४०-१०० प्रतिशत रहेको हुन्छ।

५. **चिम्ट्याइलो दोमट माटो** : यस किसिमको माटोमा चिम्ट्याइलो माटोको मात्रा माथि उल्लेखित माटोहरुमा भन्दा केही बढी मात्रामा रहेको हुन्छ। चिम्ट्याइलो दोमट माटोमा साधारणतः बालुवाको मात्रा ०-६५ प्रतिशत, पाँगो ०-७२ प्रतिशत र चिम्ट्याइलो माटो २७-५५ प्रतिशत रहेको हुन्छ।

जग्गाको उपभोग

५.३५ जग्गाको उपभोगले चलन गरेको मध्ये कति जग्गा कृषक परिवारको आफ्नो हकको र कति अरुको हकको कुन कुन शर्तमा लिई चलन गरेको रहेछ भन्ने छुट्याएर देखाउँछ। एउटा कृषि चलन एक वा सो भन्दा बढी प्रकारको उपभोग अन्तरगत सञ्चालन गरिएको हुन सक्छ। जग्गाको उपभोग सम्बन्धी तथ्याङ्क एउटै सन्दर्भ समयमा सङ्कलन गरिनु पर्दछ।

५.३६ परिवारको हकको जग्गा आफैले चलन गरेको : परिवारको हकको आफैले चलन गरेको जग्गा भनेको परिवारको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकार समेत आफैमा निहित रहेको जग्गा हो। यस्तो जग्गामा आफ्नो स्वामित्वमा रहेको तर अरुलाई कुनै शर्तमा उपभोग गर्न दिएको जग्गा पर्दैन। कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यक्ति विशेषले लामो समय देखि (२० बर्ष देखि) विना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यक्तिको स्वामित्वमा नै रहेको ठान्नु पर्दछ।

५.३७ अरुको हकको जग्गा हाल परिवारले चलन गरेको : यसमा अरुको स्वामित्वमा रहेको तर हाल परिवारले जुनसुकै शर्तमा लिई उपभोग गरेको जग्गा पर्दछ। यी शर्तहरु निम्न अनुसारका हुनसक्छन् :

(क) **ठेकिएको** : यस अन्तरगत निम्न दुई शर्तमा कमाएको जग्गा पर्दछन् :

(अ) **ठेकिएको नगद तिर्ने गरी** : यस अन्तरगत मुख्य कृषकले जग्गा धनीलाई आपसी सहमतिको आधारमा निश्चित नगद तिर्ने गरी जग्गा लिई उपभोग गर्ने गरेको हुन्छ। यस्तो जग्गामा खेतीपातीको चाँजोपाँजो मिलाउने सम्पूर्ण अधिकार मुख्य कृषकको हुन्छ।

(आ) **ठेकिएको जिन्सी तिर्ने गरी** : जग्गा धनीलाई तोकिएको मात्रामा बाली तिर्ने गरी कमाएको जग्गा यस शीर्षक अन्तरगत पर्दछ। यसरी लिएको जग्गाको व्यवस्था गर्ने र उपभोग गर्ने जिम्मेबारी मुख्य कृषकको नै हुन्छ। यदि नगद र जिन्सी दुबैमा तिर्ने गरि कमाएको जग्गा छ भने नगद र जिन्सी मध्ये नगद बढी तिर्छ भने ठेकिएको नगद अन्तर्गत र जिन्सी बढी तिर्छ भने ठेकिएको जिन्सी अन्तर्गत राख्नु पर्दछ।

(ख) **बाली बांड्ने गरी चलन गरेको जग्गा (अधिया, बटैया, त्रिखण्डी आदि शर्तमा)** : यस अन्तरगत उपभोग गरिएको जग्गामा जग्गा धनीबाट बाली बाँड्ने गरी मुख्य कृषकले जग्गाको उपभोग गरेको हुन्छ। बाली बाँड्ने अनुपात ठाउँ, कृषि उत्पादन र प्रचलन अनुसार फरक हुन सक्छ। कृषि चलन सम्बन्धी प्राविधिक जिम्मेवारी मुख्य कृषकमा रहन्छ। तर यदि जग्गा धनीले कृषि चलनका लागि मल, बीउ, औजार तथा अन्य सहयोग प्रदान गरेको भएमा केही हदसम्म प्राविधिक जिम्मेवारी जग्गा धनी बीच पनि बाँडिएको हुन सक्छ। आर्थिक जिम्मेवारी भने मुख्य कृषक र जग्गा धनी बीच बाँडिएको हुन सक्छ।

(ग) **सेवा मजदुरी बापत चलन गरेको जग्गा** : यस अन्तरगत जग्गा धनीले आफ्नो कामदारलाई काम लगाए बापत ज्यालाको सट्टामा चलन गर्न दिएको जग्गा पर्दछ। यसका दुई उदाहरणहरु निम्न प्रकार छन्।

(अ) विना ज्याला काम गर्ने कुनै कामदारले ज्यालाको साटो निश्चित जग्गा मुख्य कृषकबाट चलन गर्न पाएको हुन्छ। यस्तो जग्गा निजले उक्त जग्गा धनीबाट काम गरुन्जेल चलन गर्न पाएको हुन्छ।

(आ) सरकारी, धार्मिक सङ्घ संस्था वा अरु कसैलाई सेवा गरे बापत आंशिक रकम तिर्ने गरि दिइएको जग्गा पनि यसै अन्तरगत पर्छ।

(घ) **भोग बन्धक अन्तरगत चलन गरेको जग्गा** : भोग बन्धकमा लिएर उपभोग गरिएको जग्गाको मुख्य कृषकले जग्गा धनीलाई ऋण दिए बापत जग्गा लिई सो ऋण चुक्ता नहुन्जेल सम्म उपभोग गरिएको जग्गाहरु पर्दछन्। यस्ता जग्गाको खेतीपातीको चाँजोपाँजो मिलाउने जिम्मेबारी मुख्य कृषकको नै हुन्छ।

(ङ) **अन्य शर्तमा चलन गरेको जग्गा** : माथि उल्लेखित शर्तहरुमा नपरेका अरुको हकको हाल आफैले कमाएको जग्गा जस्तै विना लगानी आफूले चलन गरेको जग्गा, कसैले व्यक्तिगत नाता सम्बन्ध आदिको कारणले सित्तैमा कमाउन दिएको जग्गा यस अर्न्तगत पर्दछन्।

५.३८ अन्य प्रकारको उपभोग अन्तरगत चलन गरेको जग्गा : माथि उल्लेख गरिएका दुई प्रकारको मुख्य शीर्षक अन्तरगत उपभोग गरिएका जग्गा बाहेक चलन गरिएको अन्य जग्गा यसमा पर्दछ। स्वामित्वको

विवादमा रही सो को निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रुपमा चलन गर्न पाएको (जस्तै, उत्तराधिकार र स्वामित्वमा नरहेको कुरा स्पष्ट भएको) जग्गा यसमा पर्छ ।

सिंचाइ (पानी पटनी)

५.३९ जग्गाको उत्पादकत्व बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई जग्गामा कुलो, नहर (वर्षा बाहेक) आदिबाट पानी पुऱ्याउने कार्यलाई सिँचाइ भनिन्छ । सिँचाइमा बाढीबाट आएको पानीलाई लिइदैन तर यस्तो बाढीको पानी कतै जम्मा गरी उत्पादन बढाउन जग्गामा प्रयोग गरिएमा सिँचाइ गरिएको मानिन्छ । सिँचाइ हो कि होइन भनी छुट्याउन चलनमा सिँचाइ गर्ने उद्देश्यले केही मेहनत वा साधनको प्रयोग भएको छ छैन भन्ने कुरामा ध्यान दिनुपर्छ ।

५.४० **सिंचाइका स्रोतहरु** : सिँचाइका स्रोतहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

(१) **स्यालो/डिप ट्यूबवेल बोरिङ्ग** : जमिन मुनिको पानीलाई ट्यवूवेल वा बोरिङ्ग लगाई सिँचाइ गरिएकोलाई यस अन्तरगत राख्नुपर्छ ।

(२) **बाह्रमासे कुलो नहर** : पानीको कुनै स्रोत नदी पोखरी आदीबाट पानी जाने बाटो बनाई जग्गामा लगि गरिएको सिँचाइलाई कुलो भनिन्छ । नहर भन्नाले सामान्यतया पक्की बाँध आदि (कूलो भन्दा ठूलो आकारमा) बनाएर गरिएको सिँचाइ बुझ्नु पर्छ तर कतिपय अवस्थामा नहरको पानीलाई सानो कुलो बनाई सिँचाइ गरिएको हुन सक्छ । बर्ष भरी पानी लाग्ने भन्नाले बाँध भत्केर, प्राकृतिक दुर्घटना आदि कारणले क्षतिग्रस्त भई केहि समयको लागि विग्रेकोमा बाहेक सामान्यतया बर्षै भरि पानी लाग्ने कुलो नहरलाई यस अन्तरगत राख्नु पर्छ ।

(३) **बर्षे कुलो/नहर** : बर्षामा पानीको परिमाण बढी भएको अवस्थामा वा पानी परेको बेलामा मात्र प्रयोग हुन सक्ने कुलो नहरलाई यसमा राख्नु पर्छ ।

(४) **पोखरी, कुवा** : कतै कतै पोखरी वा कुवाको पानीलाई काठको कुनै साधन (करिन आदि) द्वारा सिँचाइ गरिएको पनि पाइन्छ । यस्तै, पोखरीको पानीलाई पम्पसेट आदिको सहायताले वा सानो छोटो कुलेसो बनाएर पनि सिँचाइ गर्न सकिन्छ । त्यसरी गरिएको सिँचाइलाई यस अन्तरगत राख्नुपर्छ ।

(५) **अन्य** : माथि उल्लेखित विभिन्न स्रोत बाहेक अन्य स्रोतहरु जस्तै नदी, प्राकृतिक वहावद्वारा पनि सिँचाइ गर्न सकिन्छ । प्राकृतिक वहाव भन्नाले बर्षाको जम्मा भएको वा आफै मूल फुटेर निस्किएको पानीलाई सामान्य परिश्रमद्वारा गरिएको सिँचाइ भन्ने बुझ्नु पर्छ ।

(६) **मिश्रित** : कुनै जग्गा माथि उल्लेखित (१) देखि (५) सम्मका सिँचाइका स्रोतमध्ये कुनै दुई वा सो भन्दा बढी स्रोतद्वारा सिँचाइ गरिएको हुन सक्छ । त्यस्तो स्रोतलाई मिश्रित स्रोत अन्तरगत मान्नुपर्छ ।

जग्गाको उपयोग

५.४१ चलनको कुल जग्गाको क्षेत्रफललाई उपयोग अनुसार निम्न वर्गमा विभाजन गर्न सकिन्छ ।

(क) उत्पादनशील जग्गा (Productive Land)

(अ) कृषि भूमि (Agricultural Land)

(i) आबादी जग्गा (Cultivated Land)

(१) बाली लाग्ने जग्गा (Crop Land)

- खेती योग्य जग्गा (Arable Land)
  - अस्थायी बाली लागेको जग्गा
  - अस्थायी खर्क तथा चौर
  - अस्थायी रुपमा बाँझो रहेको जग्गा
  - अन्य खेती योग्य जग्गा

(२) ओतमा रहेको जग्गा

- अस्थायी बाली अन्तरगतको ओतमा रहेको जग्गा
- स्थायी बाली अन्तरगतको ओतमा रहेको जग्गा

(३) स्थायी बाली लागेको जग्गा

(ii) स्थायी खर्क, चौर, बाँझो

(आ) निजी बनबनेलो

(इ) पोखरी

(ख) अन्य सबै जग्गाहरु

- खेती योग्य तर हाल खेती नभएको जग्गा (उत्पादनको सम्भावना रहेको तर उर्वरा नबनाइएको वा उपयोग नगरिएको जग्गा)
- कृषि चलनमा रहेको अन्यत्र कतै उल्लेख नगरिएको जग्गा

५.४२ अस्थायी बाली लागेको जग्गा : अस्थायी बाली लागेको सबै जग्गा यस अन्तरगत पर्दछ। अस्थायी बाली भन्नाले एक बर्षको अवधि भित्र उत्पादन गरी बाली भित्र्याउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनु पर्ने किसिमका बालीहरु पर्दछन्। तर, लगाएको बाली भित्र्याउन एक बर्ष भन्दा बढी समय लाग्ने भएतापनि यदि बोट समेत नष्ट गरिन्छ भने अस्थायी बाली अन्तरगत नै पर्दछ, जस्तै : उखु। एक बर्ष पछि अर्को बाली लगाइने (चक्र प्रणाली) र खनजोत गर्दा बोट डाँठ समेत नष्ट हुने बालीहरु पनि अस्थायी बाली अन्तरगत पर्दछन्। अस्थायी बाली अन्तरगत निम्न प्रकारका बालीहरु पर्दछन्।

(क) **खाद्यान्न बालीहरु** : धान, गहुँ, मकै, कोदो जौ, फापर र अन्य खाद्यान्न बाली (जस्तै : कागुनो, जुनेलो, आदि)।

(ख) **कोशे/दाल बालीहरु** : भटमास, मास, रहर, खेसरी, मुसुरो, चना, केराउ, गहत, बोडी, मुगी र अन्य दाल बाली (जस्तै : मस्याङ आदि)।

(ग) **कन्दमूल बालीहरु** : हिउँदे आलु, बर्षे आलु, सखरखण्ड, पिँडालु र अन्य कन्दमूल बाली (जस्तै : तरुल, ओल आदि)।

(घ) **तेलहन बालीहरु** : तोरी, बदाम, सर्स्यूँ, आलस, तिल र अन्य तेलहन बाली (जस्तै : रायो, झुसे तिल, सूर्यमुखी आदि)।

(ङ) **नगदे बालीहरु** : उखु, सनपाट, सुर्ती र अन्य नगदे बाली (जस्तै : कपास, आदि)।

(च) **मसलाबाली** : खुर्सानी, प्याज, लसुन, अदुवा, हलेदो, अलैंची, धनियाँ तथा अन्य मसला बाली (जस्तै : मेथी आदि)।

(छ) **तरकारी बालीहरु** : बर्षे र हिउँदे तरकारीहरु चम्सुर, पालुङगो, काउली, गोलभेँडा, फर्सी, लौका, काँक्रो, घिरौँला, मूला, गाजर आदि। मसलाबालीलाई यदि तरकारीको रुपमा प्रयोग गरिन्छ भने सो लागेको क्षेत्रफललाई तरकारी बाली अन्तरगत राख्नु पर्छ (जस्तै : प्याज, लसुन, धनियाँ आदि मसला बालीलाई हरियो सागको रुपमा खाने भए तरकारी बाली अन्तरगत लेख्नु पर्दछ)।

५.४३ अस्थायी खर्क तथा चौर चरन : अस्थायी खर्क तथा चौर, चरन अन्तरगतका जग्गाहरु भन्नाले खर अथवा पशुचरन वा आहारका लागि घाँस लगाइएको जग्गा भन्ने बुझिन्छ। एक बर्ष भन्दा बढी र ५ बर्ष भन्दा कम अवधि सम्मका यस्ता जग्गाहरु मात्र अस्थायी चौर चरनमा लिइन्छन् र सो भन्दा बढी अवधि भएका यस्ता जग्गाहरु स्थायी चौर चरन अन्तरगत राख्नु पर्दछ।

५.४४ अस्थायी रुपमा बाँझो रहेको जग्गा : यस अन्तरगत कम्तीमा एक बर्ष र बढीमा ५ बर्ष सम्म बाँझो राखिएको जग्गा पर्दछ। यसरी बाँझो छोडिएको जग्गा प्राकृतिक रुपमा घाँसपात उम्रेर ५ बर्ष भन्दा कम समय देखि चौर चरनको रुपमा प्रयोग भइरहेको छ भने त्यसलाई अस्थायी चौर चरन अन्तरगत लिइन्छ र यदि सो अवधि ५ बर्ष भन्दा बढी छ भने यस्तो जग्गालाई स्थायी चौर चरन अन्तरगत लिनु पर्छ। बाँझो जग्गामा दाउरा काठपात वा लकडीको रुपमा उपयोग हुन सक्ने रुखहरु भएमा बनबनेलोको शीर्षक अन्तरगत राख्नु पर्दछ।

५.४५ अस्थायी रुपमा बाँझो रहेको जग्गा अनुपयोगी जग्गा (Waste land) को रुपमा परिवर्तन भएमा "अन्य जग्गा" को शीर्षक अन्तरगत "खेती योग्य तर हाल खेती नगरेको जग्गा" अन्तरगत राख्नु पर्दछ। एक बर्ष भन्दा कम अवधिका लागि बाँझो छाडिएको वा छाड्ने उद्देश्यले राखिएको जग्गा अस्थायी बाँझोमा पर्दैन।

५.४६ कृषि गणनाको सन्दर्भ समयमा बाँझो रहेको तर छिट्टै बाली लाग्ने जग्गा जुन बाली लगाइने हो त्यसै बालीमा गणना गरिन्छ। अस्थायी बाँझोमा गणना गरिंदैन।

५.४७ अन्य खेती योग्य जग्गा : माथि उल्लेखित (अस्थायी बाली लागेको, अस्थायी चौर चरन, अस्थायी बाँझो) बाहेकका जग्गाहरु यस अन्तरगत समावेश हुन्छन्, जस्तै : बाढीले अस्थायी रुपमा एक कृषि वर्षको

लागि क्षति पुऱ्याएको जग्गा वा बाली लगाउन तयार पारिएको तर कुनै कारणले बाली नलगाएको जग्गा आदि ।

५.४८ ओतमा रहेको जग्गा : छानो वा छाप्रोको ओतमा लगाएको स्थायी अस्थायी सबै बालीले ढाकेको जग्गा यस अन्तरगत पर्दछ । कृषकले आफ्नो उपयोगको लागि ओतमा लगाएको नर्सरी आदिको क्षेत्रफल पनि यसै अन्तरगत पर्दछ । प्रश्नावलीमा ओतमा रहेको जग्गालाई वर्गीकरणमा राखी लेख्नु नपर्ने हुनाले यसरी ओतमा रहेको जग्गामा अस्थायी बाली लगाइएको छ भने अस्थायी बाली लागेको जग्गाको क्षेत्रफलमा राख्नु पर्छ र स्थायी बाली लगाइएको छ भने स्थायी बाली लागेको जग्गामा राख्नु पर्छ ।

५.४९ स्थायी बाली लागेको जग्गा : हरेक पटक बाली काटेपछि पुनः रोप्नु नपर्ने र धेरै बर्षसम्म बाली दिइरहने जग्गा स्थायी बाली लागेको जग्गामा गणना गरिन्छ, जस्तै : फलफूल लगाएको जग्गा, नर्सरी लागेको जग्गा आदि । तर, बनबनेलोका लागि लगाइएको नर्सरीले ढाकेको जग्गालाई बनबनेलोको क्षेत्रफलमा नै पार्नु पर्दछ । नर्सरीमा बेच्न वा अन्यत्र सार्नका लागि उमारिएका साना बिरुवा हुन्छन् । संयुक्त बाली (स्थायी र अस्थायी मिसाएर लगाइएको) लागेको जग्गालाई विशेष ध्यान पुऱ्याउनु पर्दछ । प्रश्नावलीको तालिका नं. ५.१ को सन्दर्भमा, संयुक्त बाली लागेको जग्गाको क्षेत्रफल निर्धारण गर्दा अस्थायी बालीले चर्चेको अनुमानित क्षेत्रफल घटाएर स्थायी बालीको क्षेत्रफलमा लेख्नु पर्दछ र अस्थायी बालीको अनुमानित क्षेत्रफल अस्थायी बालीको क्षेत्रफलमा लेख्नु पर्दछ ।

५.५० कृषि गणनामा स्थायी बाली अन्तरगत निम्न लिखित बालीहरु समावेश गरिएको छ :

(क) अमिलो जातका फलफूलहरु : सुन्तला, जुनार, कागती, निबुवा, मोसम, चाक्सी, र अन्य अमिलो जातका फलफूलहरु (जस्तै : भोगटे, ज्यामिर, अमला, नेमु,) ।

(ख) अमिलो जात बाहेक अन्य फलफूलहरु : आँप, केरा, अम्बा, रुखकटहर, भुइँकटहर, लिची, स्याउ, नासपाती, आरु/आरुबखरा, मेवा अनार र अन्य फलहरु (जस्तै : नरिवल, सुपारि, खजुर, जामुन, ओखर, ताडी, दाख, लप्सी, कटुस) ।

(ग) अन्य स्थायी बाली : अन्य स्थायी बालीहरुमा चिया, खर, बाँस, घाँसका रुख पर्दछन् ।

५.५१ स्थायी खर्क तथा चौर चरन : यस अन्तरगत स्थायी रुपमा (५ बर्ष वा सो भन्दा बढी) चौर चरनका लागि छाडिएको वा प्राकृतिक रुपबाट उम्रिएको जङ्गली घाँसको मैदान वा पशु चरनले ढाकेको जग्गा पर्दछ । स्थायी चौर चरनमा उमारिएका वा उम्रिएका (खास गरी चौर चरनका रुख तथा झाडी) बुटाबुटीहरु भएको जग्गा यसै अन्तरगत पर्दछ ।

५.५२ पोखरी : माछापालन गर्न, गाई बस्तुहरुलाई पानी खुवाउन वा सिँचाइ गर्नको लागि जग्गा खनी बनाएको वा आफै पानी जमी खेती गर्न नसक्ने अवस्थामा रहेको कृषि चलन भित्रको जग्गालाई पोखरी भनिन्छ । यसरी रहेको पोखरीमा माछा पालिएको वा त्यतिकै रहेको पनि हुनसक्छ ।

५.५३ नीजि बनबनेलो : यसमा चलनभित्र आफै उम्रिएको वा रोपिएको बनबनेलो पर्दछ । यसबाट दाउरा, लकडी र अन्य वन जन्य बस्तुहरु प्राप्त गरिन्छ । संरक्षणका लागि बनबनेलोको खेती गरिएको वा लहर मिलाएर वा नमिलाई झ्याम्म पारेर लगाएको अथवा रुखका बुटाबटीहरु, बाँसको झ्याङ्ग र अन्य वनस्पतिले ढाकेको जग्गाहरु निजी वनवनेलोको क्षेत्रफलमा समावेश गर्नु पर्दछ । निजी बनबनेलो अन्तरगतका बाँसका झ्याङ्गहरुलाइ स्थायी बाली अन्तरगत गणना गर्नु हुदैन । मनोरञ्जनको उद्देश्यले मात्र राखिएको बनबनेलोको जग्गालाई भने अन्य कतै उल्लेख नगरिएका चलनमा रहेका जग्गामा उल्लेख गर्नुपर्छ ।

५.५४ अन्य जग्गा : यसमा अन्यत्र कतै उल्लेख नगरिएका कृषि चलन अन्तरगतका उत्पादक अनुत्पादक सबै जग्गा पर्दछन् । यसमा दुई किसिमका जग्गा समावेश गरिएका हुन्छन् ।

(क) खेती योग्य तर हाल खेती नगरेको जग्गा : यसमा माथि कुनै शीर्षकमा नपरेको चलन अन्तरगतको खेती नगरिएको जग्गा पर्दछ । तरकारीको रुपमा पनि प्रयोग गर्न सकिने वा गाई(वस्तुको गोठ, सोतर आदि कार्यमा पनि प्रयोग गर्न सकिने, जस्तै : नरकट, निगालो, बेत, काफल, ऐसेलुका बोट र फलहरु उत्पादन हुने जग्गा यस अन्तरगत पर्दछन् । यसमा साधारणतया खेती गर्न, आवश्यक पर्ने भन्दा बढी परिश्रम गरेमा उत्पादक बनाउन सकिने जग्गा पर्दछन् ।

यहाँ मुख्य कृषकले सो जग्गा कुन रुपमा राख्न चाहेको हो भन्ने कुरामा बढी जोड दिनु पर्दछ । अस्थायी बाँझो, स्थायी बाँझो, स्थायी चौर चरन, अन्य सबै जग्गा खेती योग्य तर हाल खेती नगरिएको जग्गा र अन्तिम महलमा लेखिएका जग्गा बीचको अन्तर छुट्याउँदा विशेष गरी यस्तो स्थिति आइ पर्छ र कृषकको जवाफलाई नै आधार मान्नु पर्छ ।

(ख) अन्यत्र कतै उल्लेख नगरिएका चलनमा रहेका जग्गा : यसमा कृषि चलन अन्तरगतका घर, घडेरी, गोठ, धन्सार आदिले चर्चेको जग्गा, आँगन, सडक अथवा गल्ली, सामान, औजार, भण्डार गर्न प्रयोग गरिएको खुला ठाउँ, खेर गएको जग्गा, फूलको नर्सरी र माथि विभिन्न क्षेत्रमा उल्लेख नगरिएको कृषि चलनका जग्गाहरु पर्दछन् । कृषि चलन अन्तरगत पर्ने तर अन्य कुनै महलमा नपर्ने कुनै जग्गा छ भने यस महलमा राख्नु पर्छ ।

विभिन्न बाली लागेको जग्गा

५.५५ कुनै खास बाली लागेको जग्गाको क्षेत्रफल अन्तरगत एक कृषि बर्ष भित्र सो बाली लगाइएको जम्मा जम्मी जग्गाको क्षेत्रफल पर्दछ । एउटै कृषि बर्षमा एउटै जग्गामा एक पटक भन्दा बढी अस्थायी बाली लगाइएका हुन पनि सक्छन् । यस्तो अवस्थामा एउटै जग्गामा एकै कृषि बर्षमा जति पटक बाली लगाइन्छ त्यति नै पटक जग्गाको क्षेत्रफल गणना गरिन्छ । एउटै बालीले एक भन्दा बढी कृषि उत्पादन दिने भएमा मुख्यबालीको रुपमा कुनै कृषि उत्पादनलाई गणना गरी एक पटक मात्र क्षेत्रफलमा समावेश गर्नु पर्दछ । दोहोरो हिसावले क्षेत्रफल उल्लेख गर्नु हुँदैन । जस्तैः कपासको रुखबाट कपासको बीउ (तेलहन) र कपास उत्पादन हुने भए तापनि मुख्य बाली (कपास) लागेको जग्गाको क्षेत्रफल मात्र लेख्नु पर्दछ ।

५.५६ **लगातार लगाइने बाली** : एक वर्ष भित्र एउटै जग्गामा धेरै पटक एउटै बाली वा एक पछि अर्को गरी धेरै बाली खेती गरिएको हुन सक्छ । एक कृषि वर्ष भित्र पटक पटक गरी बाली लगाइएको जग्गाको क्षेत्रफल लेख्दा जति पटक अलग-अलग बाली छरिएको वा रोपिएको हुन्छ त्यति पटक नै छुट्टाछुट्टै लेख्नु पर्छ । अर्थात् यदि कुनै जग्गामा एक पछि अर्को गरी लगाइने बाली छ भने जग्गाको क्षेत्रफल दोहोरो गणना गर्नु पर्दछ । त्यस्तो एक पछि अर्को लगाइने बाली एउटै वा भिन्नै प्रकारको पनि हुन सक्छ । जस्तै एक कृषि वर्ष भित्र हिउँदे र बर्षे धान गरी दुई बाली लगाइएको भएमा क्षेत्रफल दुई पल्ट उल्लेख गर्नु पर्दछ । यस्तो अवस्थामा जग्गाको वास्तविक क्षेत्रफल भन्दा बाली लगाएको जग्गाको कुल क्षेत्रफल साधारणतया बढ्ने हुन्छ ।

५.५७ एक पटक लगाएर पटक पटक उब्जा लिने बाली लागेको क्षेत्रफल र एउटा बाली भित्रयाएर पछि अर्को बाली लगाएर उब्जा लिने बाली लागेको क्षेत्रफल फरक-फरक कुरा हुन् । एक पटक लगाएर पटक पटक उब्जा लिने बालि लागेको क्षेत्रफलको गणना एक पटक मात्र गर्नु पर्दछ । तर एक पछि अर्को लगाएर उब्जा लिने बाली लागेको क्षेत्रफलको गणना गर्दा जति पटक बाली लगाइन्छ क्षेत्रफलको गणना त्यति पटक नै गर्नु पर्दछ ।

५.५८ **एक प्रकारको बाली** (Pure Stand) **मात्र लागेको जग्गा** : बाली नमिसाइ एउटै बाली मात्र लगाएको जग्गाको क्षेत्रफल यसमा पर्दछ । यसरी एक प्रकारको बाली लागेको जग्गामा स्थायी वा अस्थायी कुनै एक प्रकारको बाली मात्र लगाइएको हुन सक्दछ ।

५.५९ **मिश्रित बाली** : विभिन्न किसिमका बालीहरु एउटै जमिनमा साथै मिसाएर लगाइएको छ भने कुन बालीले कति क्षेत्रफल ढाकेको छ भन्ने छुट्याउनु पर्ने हुन्छ । मिश्रित बाली भन्नाले स्थायीसँग स्थायी वा अस्थायीसँग अस्थायी बाली मिसाएर लगाएको भन्ने बुझिन्छ ।

५.६० मिश्रित बालीहरु लगाएको जग्गामा एउटा बालीको लहरको बीचमा अर्को बालीको लहर रोपिएको पनि पाइन्छ । यसको उदाहरणमा, भण्टा खेतीको लहरको बीच लहरमा सलगम, वा मकैको बीचमा भट्मास र बोडीको लहरलाई लिन सकिन्छ । यसरी मिसाएर लगाइएको बालीको क्षेत्रफल गणना गर्दा हरेक बालीलाई बेग्ला बेग्लै लगाएको खण्डमा त्यति बिजनले जति क्षेत्रफल ओगट्छ सो को अनुमान गरी बेग्ला बेग्लै क्षेत्रफल निर्धारण गर्नु पर्दछ । यसरी बिजनको आधारमा निकालिएको छुट्टाछुट्टै बाली अनुसारको क्षेत्रफलको जोड मिसाएर लगाएको बालीको जम्मा क्षेत्रफलसँग बराबर हुनु पर्दछ ।

५.६१ **संयुक्त बाली** : अस्थायी र स्थायी बाली संग-संगै एउटा जमिनमा लगाइएको छ भने त्यस्तो बालीलाई संयुक्त बाली भनिन्छ । संयुक्त बाली लगाइएको जग्गामा अस्थायी बालीले ओगटेको क्षेत्रफल निकाल्दा स्थायी बालीले ओगटेको क्षेत्रफल कटाएर लिइन्छ र स्थायी बालीले ओगटेको क्षेत्रफल निकाल्दा अस्थायी बालीले ओगटेको क्षेत्रफल कटाएर लिइन्छ ।

५.६२ **स्थायी बाली** : स्थायी बालीलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(क) फल लाग्ने उमेरको

(ख) फल नलाग्ने उमेरको

५.६३ **फल लाग्ने उमेरका** : यसमा फल दिने वा अन्य किसिमका उत्पादनशील स्थायी बाली पर्दछन् । धेरै जसो रुखहरु निश्चित उमेरपछि उत्पादनशील हुन्छन् । यस उमेरका स्थायी बालीले मौसमी वा अन्य कुनै

कारणले गणनाको वर्षमा फल नदिएको भए तापनि फल दिने उमेरमै समावेश गर्नु पर्दछ। पुराना रुखहरु वा अन्य कुनै कारणले लामो समय देखि फल दिन छाडेका रुखहरु छुट्याउन सकिने भए फल दिने उमेरका रुखहरुमा गणना गर्नु हुँदैन। प्रश्नावलीमा फल लाग्ने उमेरका रुख सङ्ख्या पनि लेख्न पर्ने भएकोले सो पनि छुट्याउनु पर्छ। चिया खेतीको सन्दर्भमा भने पात टिप्न हुने उमेरका बोटलाई फल लाग्ने उमेरको क्षेत्रफल अन्तरगत गणना गर्नु पर्दछ।

५.६४ **फल नलाग्ने उमेरका** : फल नलाग्ने उमेरका रुख वा बोट भन्नाले कलिलो भई फललाग्न सुरु नभएका बोट वा पुरानो भई फल नलाग्ने भएका बोटलाई जनाउँछ।

५.६५ **बगैंचाको रुपमा लगाइएको स्थायी बाली** : यसमा बिरुवाहरु, रुखहरु तथा झाडीहरु साधारणतया क्रमबद्ध र व्यवस्थित तरिकाबाट लगाइएका हुन्छन्। बिरुवाहरु, रुखहरु तथा झाडीहरु व्यवस्थित र क्रमबद्धरुपले नलगाइएका भएता पनि बाक्लो गरी लगाइएको भएमा बगैंचाको रुपमा लगाइएको मानिनेछ।

५.६६ **छरिएर रहेका स्थायी बालीका रुख तथा बिरुवाहरु** : यसमा छरिएर वा अलग अलग रहेका रुख तथा बिरुवाहरु समावेश हुन्छन्। जसको क्षेत्रफल निर्धारण गर्न अप्ठ्यारो हुन्छ।

बनबनेलो

५.६७ बनबनेलो भन्नाले दाउरा, घाँसपात, भूसंरक्षण र अन्य प्रयोजनका लागि लगाइएका बिरुवाहरुलाई जनाउँछ। तर यसमा स्थायी बाली अन्तरगत पर्ने फलफूलहरु वा रुखहरु समावेश गरिंदैन। माथि उल्लेख गरिएको प्रयोजनका लागि प्रयोग हुने घाँस तथा अन्य वनस्पति बनबनेलोमा समावेश हुन्छ।

मलखाद

५.६८ मलखाद माटोको उर्वरा शक्ति बढाएर उत्पादकत्व बढाउन माटोमा मिलाउने वस्तु हो। मललाई खनिज/रासायनीक र स्थानीय/जैविक गरी दुई भागमा बाँडिएको छ। खनिज मल भन्नाले नाईट्रोजन, फोसफोरस र पोटास मुख्य तीन तत्व मध्ये एक वा धेरै तत्व भएको औद्योगिक प्रकृयाबाट उत्पादित मललाई जनाउँछ। स्थानीय मल पराल, घाँस, चून, पानीलाई तह तह मिलाएर कुनै खाल्डोमा थुप्रो लगाएर सडाएर बनाइन्छ। हरियो मल एक किसिमको झार (जस्तै ढैंचा) बाट बनाइन्छ। हाडबाट बोसो झिकी जमिनमा गाडेर बनाइएको हाडमल वा खरानीको मल स्थानीय मल अन्तरगत नै पर्दछ।

खनिज मल प्रयोग भएको क्षेत्रफल तथा परिमाण

५.६९ खनिज मल प्रयोग भएको क्षेत्रफल भन्नाले यो मलले ढाकेको कुल क्षेत्रफल बुझ्नु पर्छ। प्रश्न नं. ५.४ मा बाली अनुसार खनिज मल प्रयोग भएको क्षेत्रफल लेख्नु पर्दछ र प्रयोग भएको खनिज मलको परिमाण किलोग्राममा लेख्नु पर्दछ। बाली अनुसार खनिज मल प्रयोग भएको क्षेत्रफल उल्लेख गर्दा सो बालीको कुल क्षेत्रफल मध्ये जति क्षेत्रफलमा खनिज मल प्रयोग भएको हो सो मात्र खनिज मलले ढाकेको अन्तरगत राख्नु पर्दछ।

कीटनाशक औषधि

५.७० यसमा कीरा मार्ने औषधि, बालीलाई हानी पुर्याउने झार मार्ने औषधि, लेउ मार्ने औषधि, मुसा आदि मार्ने औषधि पर्दछन्। यी औषधिलाई पानी, माटो, खरानी, मट्टितेल आदि पदार्थ मिसाएर प्रयोग गरिन्छ। यी औषधि बिरुवा तथा पशुपक्षीहरुमा लागेका वा लाग्ने रोगहरु नियन्त्रण गर्न वा यस्ता रोगबाट बचाउनका लागि प्रयोग गरिन्छन्। घर मै तयार पारी प्रयोग गरेको कीटनाशक औषधिहरु (जस्तै : तितेपातीको झोल, खरानी, आदि) लाई यहाँ समावेश गर्नु हुँदैन।

पाल्तु चौपाया तथा चराचुरुङ्गी

५.७१ **पाल्तु चौपाया** : यसमा कृषि प्रयोजनका लागि पालिएका सबै पशुहरु गाई/भैसी, भेडा/बाखा, सुँगुर, घोडा, खच्चर, गधा, खरायो जस्ता जनावर पर्दछन्। ज्यालाको लागि भारी बोकाउन मात्र प्रयोग गरिएको चौपायालाई लिइदैन।

५.७२ **पाल्तु चराचुरुङ्गी** : यसमा कृषि प्रयोजनका लागि पालिएका कुखुरा, परेवा, हाँस, लौकाट, बट्टाइ आदि चराचुरुङ्गी पर्दछन्।

५.७३ **चौपाया तथा चराचुरुङ्गी सङ्ख्या** : चौपाया तथा चराचुरुङ्गी सङ्ख्या भन्नाले जोसुकैको स्वामित्वमा रहेतापनि गणना भएको दिन कृषि चलन भित्र रहेको सबै घरपालुवा चौपाया तथा चराचुरुङ्गीको सङ्ख्यालाई

जनाउँछ । यस सङ्ख्यामा गणनाको दिन अस्थायी रुपले कृषि चलन बाहिर रहेका वा बाटामा रहेका वा किनेर बाटोमा ल्याउदै गरेका चौपाया तथा चराचुरुङ्गीलाई पनि समावेश गर्नु पर्दछ ।

कृषि औजार तथा साधनहरु

५.७४ कृषि औजार भन्नाले आंशिक वा पूरै रुपमा कृषि कार्यमा प्रयोग गरिएका औजारहरुलाई जनाउँछ । कृषि चलन भित्र गैर कृषि कार्यमा मात्र प्रयोग भएका औजारहरुलाई यसमा समावेश गर्नु हुँदैन । गणना समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरु समावेश गर्नु हुँदैन । अस्थायी रुपमा बिग्रेको र किनेर बाटोमा ल्याउँदै गरेको साधनलाई पनि यसमा समावेश गर्नु पर्छ । कृषि गणनामा विवरण लिनु पर्ने औजारहरु निम्न छन् :

(क) **फलामे हलो (बिकासे हलो)** : यो कृषि औजार कारखानाले वा अन्य कारखानाबाट विकास गरी बनाएको हलो हो । यसको प्रयोग जनावरले तानेर जग्गा जोत्नको लागि गरिन्छ ।

(ख) **पावर टिलर** : यो एक किसिमको सानो खालको ट्र्याक्टर हो । यस मेसिनबाट खनजोत गर्दा जोत्ने ब्यक्तिले यसलाई हातले समाति हिंड्दै जोत्नु पर्दछ । यताउति घुमाउन तथा गहिरो जोत्न समय समयमा शारीरिक बल पनि प्रयोग गर्नु पर्दछ । यो दुई पाङ्ग्रा भएको हिंडेर जोत्ने ट्र्याक्टर हो ।

(ग) **स्यालो ट्यूबवेल** : यो कम गहिराइमा रहेको जमिन मुनिको पानी पाइप जडान गरी जमिन माथी ल्याउने साधारण साधन हो । यो गहिराइ भित्र रहेको सतहबाट पम्प गरेर पानी माथि तानेर सिँचाइ गर्न प्रयोग गर्ने साधारण ट्युबवेल हो ।

(घ) **डिप ट्यूबवेल** : जमिन मुनि पानीको स्थायी स्रोत सम्म पठाएर पानी निकाल्ने साधनलाई डिप ट्युबवेल भनिन्छ ।

(ङ.) **रोअर पम्प** : यो होचो ठाउँबाट पानीलाई माथिल्लो खेतबारीमा पठाउन तेर्सो पाइप राखी हातले पानी तान्ने साधन हो । यो हाते पम्पको एक परिवर्तित रुप हो । यसबाट सजिलोसँग बसेर पानी तान्न सकिन्छ । भूमिगत जल वा नदी, इनार पोखरी इत्यादिबाट सजिलोसित पानी तानी जमिन सिँचाइ गर्नका साथै खानेपानीका लागि समेत यो प्रयोग हुन्छ ।

(च) **ट्र्याक्टर** : यसमा २ धुरी र ४ पाङ्ग्रा भएको ट्र्याक्टर पर्दछ । यो खेत जोत्नका लागि प्रयोग हुन्छ । यसलाई जोत्ने मेसिन हटाएर त्यसको ठाउँमा ट्रेलर राखी सामान ढुवानी कार्यमा प्रयोग गरेको पनि पाइन्छ ।

(छ) **थ्रेसर** : यो यस्तो किसिमको मेसिन हो जसको सहायताले बाली चुट्ने, झाँट्ने गरी पराल, नल वा बोटहरुबाट अन्न छुट्याउने काम हुन्छ ।

(ज) **पम्पसेट** : सिँचाइको लागि इनार, खोला, पोखरी आदी बाट पानी तानेर सिच्ने काममा यो मेसिनको प्रयोग गरिन्छ ।

(झ) **पशुद्वारा चलाइने गाडा** : ढुवानी कार्यको लागि पशु (गोरु, घोडा, राँगो आदि) द्वारा तान्ने गाडा यसमा पर्दछन् ।

(ञ) **स्प्रेयर** : यो कीटनाशक औषधि प्रयोगका लागि ट्याङ्किमा हावा भरी त्यसको जोडबाट औषधिलाई फोहोराको रुपमा छर्कने औजार हो ।

(ट) **अन्य औजार** : यसमा कृषि कार्यमा प्रयोग हुने साना औजार (जस्तै : कुटो, कोदालो, हसिया, डल्लेठो आदि) बाहेक माथि नपरेका कृषि औजारहरु पर्दछन्, जस्तै : घाँस काट्ने पाङ्ग्रा भएको औजार, कीरा मार्नको लागि पाउडर औषधि छर्ने डस्टर आदि ।

मेसिन तथा औजारहरुको स्रोत

५.७५ मेसिन तथा औजारको श्रोत भन्नाले कृषि कार्यमा प्रयोग गरेको कृषि औजार तथा मेसिन माथि कृषकको स्वामित्व कुन प्रकारको रहेको छ सो कुरालाई बुझाउँछ ।

(क) आफ्नो स्वामित्वको : यसमा त्यस्ता कृषि मेसिनरी तथा औजारहरु पर्दछन् जसमा कृषक परिवारको पूरा अधिकार रहन्छ र जसको प्रयोग कृषि चलनमा आफू खुशी गर्न सकिन्छ ।

(ख) संयुक्त स्वामित्व भएको : एक भन्दा बढी कृषक परिवारको साझा स्वामित्व रहेको कृषि औजार तथा मेसिनरी यसमा पर्दछन् । तर, कृषक परिवार सदस्य रहेको संस्थाबाट लिएर

स्थायी रुपमा प्रयोग गरेको भए तापनि त्यस्ता मेसिनरी तथा औजार यसमा समावेश गर्नु हुँदैन ।

(ग) जग्गा धनीको स्वामित्व भएको : यसमा कृषक परिवारको निजी वा साझा स्वामित्व नभएको तर जग्गा धनीबाट प्राप्त मेसिनरी तथा औजार पर्दछन् ।

(घ) अन्य स्रोत : कृषक परिवारको निजी वा साझा वा जग्गा धनीको स्वामित्व नभएको तर शुल्क तिरेर वा निशुल्क रुपमा अर्को कृषक परिवार, ठेकेदार, साझा संस्था, सहकारी वा सरकारी निकायबाट प्राप्त गरेको मेसिन तथा औजारहरु यस शीर्षकमा पर्दछन् ।

गैर आवासीय भवन

५.७६ भवन (घर) भन्नाले - सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नका लागि वा पशुपक्षी राख्नका लागि वा बाली थन्क्याउनका लागि बनाइएको संरचनालाई बुझाउँछ ।

५.७७ कृषि गणना सन्दर्भमा गैर आवासीय भवन अन्तरगत मानिस मात्र बस्न प्रयोग भएको घर वाहेक कृषि कार्यका लागि प्रयोग भएका भवनहरुलाई गैर आवसीय भवन अन्तरगत पार्नु पर्दछ, जस्तैः गोठ, गोदाम घर, तवेला, कृषिका लागि प्रयोग भएको कार्यालय भवन आदि । एउटै भवन कृषि कार्यको साथै आवास र अन्य कार्यमा पनि प्रयोग भएको भए सो भवन मुख्य रुपमा कुन कार्यका लागि प्रयोग भएको हो छुटयाई कृषि कार्यको लागि प्रयोग भएको भए मात्र यसमा गणना गर्नु पर्दछ । कुनै कृषकको एउटा मात्र घर छ र सो घर आवास र कृषि कार्य दुबैको लागि प्रयोग गरेको भए गैर आवासीय भवन अन्तरगत राख्नु हुँदैन । गैर आवासीय भवन निम्न लिखित कृषि सम्बन्धी कार्यका लागि प्रयोग भएको हुन सक्छ ।

(क) चौपायाका लागि (चराचुरुङ्गी वाहेक) : यसमा घर पालुवा चौपायाका लागि प्रयोगमा ल्याइएका गोठ, तवेला आदि पर्दछन् ।

(ख) चराचुरुङ्गीको लागि : यसमा पाल्तु चराचुरुङ्गीका लागि बनाइएका भवन पर्दछन् ।

(ग) बाली थन्क्याउनको लागि : बाली थन्क्याउनको लागि प्रयोगमा ल्याइएका भकारीहरु, धन्सार आदि राखिएका भवनहरु यसमा पर्दछन् ।

(घ) अन्य विभिन्न कार्यको लागि : माथि उल्लेखित प्रयोजन बाहेक अन्य विविध कृषि कार्यका लागि प्रयोगमा ल्याइएका भवनहरु जस्तै : कृषि औजार र साधन राख्न प्रयोग गरिएको भवन यसमा पर्दछन् ।

५.७८ गैर आवासीय भवनको स्वामित्व : यसले कृषिकार्यको लागि प्रयोग गरिएको गैर आवासीय भवनको स्वामित्व अथवा अधिकार कसमा निहित छ भन्ने कुरा बुझाउँछ ।

(क) आफ्नै स्वामित्व : कृषक परिवारको आफ्नै हकमा रहेका भवन यस अन्तरगत पर्दछ ।

(ख) बहालमा लिएको : कृषक परिवारले आफ्नो कृषि प्रयोजनको लागि भाडा तिर्ने गरी चलन गरेको अरुको हकका भवनहरु यसमा पर्दछन् ।

(ग) अन्य शर्तमा लिएको : कृषक परिवारले आफ्नो प्रयोगको लागि आफ्नो स्वामित्व पनि नभएको र भाडा पनि नलिई अन्य कुनै प्रकृयाबाट प्राप्त गरेको भवनहरु पर्दछन्, जस्तैः घर धनीको सहायताले भाडा नतिर्ने शर्तमा लिएका भवन, कानुनी वाद विवाद परेको तर प्रयोग गरिरहेको भवन आदि ।

बनबनेलो तथा मत्स्य पालन

५.७९ यसमा कृषि कार्यको रुपमा कृषि चलन भित्र गरिएको माछा पालन र हुर्काइएको बनबनेलो पर्दछन् ।

माछा पालन

५.८० चलन गरेको जग्गा भित्र पोखरी बनाई अथवा खेतमा माछा पालिएका छन् भने यस अन्तरगत पर्दछ । धान खेत वा पोखरी बाहेक अन्यत्र पनि माछा पालन गरिएको भए पनि यस अन्तरगत नै पर्दछ ।

कृषि ऋण

५.८१ कृषकहरुले कृषि ऋण विभिन्न प्रयोजनका लागि लिएका हुन्छन्, जस्तैः उन्नत बीउ, रासायनिक मल, कृषि औजार आदि खरिद गर्न तथा पशुपक्षी पालनका लागि वा माछा पालनका लागि । ऋण सम्बन्धी प्रश्नमा कृषकले ऋण लिएको छ छैन, ऋणको श्रोत तथा ऋणको आवश्यकता र प्रयोजन सम्बन्धी जानकारी लिन खोजिएको हो । ऋण विभिन्न श्रोतबाट प्राप्त भएको हुन सक्दछ ।

विविध

५.८२ यस खण्डमा खाद्यान्नको पर्याप्तता सम्वन्धी कुराहरु सोध्ने प्रावधान छ। आफ्नो कृषि चलनवाट मात्र भएको आम्दानीले वर्षै भरी कृषक परिवारलाई खान पुग्यो पुगेन भन्ने कुरा सोध्नु पर्दछ। आफ्नै कृषि चलनवाट भएको आम्दानी भन्नाले आफ्नो परिवारले गरेको खेतीपाती (अन्न, तरकारी, फलफूल खेती आदी) वा पशुपक्षी पालन वा माछापालन बाट आर्जन गरेको आम्दानीलाई बुझाउँछ। जस्तैः कुनै कृषकले आफूले पालेको भैँसीको दूध वेचेर वा आफूले लगाएको तरकारी बेचेर वा आफूले पालेको पशुपक्षी बेचेर सो बाट भएको आम्दानी बाट आफ्नो परिवारलाई वर्षै भरी खुवाउन पर्याप्त हुन्छ भने उक्त कृषि चलनलाई वर्षै भरी खान पुग्नेमा गणना गर्नु पर्दछ। कुनै कृषक परिवारलाई आफ्नै कृषि चलनवाट मात्र भएको आम्दानीले वर्षै भरी खान पुगेको थिएन भने कति महिनालाई खान नपुगेको हो सोधी महिना उल्लेख गर्नु पर्दछ। नपुग महिनाको लागि कृषक परिवारले कुन श्रोत वाट खाद्यान्नको व्यबस्था गर्‍यो सोधी खुलाउनु पर्दछ।

५.८३ नपुग महिनाको लागि कृषक परिवारले खाद्यान्न आपूर्ति गर्ने श्रोत निम्न अनुसार खुलाउनु पर्दछ।

(क) **ऋण लिएर** - कृषक परिवारले आफ्नो परिवारलाई खुवाउनको लागि अरुवाट ऋणको रुपमा वा सरसापट आदि वाट लिएको नगद वा जिन्सी यस अन्तरगत पर्दछ।

(ख) **तलव/ज्याला** - यस अन्तरगत कृषक परिवारको कुनै सदस्यले स्थायी वा अस्थायी रुपमा कुनै सरकारी वा गैरसरकारी संस्थामा नोकरी गरेर वा अन्य स्थानमा ज्याला मजदुरी गरेर आर्जन गरेको आम्दानी पर्दछ। यस्तो तलव/ज्यालाको काम आफ्नो जिल्ला भित्र वा आफ्नो जिल्ला वाहिर तर देश भित्र वा देश वाहिर गई गरेको हुन सक्दछ।

(ग) **अन्य** - यस अन्तरगत कृषक परिवारले ऋण र तलव/ज्याला बाहेक अन्य कुनै श्रोत (जस्तैः उद्योग, ब्यापार) वाट भएको आम्दानी पर्दछ।

अनुसूची १

जिल्ला अनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर

जिल्ला		एक माना धानको बिजन बराबर	एक माना मकैको बिजन बराबर
1	ताप्लेजुङ्ग	0.0820	0.3430
2	पाँचथर	0.0820	0.3430
3	इलाम	0.0890	0.3900
4	झापा	0.0890	0.3900
5	मोरङ्ग	0.0570	0.3900
6	सुनसरी	0.0570	0.3900
7	तेह्रथुम	0.0570	0.3850
8	धनकुटा	0.0810	0.3200
9	संखुवासभा	0.0810	0.3200
10	भोजपुर	0.0620	0.3900
11	सोलुखुम्बु	0.0625	0.5695
12	ओखलढुङ्गा	0.0625	0.3280
13	खोटाङ्ग	0.0620	0.3900
14	उदयपुर	0.0630	0.3850
15	सप्तरी	0.0630	0.3850
16	सिराहा	0.0630	0.3850
17	धनुषा	0.0610	0.3630
18	महोत्तरी	0.0610	0.3630
19	सर्लाही	0.0610	0.3630
20	सिन्धुली	0.0610	0.3630
21	रामेछाप	0.0470	0.3440
22	दोलखा	0.0625	0.5695
23	सिन्धुपाल्चोक	0.0547	0.3281
24	काभ्रेपलाञ्चोक	0.0700	0.3600
25	ललितपुर	0.0800	0.3300
26	भक्तपुर	0.0700	0.3600
27	काठमाण्डौ	0.0780	0.3050
28	नुवाकोट	0.0780	0.3050
29	रसुवा	0.0625	0.2810
30	धादिङ्ग	0.0625	0.2810
31	मकवानपुर	0.0800	0.3300
32	रौतहट	0.0800	0.3300
33	बारा	0.0800	0.3300
34	पर्सा	0.0800	0.3300
35	चितवन	0.0800	0.3300
36	गोरखा	0.0900	0.3450
37	लमजुङ्ग	0.0900	0.2770
38	तनहुँ	0.1070	0.2320

जिल्ला		एक माना धानको बिजन बराबर	एक माना मकैको बिजन बराबर
39	स्याङ्गजा	0.0900	0.2700
40	कास्की	0.1070	0.1880
41	मनाङ्ग	0.0900	0.2770
42	मुस्ताङ्ग	0.0750	0.2950
43	म्याग्दी	0.0750	0.2950
44	पर्वत	0.0900	0.2700
45	वाग्लुङ्ग	0.0750	0.2950
46	गुल्मी	0.780	0.3480
47	पाल्पा	0.0770	0.3210
48	नवलपरासी	0.0770	0.3210
49	रुपन्देही	0.0770	0.3210
50	कपिलबस्तु	0.0780	0.0780
51	अर्घाखाँची	0.0780	0.3480
52	प्यूठान	0.0690	0.3440
53	रोल्पा	0.0770	0.2700
54	रुकुम	0.0770	0.2700
55	सल्यान	0.0770	0.2700
56	दाङ्ग	0.1070	0.2320
57	बाँके	0.1070	0.2320
58	बर्दिया	0.1070	0.2320
59	सुर्खेत	0.1070	0.2320
60	दैलेख	0.1070	0.2320
61	जाजरकोट	0.0770	0.2700
62	डोल्पा	0.0600	0.2500
63	जुम्ला	0.0600	0.2500
64	कालिकोट	0.0600	0.2500
65	मुगु	0.0600	0.2500
66	हुम्ला	0.0600	0.2500
67	बाजुरा	0.0600	0.2500
68	बझाङ्ग	0.0600	0.2500
69	अछाम	0.0600	0.2500
70	डोटी	0.0600	0.2500
71	कैलाली	0.0600	0.2500
72	कन्चनपुर	0.0810	0.2600
73	डँडेलधुरा	0.0810	0.2600
74	बैतडी	0.0600	0.2300
75	दार्चुला	0.0600	0.2300

अनुसूची २
बिजन एकाइमा आएको क्षेत्रफललाई रोपनीमा रुपान्तर गर्ने तरिका

लगत नं. १ (क) को प्रयोग

१ अधिराज्यका कतिपय जिल्लाहरुमा कृषकहरु आफूले चलन गरेको जग्गाको क्षेत्रफल रोपनी वा बिघा मा नभनेर धानको बिजन र मकैको बिजनमा भन्ने गर्दछन् भने कतिपय कृषकले चाहिँ कुनै कित्ताको क्षेत्रफल धानको बिजनमा, कुनै कित्ता मकैको बिजन मा र कुनै कित्ताको रोपनी वा बिघामा समेत बताउँदछन् । यस परिस्थितिमा लगत नं. १ को महल-४ र ५ भर्नु अगाडि लगत नं. १ (क) भर्नु पर्दछ ।

२ लगत नं १ (क) भर्ने तरिका र बिजन एकाइबाट रोपनीमा क्षेत्रफल रुपान्तर गर्ने तरिका तलको उदाहरणमा देखाइएको छ:

(१) कुनै कृषकले चलन गरेको कुल जग्गाको क्षेत्रफल यस प्रकार रहेछ :
४ पाथी ५ माना धानको बीउ लाग्ने जग्गा र ३ पाथी ५ माना मकैको बीउ लाग्ने जग्गा । यी आँकडालाई सर्वप्रथम हामीले लगत नं. १ (क) को महल-४ र ५ मा निम्न प्रकार भर्नु पर्दछ ।

बिजन					
धान			मकै		
४			५		
०	४	५	०	३	५

(नोटः महल-४ अथवा ५ अन्तगर्त पहिलो महलमा मुरी, दोस्रो महलमा पाथी र तेस्रो महलमा माना लेख्नु पर्दछ ।)

(२) यहाँ, धान र मकैको बिजनमा दिइएको क्षेत्रफललाई रोपनीमा रुपान्तर गर्नु पर्ने भएको छ । क्षेत्रफल रोपनीमा रुपान्तर गरिने भएकोले लगत नं १ (क) को एकाइको महल-६ मा २ लेख्नु पर्दछ । ४ र ५ को आँकडालाई सर्वप्रथम मानामा लैजानु पर्दछ ।

महल-४ चार पाथी पाँच माना धान = (४× ८) + ५ = ३७ माना धान

महल-५ तीन पाथी पाँच माना मकै = (३ × ८) + ५ = २९ माना मकै

(यो जग्गा ताप्लेजुङ्ग जिल्लाको भनी मानिएको खण्डमा, रुपान्तर यस प्रकार हुन्छ : १ माना धान = ०.०८२० रोपनी र १ माना मकै = ०.३४३० रोपनी)

अब, महल-४ को ३७ माना धान = (३७ × ०.०८२०) रोपनी = ३.०३४ रोपनी

महल-५ को २९ माना मकै = (२९ × ०.३४३०) रोपनी = ९.९४७

महल-४ र ५ को जम्मा = (३.०३४ + ९.९४७) रोपनी

= १२.९८१ रोपनी

(३) अब, महल-४ र ५ को जम्मा १२.९८१ रोपनीलाई रोपनी, आना र पैसामा रुपान्तर गरी लगत नं. १(क) को महल-८ मा लेख्नु पर्दछ । महल-८ अन्तरगतको पहिलो महलमा रोपनी, दोस्रो महलमा आना र तेस्रो महलमा पैसा लेख्नु पर्दछ ।

(नोटः महल-४ र ५ को जम्मा महल-७ मा लेख्ने हैन)

(४) १२.९८१ रोपनीलाई रोपनी आना र पैसामा रुपान्तर गर्ने विधि :

(क) १२.९८१ को दशमलव अगाडिको अङ्क १२ लाई रोपनीको (महल-८ अन्तरगतको पहिलो महल) महलमा लेख्ने ।

(ख) दशमलव पछाडिको अङ्क ०.९८१ लाई अब आनामा लग्नु पर्दछ। यसो गर्न ०.९८१ लाई १६ ले गुणन गर्ने (१६ × ०.९६१ = १५.६९६) र दशमलव अगाडिको अङ्कलाई आनामा लेख्नु पर्छ।

(ग) दशमलव पछाडिको अङ्क ०.६९६ लाई पैसामा लैजान ४ ले गुणन गर्नु (१ आना = ४ पैसा) पर्छ। तसर्थ ०.६९६ आना = (०.६९६ × ४) पैसा = २.७८४ पैसा = ३ पैसा भयो।

(घ) यसरी, लगत नं. १ (क) को ४ महलको | ० | ४ | ५ | र ५ महलको | ० | ३ | ५ | लाई रोपनी, आना र पैसामा रुपान्तर गरी लगत नं. १ (क) को महल-८ मा लेख्दा निम्नानुसार हुन आउँदछः

८		
१२	१५	३

अब, यो लगत नं. १ (क) को महल-८ महलमा लेखिएको क्षेत्रफललाई सम्बन्धित कृषकको लगत नं. १ को महल-५ मा लेख्नु पर्दछ।

(५) यदि माथि उदाहरणमा कृषकले आफूले चलन गरेको केही कित्ताको क्षेत्रफल रोपनीको एकाइमा पनि बताएको भए लगत नं. १ (क) मा अङ्क यस प्रकार भर्नु पर्दछ :

धान			मकै			एकाइ				
४			५			६	७			८
०	४	५	०	३	५	२	२	५	२	....

अब, महल-४, ५ र ६ को रुपान्तरित एक मुष्ठ जोड महल-८ मा लेख्नु पर्छ।
महल-४ र ५ को रुपान्तर माथि ३ र ४ मा उल्लेख विधि अनुरुप गर्ने जस अनुसार १२ रोपनी १५ आना ३ पैसा हुन आउँछ। यो क्षेत्रफललाई अब महल-७ मा दिएको क्षेत्रफल २ रोपनी ५ आना २ पैसासँग जोड्नु पर्दछ।

१२ रोपनी १५ आना ३ पैसा
+ २ रोपनी ५ आना २ पैसा
१५ रोपनी ५ आना १ पैसा

जस अनुसार १५ रोपनी ५ आना १ पैसा हुन आउँछ। अब यो क्षेत्रफलाई लगत नं. १ (क) को महल-८ मा लेख्नु पर्दछ।

८		
१५	५	१

यस पछि माथि ४ (घ) मा उल्लेख भए अनुसार लगत नं. १ (क) को महल-८ मा लेखिएको क्षेत्रफललाई लगत नं. १ को महल-५ मा सार्नु पर्दछ।

अनुसूची ३

तराई, पहाड र हिमाली क्षेत्रका जात/जाति र थरहरुको केही उदाहरण निम्नानुसार दिइएको छ -

जात/जाति	थरहरु
तराई क्षेत्र	
क. यादव	१. अहिर २. बरबरिया ३. बसियन्त ४. घुरेल ५. भगत ६. चौधरी ७. दास ८. गोप ९. गोपाल १०. गुरमेत ११. यादव १२. राउत १३. सिंह १४.गोईत १५. राय १६. मंडर १७. मर्वेता
ख. कुम्हार	१. पण्डित
ग. कायस्थ	१. कर्ण २. सिन्हा ३. सहाय ४. श्रीवास्तव ५. कठारी ६. मंशी ७. बच्चन ८. मल्लिक ९. बर्मा १०. कंठ ११. दास १२. लाल १३. सुमन १४. लाभ
घ. राजभर	१. चौधरी २. बर्मा ३. सिंह ४. मंण्डल ५. सिन्हा ६. राय
ङ. वनिया	१. शाह २. गुप्ता ३. दास
च. धोबी	१. धोबी २. वैढा ३. रज ४. राजधोबी
छ. सुँडी	१. महतो २. चौरसिया ३. पंजियार ४. मण्डल ५. गामी ६. महासेठ ७. हात्ती ८. गाई ९. नायक १०. पूर्वे ११. कापड १२. गुप्ता
ज. कलवार	१. जैसवाल २. जयसार ३. कलवार ४. चौधरी ५. प्रसाद ६. शाह ७. गुप्ता
झ. कानू	१. शाह २. गुप्ता ३. कानू
ञ. कुर्मी	१. कापड २. शाह ३. कापडी ४. कुर्मी ५. सिंह ६. जेसवार ७. पटेल ८. राउत ९. मण्डल १०. महतो
ट. भूमिहार	१. पाण्डे २. सिन्हा ३. ओझा ४. पाठक ५. तिवारी ६. राय ७. सिंह ८. ठाकुर ९. शर्मा
ठ. ब्राम्हण (तराई)	१.वर्मा २. शर्मा ३. भट्टाचार्य ४. त्रिवेदी ५. बङ्गोपाध्याय ६. चट्टोपाध्याय ७. चतुरवेदी ८. त्रिपाठी ९. चौधरी १०. दुबे ११. पाठक १२. झा १३. मिश्र १४. उपाध्याय १५. ओझा
ड. राजपूत	१. पाण्डे २. ठाकुर ३. राना ४. राठौर ५. सिंह ६. राव
ढ. थारु	१. कठरीया २. खाँ ३. विश्वास ४. राजी ५. खवास ६. चौधरी ७. परिहार ८. सौलीरया ९. जोगी १०. दनुवार ११. राजधरियार १२. माहेउता १३. कन्फटा १४. माझी १५. महन्त १६. बाँढ १७. रोतार १८. खस १९. भगत २०. मैदनिया २१. पंजियार
ण. तेली	१. शाह २. गुप्ता
त. कुशवाहा	१. कुशवाहा २. कोइरी ३. महतो ४. मेहता ५. सिंह ६. सिंहा ७. मौर्य ८. मुराव ९. बर्मा
पहाडी क्षेत्र	
क. ब्राह्मण (पहाड)	१. अर्याल २. आचार्य ३. अधिकारी ४. बराल ५. बास्कोटा ६. विष्ट ७. भट्टराई ८. भण्डारी ९. पोखरेल १०. वाग्ले ११. ढकाल १२. ढुंगेल १३. धिताल १४. देवकोटा १५. ज्ञवाली १६. घिमिरे १७. जोशी १८. खरेल १९. खनाल २०. कोइराला २१. उपाध्याय २२. रेग्मी २३. पण्डित
ख. क्षेत्री	१. वानियाँ २. बुढाथोकी ३. बर्मा ४. वि.सी. ५. बोहरा ६. डाँगी ७. घर्ती क्षेत्री ८. हमाल ९. खत्री क्षेत्री १०. खड्का ११. खडायत १२. खस १३. कार्की १४. खवास १५. कुंवर १६. महत १७. रायमाझी १८. राठौर १९. रानाभाट २०. सिजापति २१. थापा
ग. ठकुरी	१. चन्द २. मल्ल ३. पाल्पाली ४. शाह ५. सेन ६. सिंह ७. शाही ८. ठकुरी
घ. सन्यासी	१. गिरी २. पुरी ३. भारती ४. सन्यासी ५.वन ६.महन्त
ङ. नेवार	१. अमात्य/महाजू २. बल्ल ३. बुद्धाचार्य, बज्राचार्य ४. चित्रकार ५. डंगोल, महर्जन ६. धाख्वा ७. हाडा ८. जोशी ९. कर्माचार्य १०. कायस्थ ११. मल्ल १२. मास्के १३. मानन्धर १४. मुल्मी १५. प्रधान १६. राजभण्डारी १७. सैँजू १८. शाक्य १९. श्रेष्ठ २०. तुलाधर २१. देवभण्डारी २२. सुवाल २३. प्रजापती २४. सिंह २५. ताम्राकार २६. आवाले २७. भुजू
च. लिम्बु	१. आङचुवा २. आङदम्बे ३. इङनाम ४. इसिवू ५. केबुहाँग ६. कामबाँग ७. खापुंग ८. खेवा ९. चिल्लेव १०. जबेगु ११. याँदेन १२. थुम्मोको १३. थेबे १४. थोप्रा १५. थोर्लेग १६. फुदोङ १७. फेदाप १८. फेन्दुवा १९. मादेन २०. लावती

जात/जाति	थरहरु
छ. राई	१. आठपगरे २. कुलुंग ३. धुम ४. चामलिंग ५. छिगताग ६. थुलुंग ७. दुमी ८. नावकोङ ९. देवसा १०. बगले ११. वाङदेल १२. वान्तवा १३. याम्फू १४. रुंगहाँग १५. साल्टेन १६. रुम्दाली १७. रोदोङग १८. सोकाप १९. सीतांग २०. सोदेङ्गल
ज. गुरुङ	१. लामिछाने २. पोजो ३. लामा ४. काप्रे ५. चुंगीलामा ६. छिनेलामा ७. उतुला ८. धिमाल ९. लोक्य १०. छोर्मी ११. दलामे १२. घले १३. तोलामे १४. आले १५. पोम १६. घिमिआरु १७. श्रेगीलामा १८. पैगीलामा
झ. थकाली	१. भट्टचन २. गौचन ३. हिराचन ४. शेरचन ५. तुलाचन
ञ. तामाङ	१. कमाँवा २. ग्लामा ३. पाखिन ४. घिसिंग ५. डारेदेना ६. ध्यापा ७. बमजन ८. गोनदान ९. मोक्तान १०. योञ्जन ११. ग्रन्दन १२. धवा १३. थिङ १४. मान्देन १५. सिङदेन १६. भेमसिङ १७. लोपचना १८. ब्लोन १९. वाइवा २०. श्याङम्बो
ट. मगर	१. आले २. रवुलाल ३. पुन ४. राना ५. थापा
हिमाली क्षेत्र	
क. शेर्पा	१. गार्जा २. गोपर्मा ३. डावा ४. नैजुवा ५. पाङकर्मा ६. पाल्दोर्जे ७. पेनाकपा ८. मेन्दे ९. मौपा १०. रोङ शेर्वा ११. लामा १२. शागुप १३. शेपा १४. सदाका १५. एनासा १६. छुशुर्वा १७. चियावा १८. गाले १९. पाङदोजे २०. थाक्टू

विभिन्न जात/जातिमा पाइने समान थरका केही उदाहरण -

	थर		जात/जाति
क.	साह	-	बनियाँ, कानू
ख.	शाह	-	तलबार, कुरी, तेली, कुर्मी
ग.	सिन्हा	-	कायस्थ, राजभर, भूमिहार
घ.	सिंह	-	राजपूत, कुरी, भूमिहार, कुर्मी, राजभर, यादव
ङ.	गुप्ता	-	बानियाँ, सुडी, कलवार, कानू, तेली
च.	शर्मा	-	भूमिहार, ब्राह्मण (तराई)